# एक दिन : चार युग

(खण्ड काव्य)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय

नेपाली विषय, स्नातकोत्तर तह (शैक्षिक वर्ष २०७३–२०७४)

समूह प्राइभेट तर्फ दशौँ पत्रको प्रयोजनका

निमित्त प्रस्तुत

सिर्जनापत्र

प्रस्तोता

देशबहादुर राई

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

२०८१

त्रिभुवनविश्वविद्यालय

नेपाली केन्द्रीयविभाग

स्नातकोत्तर तह (२०७४-२०७६) समूहप्राइभेटतर्फ

दशौँपत्रको प्रयोजनकानिमित्त प्रस्तुत

सिर्जनात्मक लेखन

देशबहादुर राई

सिम्बोल नंम्बर ९६२००७७

त्रि.वि. दर्ता नं. ४०५०१-९४

# एक दिन : चार युग

(खण्डकाव्य)

निर्देशक

सहप्राध्यापकदुर्गा घर्ती मगर

नेपाली केन्द्रीयविभाग

त्रिवि, कीर्तिपुर

काठमाडौँ नेपाल

२०८१

# सिर्जनापत्र निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि छात्र श्री देशबहादुर राईले तयार पार्नुभएको *एक दिन : चार युग* शीर्षकको खण्डकाव्य सिर्जनापत्रबाट म सन्तुष्ट छु । आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

....................................

मिति : २०८१/०३/२७

सह-प्रा.डा. दुर्गाबहादुर घर्ती

सिर्जनापत्र निर्देशक

# त्रिभुवन विश्वविद्यालय

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह (प्राइभेट) दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनको लागि शोधार्थी श्री देशबहादुर राईले तयार पार्नुभएको *एक दिन : चार युग* शीर्षकको सिर्जनापत्र स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

प्रा.डा. कृष्णप्रसाद न्यौपाने ..................................

**(विभागीय प्रमुख)**

सह-प्रा.डा. दुर्गाबहादुर घर्ती ..................................

**(शोधनिर्देशक)**

सह-प्रा.डा. साधना पन्त 'प्रतीक्षा' ..................................

**(बाह्य परीक्षक)**

मिति : २०८१/०३/२८

(ग)

# कृतज्ञताज्ञापन

प्रस्तुत *एक दिन : चार युग* शीर्षकको खण्डकाव्य नेपाली स्नातकोत्तर तह, द्वितीय वर्षअन्तर्गत दशौँ पत्रको प्रयोजनका लागि तयार गरिएको सिर्जनापत्र हो । यस कार्य गर्ने अवसर पाउँदा म अत्यन्त हर्षित छु । यस कार्य गर्न स्वीकृति प्रदान गर्नुहुने नेपाली विभागका विभागीय प्रमुखप्रति आभारी छु । प्रस्तुत सिर्जनापत्रलाई यस रूपमा ल्याइपुऱ्याउन यस सिर्जनापत्रका निर्देशक श्रद्धेय गुरुवर सहप्राध्यापक डा. दुर्गाबहादुर घर्तीज्यूको सराहनीय सहयोग र प्रेरणा रहेको छ । उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मलाई सिर्जनापत्र लेखनका लागि प्रेरित गरिरहने र आवश्यक सल्लाहसुझाव दिनुहुने गुरुहरूप्रति आभारी छु । त्यसैगरी सल्लाहसुझावका साथै आवश्यक सामग्री उपलब्ध गराएर सहयोग गर्ने सहृदयी मित्रहरूलाई धन्यवाद दिन्छु । मलाई यस कार्य गर्न सधैँ हौसला दिनुहुने सुपरभिजन इङ्गलिस स्कूलका शिक्षक श्री किरण घिमिरेलाई पनि हार्दिक धन्यवाद प्रकट गर्दछु । सिर्जनापत्र तयार गर्ने क्रममा घरव्यवहारका सबै जिम्मेवारी वहन गरी सहयोग गर्ने मेरी श्रीमती मित्रकला राईलाई पनि धन्यवाद दिन्छु ।

त्यसैगरी सिर्जनापत्र तयार गर्ने क्रममा पुस्तक तथा शोधपत्र उपलब्ध गराइदिने नेपाली केन्द्रीय विभागको पुस्तकालयलाई धन्यवाद दिन्छु । सिर्जनापत्र शुद्धसँग टङ्कन गरिदिने हर्कलाई पनि साधुवाद छ ।

अन्त्यमा, आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागसमक्ष  यो सिर्जनापत्र पेस गर्दछु ।

मिति : २०८१/०३/२७

**देशबहादुर राई**
(प्राइभेट)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय कीर्तिपुर
काठमाडौँ

# विषयसूची

## पहिलो परिच्छेद
## सिर्जना परिचय


| | |
|---|---|
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | १ |
| १.३ सिर्जनापत्रको उद्देश्य | २ |
| १.४ सिर्जनाको औचित्य | २ |
| १.५ सिर्जनाको सीमाङ्कन | २ |
| १.६ सिर्जनाविधि | २ |
| १.६.१ सामग्री सङ्कलनविधि | ३ |
| १.६.२ सिर्जनालेखन विधि | ३ |
| १.७ सिर्जनापत्रको रूपरेखा | ४ |


## दोस्रो परिच्छेद
## खण्डकाव्यको सैद्धान्तिक परिचय तथा नेपाली खण्डकाव्यको विकासक्रम


| | |
|---|---|
| २.१ विषयप्रवेश | ५ |
| २.२ खण्डकाव्यको परिचय | ५ |
| २.३ खण्डकाव्यको स्वरूप र परिभाषा | ६ |
| २.३.१ खण्डकाव्यसम्बन्धी पूर्वीय मान्यता | ६ |
| २.३.२ खण्डकाव्यसम्बन्धी पाश्चात्य मान्यता | ८ |
| २.४ खण्डकाव्यको तत्त्व | १० |
| २.४.१ वर्ण्यविषय | ११ |
| २.४.२ लयविधान | ११ |
| २.४.३ भाषाशैली | १२ |
| २.४.४ कथनपद्धति | १२ |
| २.४.५ उद्देश्य | १२ |
| २.५ खण्डकाव्यको प्रकार | १३ |
| २.५.१ वर्ण्यविषयका आधारमा | १३ |
| २.५.२ लयविधानका आधारमा | १४ |
| २.५.३ कथनपद्धतिका आधारमा | १४ |
| २.५.४ उद्देश्यका आधारमा | १४ |
| २.६ नेपाली साहित्यमा खण्डकाव्यको विकास-प्रक्रिया | १५ |
| २.६.१ नेपाली खण्डकाव्यको पृष्ठभूमि | १७ |

२.६.२ प्राथमिक काल (वि.सं. १८२६-१९४०) १७
२.६.३ माध्यमिक काल (वि.सं. १९४१-१९७२) २२
२.६.४ आधुनिक काल (वि.सं. १९७३ - हालसम्म) २६
(क) परिष्कारवादी धारा (वि.सं. १९७३- १९९०) २७
(ख) स्वच्छन्दवादी धारा (वि.सं. १९९१-२०१६) २९
(ग) प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९) ३१
(घ) समसामायिक धारा (वि.सं. २०३० देखि हालसम्म) ३२
२.७ निष्कर्ष ३४

## तेस्रो परिच्छेद

## पाँच जना नेपाली सुपरिचित खण्डकाव्यकार र तिनका खण्डकाव्य

३.१ विषयप्रवेश ३५
३.२ लेखनाथ पौड्याल र उनको *गंगावतरण* खण्डकाव्य ३५
३.३ लक्ष्मीप्रसाद देवकोटा र उनको *मुनामदन* खण्डकाव्य ३८
३.४ माधव घिमिरे र उनको *राष्ट्रनिर्माता* खण्डकाव्य ३९
३.५ वासुदेव त्रिपाठी र उनको *अर्द्धनारीश्वर* ४२
३.६ कञ्चन पुडासैनी र उनको *प्रत्यागमन* ४४
३.७ निष्कर्ष ४६

## चौथो परिच्छेद

## *एक दिन : चार युग* खण्डकाव्य

४.१ परिचय ४८
४.२ भाग - १ (सत्ययुग) ४९
४.३ भाग - २ (त्रेतायुग) ५८
४.४ भाग - ३ (द्वापरयुग) ६८
४.५ भाग - ४ (कलियुग) ७८

## पाँचौं परिच्छेद

## सारांश तथा निष्कर्ष

५.१ सारांश ८५
५.२ निष्कर्ष ८५
सन्दर्भ सामग्रीसूची ८७

## संकेत सूची

| | |
|---|---|
| सा.प्र. | साझाप्रकाशन |
| प्रा. | प्राध्यापक |
| डा. | डाक्टर |
| सं. | सम्पादक |
| ने. रा. प्र. प्र. | नेपाल राजकीयप्रज्ञाप्रतिष्ठान |
| पृ.स. | पृष्ठ सङ्ख्या |
| त्रि.वि. | त्रिभुवनविश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| ते.सं./तृ.सं. | तेस्रो संस्करण/तृतीय संस्करण |
| चौ.सं. | चौथो संस्करण |

## कृतज्ञता - ज्ञापन

नेपाली स्नातकोत्तर तहद्वितीयवर्षअन्तर्गत दशौँ पत्रमासिर्जनात्मक लेखनको आवश्यकता परिपूर्तिका लागि रचित यस **एक दिन : चार युग**शीर्षक खण्डकाव्यलाई त्रि.वि. केन्द्रीय नेपालीविभागमा प्रस्तुत गर्ने अवसर पाउँदा म अत्यन्तहर्षविभोर छु ।

प्रस्तुतसिर्जनालाई यस रूपमाल्याईपुऱ्याउन मेरो लेखन निर्देशनश्रद्धेय गुरुवर सह प्राध्यापकदुर्गा घर्तीमगरज्यूको सराहनीय सहयोग र प्रेरणा रहेको छ । यसकालागिश्रद्धेय गुरुवरप्रतिहार्दिक आभार व्यक्तगर्दै श्रद्धासुमन टर्क्याउँदछु । मेरो यस कार्यमा विविध कारणले ढिलो भएको बेला सल्लाह, सुझाव र उचितवातावरणमिलाइदिई निरन्तर सहयोग गरिदिनुहुने थुप्रै सह्दयीगुरुहरु र मित्रहरूप्रति म नतमस्तक छु ।अन्त्यमा, नेपाली केन्द्रीयविभागत्रि.वि.समक्ष मेरो यो प्रयास प्रस्तुतगर्दै आवश्यकमूल्याङ्कनकालागिहार्दिक अनुरोध गर्दछु ।

मिति२०८१।३।२३

देशबहादुर राई
नेपाली केन्द्रीयविभाग
त्रिविकीर्तिपुर काठमाडौँ

विषय सूची


**क. पृष्ठभूमिखण्ड**

| | |
|---|---|
| **१.१. पहिलो परिच्छेद** | १ |
| १.२. उद्देश्य समस्याकथन | १ |
| १.२.१. नेपालीखण्डकाव्य | १ |
| १.२.२ सिर्जनापत्र | १ |
| १.३. सिर्जनाको उद्देश्य | २ |
| १.४. सिर्जनाको औचित्य | २ |
| १.५. सिर्जनाको सीमाङ्कन | २ |
| १.६. सिर्जनाविधि | २ |
| १.६.१. सामग्री सङ्कलनविधि | २ |
| १.६.२. सिर्जनालेखन विधि | ३ |
| १.७. सिर्जनापत्रको रुपरेखा | ३ |
| **२.सिर्जनालेखन** | ४ |
| २.१शीर्षक | ४ |
| २.२. संरचना | ४ |
| २.३. लयविधान - | ५ |
| २.४. भाषाशैली | ५ |
| २.५. कथनपद्धति | ६ |
| २. ६. केन्द्रीयकथन छ कथ्यवायसका सन्दर्भ सामग्रीतथाभावविधान - | ६ |
| २.७. विम्बविधानतथाअन्यअलङ्कार | ६ |
| २. ८. विधागतरूपतथाआयाम | ७ |

**(ख) सिद्धान्तखण्ड**

**दोस्रो परिच्छेद**

**२. खण्डकाव्यको सैद्धान्तिक परिचय र नेपालीखण्डकाव्यकाविकासक्रम** ८

२.१सिर्जनात्मक लेखन सम्बन्धीनामदर्ता रअध्ययन ८

२.२सिर्जनालेखनकालागिखण्डकाव्यको चयन ९

२.३. कविता - काव्यसिद्धान्त १०

२.४. साहित्यको परिभाषा ११-१३

३.५. कवितासम्वन्धीपूर्वीय मान्यता १४-१५

२.६. कवितासम्बन्धीपाश्चात्यमान्यता १६

२.७नेपालीविद्वानका दृष्टिमाकविता १७-१८

२.८. कविताकाप्रमुखतत्वहरू १९

२.९. कविताकाविभिन्न रूप र आयाम २१-२२

२.१०कविताको मझौला रूपखण्डकाब्य २३

२.१०.१आकारप्रकार २३

२.१०.२विषयवस्तुको आयाम २३

२.१०.३. संरचना २४

२.१०.४ आख्यान २४

२.११खण्डकाव्यसम्बन्धीपूर्वीय मान्यता २४-२७

२.१२पश्चिममाखण्डकाव्यको स्थिति २८

२.१२.१गाथा (ब्यालेड) २९

२.१२.२. आख्यानात्मककविता (न्यारेटिभपोइम) ३०

२.१२.३. रोमाञ्चकाव्य (रोमान्स) ३०

२.१२.४गोपकाव्य (मक) ३०

२.१२.५. शोककाव्य (इलेजी) ३०

२.१२.६. लामो कविता (लङ, पोइम) ३१-३२

२.१३.१. अनुभूतिको आरण्यानीकरण ३३

२.१३.२प्रबन्ध- विधान ३४

२.१४खण्डकाव्यकाविशेषताहरु ३५

२. १५. नेपाली साहित्यमाखण्डकाव्यको विकास- ३५-३६

२.१५.१. नेपालीखण्डकाव्यको पृष्ठभूमि - ३७

२.१५.२. प्राथमिककाल (वि.सं.१८२६-१९४०) ३८-४१

२.१५.३. माध्यमिककाल (वि.सं.१९४१-१९७२) ४२-४५

२. १५.४. आधुनिककाल (वि.सं. १९७३ - हालसम्म) ४६-४७

२.१५.४.१. परिष्कारवादीशास्त्रीयधारा (वि. सं. १९७३- १९९०) ४७-४८

२.१५.४.२. स्वच्छन्दवादी-प्रगतिवादीधारा (वि.स.१९९१-२०१६) ४९-५०

२.१५.४.३. प्रयोगवादीधारा (वि.सं. २०१७-२०२९) ५१

२.१५-४.४. समसामायिकधारा (वि. सं. २०३० देखिहालसम्म ) ५२-५३

**३. विवेचना** **५४**

३.१ नेपालीखण्डकाव्यविधामा सुपरिचितपाँचजनाखण्डकाव्यकारहरु र तिनकाखण्डकाव्यहरुको संक्षिप्तविवरण ५४

३.१.१. कविशिरोमणि लेखनाथपौडेल र उनको’गंगावतरण’खण्डकाव्य(२०२२) ५४-५६

३.२.२. खण्डकाव्यकार महाकविलक्ष्मीप्रसाद देवकोटा र उनको ’मुनामदन’खण्डकाव्य १९९१ (परिवर्तित संस्करण २०१५) ५७

३.१.३. राष्ट्रकविमाधवघिमिरे र उनको ’राष्ट्रनिर्माता’खण्डकाव्य २०३३ ५८-६०

३.१.४. कविवासुदेव त्रिपाठी र उनको ’अर्द्धनारीश्वर (खण्डकाव्य) २०३९ ६१

३.१.५. कविकञ्चनपुडासैनी र उनको ’प्रत्यागमन(२०४१) ६२-६३

३.२. खण्डकाव्य सम्बन्धमा मेरो निष्कर्ष ६४

**परिच्छेद चार**

४. खण्डकाव्यखण्ड (एक दिन : चार युग) - ६५

४.१. परिचय ६६

४.२. भाग- १(सत्ययुग) ६६-७४

४.३. भाग - २ (त्रेतायुग) ७५-८५

४.४, भाग - ३ ( द्वापरयुग) ८६-९५

४.५ भाग - ४ (कलियुग) ९६-१०२

सन्दर्भ सूची १०३-१०४

# पहिलो परिच्छेद
# सिर्जनापत्र परिचय

## १.१ विषय परिचय

कविता विधाअन्तर्गत *एक दिन : चार युग* खण्डकाव्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको सत्र प्रणाली स्नातकोत्तर तह दोस्रो वर्षको पाठयसङ्ख्या (५४०) सिर्जना पत्रको प्रयोजन हेतु तयार गरिएको छ । यस अध्ययनमा नेपाली साहित्यको कविता, आख्यान कथा र उपन्यास), नाटक र निबन्ध यी विधाहरूमध्ये कविता विधाको मझौला रूप खण्डकाव्यको चयन गरिएको छ । यसमा नेपाली कविताको सैद्धान्तिक र ऐतिहासिक स्वरूप चिनाउँदै सर्जकका मौलिक रचना गरिएको छ । यो सिर्जना कार्य पूर्ण रूपमा कविता विधाको पद्यलयमा सिर्जित भएको छ ।

सिर्जना नवीन तथा नितान्त मौलिक रचना हुन्छ । यो कार्य प्रतिभा, व्युत्पत्ति अनि साधनाद्वारा रचना गरिएको छ । स्वस्फूर्त हुने मौलिक र कलात्मक अभिव्यक्ति नै सिर्जना हो । यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ । सिर्जना मौलिक लेखन भए पनि यसको आफ्नै सैद्वान्तिक अवधारणा हुन्छ । सिर्जना लेखनको विषयमा स्नातकोत्तर तहको पठनपाठनको क्रममा कविता विधाका पूर्वीय अनि पाश्चात्य चिन्तन, यसका घटक, तत्त्व र स्वरूप परम्परा, प्रवृत्ति, कविता विश्लेषणका आधार अनि संरचना सम्बन्धी ज्ञान प्राप्त गर्ने अवसर भयो । त्यही सैद्वान्तिक अवधारणा अनुरूप प्रस्तुत सिर्जनापत्र तयार गर्ने प्रयास गरिएको छ । कविताको मझौला रूप खण्डकाव्यको विषयवस्तु सर्जकले एक दिन (२४) घण्टालाई चारकाल ( प्रात, मध्यान्ह, सन्ध्या र रात्रि ) लाई चार युग (सत्य, त्रेता, द्वापर र कलि) गरी विभाजन वा नामकरण गरेर यी युगहरूको विशेषता र महत्त्वलाई दर्शाउदै कृति (खण्डकाव्य)रचना गरिएको छ । यस खण्डकाव्यमा शिखरिणी, बसन्ततिलका, उपजाति र अनुष्टुप जस्ता अत्यन्त बढी मात्रामा प्रयोग हुने छन्दहरूको प्रयोग गरिएको छ ।

## १.२ समस्याकथन

(क) नेपाली खण्डकाव्य परम्परा आधुनिक कालका नमुना स्वरूप छानिएका केही खण्डकाव्यकारका केही खण्डकाव्यहरू के कस्ता रहेका छन् ?

(ख) सिर्जनापत्र प्रयोजनको हेतु सिर्जित खण्डकाव्यको विधातत्त्वको आधारमा के कस्ता छन् ?

(ग) स्वतन्त्र रूपमा कविता सिर्जना गर्दा के कस्ता समस्या देखिएका हुन् तिनै सिर्जनात्मक लेखनका समस्या हुन्छन् ।

(घ) विधातात्त्विक आधार र नियममा आबद्ध भएर कृति सिर्जना गर्नु ।

## १.३ सिर्जनापत्रको उद्देश्य

कुनै पनि समस्याको समाधान त्यस कार्यको उद्देश्य हुन्छ । यस सिर्जनापत्रको पनि मूलतः निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

(क) केही आधुनिक खण्डकाव्यकारका खण्डकाव्यका नमुनास्वरूप छानिएका केही कविताका सौन्दर्यको निरूपण गर्नु,

(ख) सिर्जना गरिएका मौलिक खण्डकाव्यको विधा आधारमा विश्लेषण र आत्मधारणा प्रस्तुत गर्नु

## १.४ सिर्जनाको औचित्य

सर्जकले सिर्जनात्मक लेखनमा कति क्षमता आर्जन गरेको छ भन्ने कुराको पुष्टि दिने आधारको रूपमा पनि सिर्जनात्मक लेखनलाई लिन सकिन्छ । उक्त कलाको मूल्याङ्कनको निम्ति प्रस्तुत सिर्जनात्मक कार्यको औचित्य स्वतः पुष्टि हुने देखिन्छ । यति मात्र होइन, सिर्जनात्मक अभिरूचि राख्नेहरूका निम्ति पनि उचित प्रेरणास्रोत बन्न सक्ने कोणबाट पनि यसको औचित्य रहेको छ ।

## १.५ सिर्जनाको सीमाङ्कन

प्रस्तुत सिर्जनापत्र खण्डकाव्यमा केन्द्रित भएको कारण यसको सीमा भनेको नेपाली खण्डकाव्य सिद्वान्त र परम्पराको चर्चा गर्दै पद्यलयमा खण्डकाव्य सिर्जना गर्नु रहेको छ । साथै नमूना स्वरूप आधुनिक नेपाली खण्डकाव्यकारहरूको खण्डकाव्यको विधागत विश्लेषण गर्दै सिर्जनापत्र मौलिक खण्डकाव्यको विश्लेषण गर्दै आत्मघारणा प्रस्तुत गर्नु यसको सीमाङ्कन रहेको छ ।

## १.६ सिर्जनाविधि

स्रोत सामग्री अनि सैद्धान्तिक ज्ञानका आधारमा खण्डकाव्यको ऐतिहासिक पृष्ठभूमि र सैद्धान्तिक आधार तयार गरी खण्डकाव्य हेतु लयविधान, विम्वविधान, भावविन्यास, संरचना विधि अनि वैचारिक स्थापनाका सैद्धान्तिक सामग्रीहरू सूक्ष्मरूपमा अवलम्वन गरिएको छ । खण्डकाव्यका

प्रवृत्ति, वैशिष्ट्य, भावसंयोजन, समयगत मूल्य निरूपण इत्यादिको सापेक्षताका आधारमा आवश्यक पर्ने ज्ञान आर्जन गरी नेपाली खण्डकाव्यको विधागत इतिहास अध्ययन गर्दै, सिर्जनाविधिको सामग्रीको आधारमा विधा सिद्धान्तको सैद्धान्तिक अवधारणालाई अवलम्वन गरिएको छ । यसै सैद्धान्तिक सिर्जनाको विश्लेषण अनि सिर्जन विधिलाई अनुशरण गरी प्रस्तुत सिर्जनापत्र तयार गरिएको छ ।

### १.६.१ सामग्री सङ्कलन विधि

प्रस्तुत 'एक दिन : चार युग' खण्डकाव्य सिर्जनात्मक कार्य भए पनि यसको निम्ति केही समालोचकीय मूल्य र मान्यताको खाँचो पर्दछ । समसामयिक परिवेशमा के कस्ता खण्डकाव्यहरू सिर्जना भइरहेका छन्, त्यसको जानकारी प्राप्त गर्न पनि जरूरी भएको हुँदा त्यसको निम्ति नेपाली खण्डकाव्य परम्परा र समकालीन मूल्य र मान्यताको समालोचकीय सामग्रीका खाँचो पर्दछ । त्यही सामग्रीहरू सङ्कलन गर्ने हेतु सामग्री सङ्कलन विधिअन्तर्गत रहेर पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ । यसै विधिबाट सन्दर्भ सामग्रीको रूपमा अन्य कृतिहरू, समीक्षा र शोधग्रन्थ इत्यादि सङ्कलन गरी उपयोग गरिएको छ । यो मौलिक सिर्जनकार्य भएकोले खण्डकाव्य सिर्जनामा प्रयोग गरिने विषयवस्तुहरू पनि यस कार्यको सामग्रीका रूपमा सङ्कलन गरिएको छ ।

### १.६.२ सिर्जनात्मक लेखनविधि

प्रस्तुत सिर्जनापत्रको उद्देश्यभनेको खण्डकाव्य सिर्जना गर्नु रहेको छ । यस कार्यका निम्ति सिर्जनात्मक लेखनविधिको अनुशरण गरिएको छ । सिर्जनाविधि विषयमा स्नातकोत्तर तहमा अध्ययन गरिए अनुरूप खण्डकाव्य कविता विधाका पूर्वीय चिन्तन, यसका घटक, तत्त्व र स्वरूप, परम्परा, प्रवृत्ति, उद्देश्य, छन्द जस्ता सिर्जनाका विशेषताहरूलाई आधार बनाई सिर्जनात्मक लेखनविधिको उपयोग गरिएको छ । खण्डकाव्य कविताका विभिन्न प्रकारहरूमध्ये यस सिर्जनापत्रमा छन्दोबद्ध पद्यलयमा खण्डकाव्य रचित गरिएको छ । त्यो खण्डकाव्य सिर्जना हेतु खण्डकाव्यका विधातात्त्विक सिद्वान्तलाई अनुशील गरी सिर्जनात्मक लेखन विधिको रूपमा प्रयोग गरिएको छ ।

## १.७ सिर्जनापत्रको रूपरेखा

पहिलो परिच्छेद : सिर्जना परिचय

दोस्रो परिच्छेद : खण्डकाव्यको सैद्धान्तिक परिचय तथा नेपाली खण्डकाव्यको विकासक्रम

तेस्रो परिच्छेद : पाँच जना नेपाली सुपरिचित खण्डकाव्यकार र तिनका खण्डकाव्य

चौथो परिच्छेद : एक दिन : चार युग खण्डकाव्य

पाँचौ परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# खण्डकाव्यको सैद्धान्तिक परिचय र नेपाली खण्डकाव्यको विकासक्रम

## २.१ विषयप्रवेश

ललितकलाका विभिन्न शाखाहरूमध्ये एक प्रमुख र महत्त्वपूर्ण शाखाको रूपमा साहित्य पर्दछ । यस साहित्यभित्र पनि विभिन्न शाखा, उपशाखाहरू छन् तीनै शाखा, उपशाखाहरूमध्ये पनि कविता विधाको एक लोकप्रिय उपविधाको रूपमा खण्डकाव्य पर्दछ । कविता विधाको एक उपविधा अन्तर्गत पर्ने खण्डकाव्य हरेक उमेर समूहका लागि लोकप्रिय विधा मानिन्छ । मानिस भित्रका विविध भावनाहरू, आवेग, संवेग, पीर, व्यथा, पीडा, हाँसो खुसी जस्ता मानवीय संवेदनाहरू विभिन्न माध्यमबाट व्यक्त हुँदै आउने र कालान्तरमा त्यही भावना, सिर्जनाहरू साहित्य भई जन्मिने गरेको हामी पाउँछौँ । प्राचीन मानिसका भोगाइहरू नाटक र महाकाव्य बनी जन्मिएपछि मात्र खण्डकाव्यको जन्म भएको थियो भनिन्छ ।

खण्डकाव्य घटना वा मनोदशामा आश्रित एवम् एक चरित्र विशेषमा निर्भर भई कुनै एक पक्षको उजागर हो । खण्डकाव्यमा प्रायः एउटै छन्द र एउटै रस हुनुको साथै एक वा बढीमा आठसर्गसम्म हुन्छन् । फुटकर कविता पद्यमय हुनुको साथै स्वतन्त्र पनि हुन्छ, तर प्रबन्धकाव्य गद्य र पद्य भए पनि स्वतन्त्र हुँदैन । प्रबन्धकाव्यअन्तर्गत महाकाव्य, कोषकाव्य, शोककाव्य, गीतिकाव्य र खण्डकाव्य आदि पर्दछन् । महाकाव्यपछि प्रबन्धकाव्यको अर्को समानार्थी रूप नै खण्डकाव्य हो । यसमा जीवनजगत्को कुनै एक पक्षको विस्तृत चित्रण गरिएको हुन्छ । आख्यान वर्णनमा सुखान्त वा दुःखान्त कुनै एक विषय वा घटनाको प्रस्तुति हुन्छ ।

## २.२ खण्डकाव्यको परिचय

नेपाली समालोचना क्षेत्रका आधिकारिक विद्वान् डा. वासुदेव त्रिपाठी लेख्छन्- “वस्तुतः कविताका उत्तरवर्ती वृहत् र बहृत्तर रूप (ललित र महाकाव्य र विकसित महाकाव्य) तथा पूर्ववर्ती लघु र लघुतम रूपका बीचमा स्थित हुनाले नै गाथा, काव्य र लामा कवितालाई मध्यमस्तर वा मझौला एकाइ भन्नु सार्थक देखिन्छ” (त्रिपाठी, २०४८, पृ. २४९) । कविताका मझौला रूपका केही विशेषताहरू छन्, जसका आधारमा अन्य रूपहरूबाट यो पृथक् सिद्ध हुन्छ ।

## २.३ खण्डकाव्यको स्वरूप र परिभाषा

फुटकर कविताले अनुभूतिको आख्यानीकरण गर्दै जब मझौला रूप ग्रहण गर्दछ तब खण्डकाव्योचित रचना देखा पर्दछ । कविता रचनाका लाग आवश्यक तत्त्व नै खण्डकाव्य रचनाका लागि अनिवार्य तत्त्व वा घटक हुन् । समयसापेक्ष साहित्यमा नवीन प्रयोग हुनु र त्यो विविधता र नवीन प्रयोगलाई आत्मसात् गर्नु साहित्यको सशक्तता र जीवन्तताको द्योतक हो । खण्डकाव्यमा एक रसको केन्द्रियता, भावनाको नाटकीकरण, विशिष्ट लय, अनुभूतिको तरलता हुने कुरा स्पष्ट नै छ । खण्डकाव्यका तत्त्वहरूमा पूर्वीय तथा पाश्चात्य साहित्य जगतमा जहाँ जता जे-जे उल्लेख भए पनि निम्न लिखित घटक तत्त्वहरू नै खण्डकाव्यमा भेटिन्छन् । पूर्वीय र पाश्चात्य साहित्यमा विगतमा जे-जस्ता खण्डकाव्यका लक्षण देखिए तापनि आजको सन्दर्भमा यिनै निम्न लिखित तत्त्वहरू नै आवश्यक मानिएको छ । खण्डकाव्यका विविध तत्त्वहरू रहेका छन् । तिनको चर्चा सङ्क्षेपमा यसप्रकार गरिएको छ (अवस्थी, २०६१, पृ. ५७) ।

### २.३.१ खण्डकाव्यसम्बन्धी पूर्वीय मान्यता

विश्वकै सर्वप्राचीन साहित्य मानिने वैदिक संस्कृत साहित्यमा “काव्य” शब्दको व्यापक अर्थमा प्रयोग भएको पाइन्छ । “काव्य” शब्दले केवल कवितालाई मात्रै होइन साहित्यका सम्पूर्ण विधालाई बुझाउने गर्दथ्यो । पूर्वीय साहित्यमा श्रव्य काव्य र दृश्य काव्य गरी दुई भेद देखाइएबाट पनि यो कुरा स्पष्ट हुन्छ । पूर्वीय आचार्यहरूमध्ये सर्वप्रथम खण्डकाव्य शब्दको प्रयोग आचार्य विश्वनाथले गरेका थिए । विश्वनाथको अनुसार खण्डकाव्यको परिभाषा यस प्रकार छ : जीवनको एक पक्षको घटनाको प्रस्तुति भएको काव्य नै खण्डकाव्य हो । पूर्वीय आचार्यहरूले विभिन्न किसिमले कविताको स्वरूप निर्धारण गरेका छन् । सर्वप्रथम भामहले छन्द वा वृत्तलाई आधार बनाएर वृत्तबन्ध र अवृत्तवन्ध भनेर साहित्यको वर्गीकरण गरेको पाइन्छ र खण्डकाव्य वृत्तबन्धभित्र पर्न जान्छ । त्यस्तै उनले मुक्तक र सर्ववन्ध गरी काव्यलाई दुई कोटमिा विभाजन पनि गरेका छन् । यहाँ मुक्त शब्दले एकल पद्यको र सर्वबन्धले वृहत् आयामका महाकाव्य, खण्डकाव्य आदि प्रबन्ध काव्यको परिचय दिन्छ । त्यस्तै गरी भामहले आफ्नो काव्यालङ्कार कृतिमा अलङ्कारयुक्त शब्द र अर्थको सहभाव नै काव्य हो भन्ने कुरा उल्लेख गरेका छन् (आचार्य, २०७१, पृ. १) ।

छैटौँ-सातौँ शताब्दीमा दण्डीले आफ्नो ग्रन्थ ‘काव्यादर्श’ मा इष्ट अर्थले युक्त पदावली र रूपको जुन शरीर हो त्यो नै काव्य हो भनेका छन् । दण्डीका विचारमा इष्ट अर्थ अर्थात् भावलाई पदावलीले ग्रहण गर्न सकेन भने त्यो काव्य राम्रो हुन सक्दैन । यस प्रकार पदावली अर्थात् शब्द र

इष्ट अर्थ अर्थात् भाव भनेर यिनले पनि परिभाषामा शब्द र अर्थलाई नै जोड दिएको पाइन्छ ( आचार्य, २०७१, पृ. १) ।

निष्कर्षमा यिनको परिभाषाले अलङ्कारको सीमालाई फराकिलो पार्दै रीतिवादी सम्भावनालाई सङ्केत गर्न पुग्छ । काव्यकै परिभाषा गर्ने क्रममा 'काव्यालङ्कार सूत्रवृत्ति' मा वामनले काव्य भनेको गुण र अलङ्कारले परिष्कृत शब्द र अर्थको सहभाव हो भनेका छन् । यिनका विचारमा गुण र अलङ्कार सहित परिष्कृत शब्दार्थ सहभाव नै काव्य हो भनेर शब्द र अर्थको विशिष्टता स्वीकार्दै अलङ्कारमाथि पनि जोड दिएका छन् । आनन्दवर्द्धन
(नवौं शताब्दी) ले कविताको वर्गीकरण (१) मुक्तक (२) युग्मक (३) विशेषक (४) कलापक र (५) कुलक गरी पाँच भेदमा गरेका छन् । यी भेदहरूको व्याख्या आनन्दवर्द्धनको ध्वन्यालोकका टीकाकार अभिनव गुप्तले गरेका छन् । मुक्तकलाई परिभाषित गर्दै गुप्त भन्दछन् अन्य श्लोकसँग असम्बद्ध भएर पनि स्वतन्त्र रूपमा पाठकलाई रसास्वाद गराउन सक्ने एउटै कविता मुक्तक हो । यो भनाइ अग्नि पुराणको परिभाषासँग मेल खान जान्छ । अनेकौं मुक्तकहरू मिलेर महाकाव्य बन्दछ भनी दण्डीले भने प्रबन्धकै एक अङ्ग मानेका छन् । त्यस्तै अभिनव गुप्त दुई श्लोकमा भाव पूरा गरेर लेखिएको र एउटै मात्र क्रिया प्रयोग भएको पद्यलाई युग्मक मान्दछन् भने तीन श्लोकमा एउटै क्रियाद्वारा भावको पूर्णता साथ समाप्ति पनि गरिएको कवितालाई विशेषक मान्छन् । त्यसैगरी चार श्लोकमा एउटै क्रिया प्रयोग भएर भावपूर्ण हुने कवितालाई उनले कलापक र पाँच श्लोकमा पूर्ण हुने कविताको लक्षण कुलक मानेका छन् (आचार्य, २०७१, पृ. १-२) ।

कविताका उपर्युक्त पाँचै स्वरूपहरू फुटकर कविताकै वृत्तमा पर्दछन् । यिनीहरूले प्रबन्ध काव्यले पहिचान दिन सकेका छैनन् । पूर्वीय साहित्यमा कवि र काव्य कक्षाको उल्लेख र विवेचना धेरै लक्षण ग्रन्थमा भएको पाइन्छ । रचना विशेष र अवस्था विशेषको आधारमा कविताका विभिन्न नामाङ्कन हुन गएका छन् । राजशेखरले काव्य मीमांसामा अवस्था विशेषका भेदले दस पक्षमा कविको विभाजन गरेका छन् - (१) काव्य विधास्नातक, (२) हृदयकवि, (३) अन्यायपदेशी, (४) सेरिता, (५) घटमान, (६) महाकवि, (७) कविराज, (८) आवेशिक, (९) अविच्छेदी, (१०) संक्रामयिता (रिसाल, २०५०:१२८) काव्यका प्राचीन आचार्यहरूले काव्यमा प्रयोग हुने भाषा, छन्द, उक्ति, प्रत्युक्ति, रस अलङ्कार, ध्वनि, गुण, रीति आदिको मात्र होइन काव्यको औचित्य र अनौचित्यलाई समेत राम्ररी औंल्याएका छन् । आर्ष काव्यमा सर्गको नाम आख्यान प्रकृत काव्यमा आश्वास र अपभ्रंस काव्यमा कडवक हुने मसिनो कुरोको समेत प्राचीन ग्रन्थमा उल्लेख छ । काव्यको उत्पत्ति र विकासको साङ्गोपाङ्गो विवेचना, काव्य प्रयोजन र काव्य उत्पत्तिका कारण केलाई ती सबै

मापदण्डका आधारमा काव्यको उत्तम, मध्यम र अधम कोटिमा गणना समेत पूर्वाचार्यहरूले गरेका छन् । यसरी हेर्दा पूर्वको काव्यप्रेम र प्रयोजनको भूमिका समुन्नत र उद्देश्यपूर्ण भेटिन्छ । काव्य परिभाषाको लामो ताँती र लाक्षणिक परम्पराको विस्तृत विवेचना गर्दा पूर्वीय साहित्यका अनेक पृष्ठ भरिएका छन् (आचार्य, २०७१, पृ. १-३) ।

पूर्वमा भरतमुनिदेखि भामह र विश्वनाथ हुँदै आजसम्म पनि खण्डकाव्यले विभिन्न परिभाषा पाउँदै आएको भए पनि समष्टि र सङ्क्षेपमा कथानकको एकदेशीयता, चरित्रको एकदेशीयता, वातावरणको एकदेशीयता, युग जीवनको एकदेशीयता तथा प्रभावको एकदेशीयता रहने काव्यको संरचना विधा नै खण्डकाव्य हो भन्ने कुराको सहमति पाइन्छ ।

**२.३.२ खण्डकाव्यसम्बन्धी पाश्चात्य मान्यता**

पूर्वीय जगतमा जसरी खण्डकाव्यको व्यापक चर्चा र परिचर्चा भेटिन्छ त्यति पाश्चात्य जगतमा खण्डकाव्य सम्बन्धी सैद्धान्तिक चर्चा भेटिँदैन । महाकाव्य र फुटकर कविताको सैद्धान्तिक चर्चा भेटिने पाश्चात्य काव्य परम्परामा खण्डकाव्यको नजिक लामो कवितालाई नै लगभग मानिन्छ । अर्थात् लामो कविता नै खण्डकाव्यको चर्चा/परिचर्चाको नजिक भई देखा पर्दछ । बरू प्राचीन गाथाहरूमा कथा तत्त्वका आधिक्य प्रबलता र कवितत्त्वको दुर्बलता भेटिए तापनि वास्तवमा तिनै गाथाहरू चाहिँ खण्डकाव्यको समकक्षी रहेको बनाइएको छ । पाश्चात्य साहित्यमा देखा परेको गीतिमय गाथा र आख्यानात्मक कविताका यी दुई स्वरूपलाई नै खण्डकाव्यको पृष्ठभूमिका रूपमा स्वीकार गर्दै बीसौँ शताब्दीमा देखा परेको लामो कविताले पूर्वीय सन्दर्भको खण्डकाव्यिक तीर्खालाई मेटेको छ । वास्तवमा यही लामो कविताको जन्मले खण्डकाव्यको क्षतिपूर्ति गरेको मानिन्छ । लामो कविताका विभिन्न स्वरूप र भेदलाई पश्चिमाहरूले निम्नानुसार परिभाषित र व्याख्या गरेका छन् ।

काव्य वा कविताको विषयमा अरिस्टोटलको कथन छ - काव्य वा कविता निश्चित रूपले छन्दोमय साहित्य हो र यसले जीवनलाई सिर्जनात्मक आख्यानमा प्रतिविम्बत गर्छ । यसरी अरिस्टोटलको मनमा छन्द कविताको लागि अनिवार्य छ । उनको यस विचारको असर पछि आउने अङ्ग्रेजीका लेखक ड्राइडन, जोन्सनप्रति नव क्लासिकल युगका प्रतिनिधि कविहरूमा पर्न गएको देखिन्छ । प्राक्स्वच्छन्दतावादी युगमा कविता सम्बन्धी धारणा वेकनले स्पष्ट गरेका थिए । उनको कथन छ - कविता शैलीको एकरूप हो, यसको सम्बन्ध भाषणकलासित छ । यो वर्तमानको आदेशमा चल्दैन । नवपरिष्कारवादी युगको धारणा ड्राइडन र जोन्सनको कविता लक्षणबाट स्पष्ट हुन्छ । ड्राइडन-कविता भावपूर्ण तथा छन्दोबद्ध भाषामा प्रकृतिको अनुकरण हो । त्यसैगरी कविता

छन्दोबद्ध रचना हो, यो बुद्धिको सहायताले कल्पनाको आह्वानद्वारा आनन्दलाई सत्यसित जोर्ने कला हो भनी जोन्सनले काव्य सम्बन्धी आफ्नो धारणा अघि सारेका छन् ।

पाश्चात्य साहित्य जगतमा खण्डकाव्यलाई विस्तृत रूपमा गाथा (Balled), आख्यानात्मक कविता (Narrative poem), रोमाञ्च काव्य (Romance), गोपकाव्य (Mock) र शोककाव्य (Elegy) को व्याख्याबाट थप प्रष्ट पार्न सकिन्छ (आचार्य, २०७१, पृ. ७-९) ।

**गाथा (Balled) :** पाश्चात्य साहित्यमा कविताको मझौला रूपमा देख ापर्ने गाथा हामीले बुझ्ने गरेकै लोकगाथा हो । एक प्रकारले कथालाई गीति चेतनाले प्रस्तुत गर्नु नै गाथा हो । पाश्चात्य साहित्यमा डान पिक जजले रोमन क्याथोलिकका विरूद्ध रचना गरेको रोमाञ्चपूर्ण Lyrical balled नै अहिलेसम्मको पहिलो खण्डकाव्यात्मक कृति मानिन्छ । अर्थात् यही नै लोकगाथाहरूमा आधारित भएर लेखिएको गीतिमय गाथा हो जसमा खण्डकाव्यको स्वरूप भेट्न सकिन्छ ।

**आख्यानात्मक कविता (Narrative poem):** अठारौँ शताब्दीको अन्त्य र उन्नाईसौँ शताब्दीको प्रारम्भतिर पाश्चात्य साहित्यमा कविताका क्षेत्रमा आख्यानात्मक कविता कृतिको रचना भएको पाइन्छ । पाश्चात्य विद्वान्हरूले महाकाव्यभन्दा सानो र छोटा कविताभन्दा अलि ठूलो आकारमा आख्यानलाई प्रस्तुत गर्ने कवितात्मक अभिव्यक्ति रचनालाई पाश्चात्यहरूले आख्यानात्मक कविताका रूपमा व्याख्या गरेका छन् ।

**रोमाञ्च काव्य (Romance):** गीतिमय गाथामा अद्‌भूत घटनाको वर्णन रहस्यमय र प्रभावकारी ढङ्गले गरिएको थियो । त्यहीँबाट रोमाञ्च काव्यको परम्परा थालनी भएको मानिन्छ र मध्यकालभरि यस उपविधाले निकै लोकप्रियताका साथ आफूलाई विकसित पनि गऱ्यो । त्यसकारण रोमाञ्चकाव्यलाई मध्यकालीन पाश्चात्य साहित्यको उपजका रूपमा लिइएको छ । कृति पढ्नका लागि अभिप्रेरित गर्ने अचम्मका अद्‌भूत घटनाहरूको वर्णन र उपस्थितिले पाठकलाई आफूतिर तान्ने प्रयास रोमाञ्च काव्यले गर्दछ ।

**गोपकाव्य (Mock):** पाश्चात्य साहित्यमा क्षुद्र, सानो, निकृष्ट र अस्तरीय विषयवस्तु लिएर लेखिएका कवितालाई गोपकाव्य भनिएको छ । वास्तवमा अभिव्यक्तिको उच्चता र विषयवस्तुको निकृष्टता रहनु यस प्रकारका कविताको आफ्नै विशेषता हो । पाश्चात्य साहित्यमा देखा पर्ने यी

गोपकाव्य हामीले बुझ्ने गरेको खण्डकाव्य भित्रकै परिधिमा राखेर लगभग तथा मोटामोटी रूपमा नियाल्न सकिन्छ ।

**शोककाव्य (Elegy):** पाश्चात्य साहित्यशास्त्रीहरूले कविताको वर्गीकरण गर्ने सम्बन्धमा निजी, व्यक्तिगत तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयवस्तुलाई लिएर शोकाकुल अभिव्यक्ति गरिएका काव्यकृतिलाई शोककाव्य (इलेगी) का तहमा राखेका छन् ।

पाश्चात्य साहित्यमा खण्डकाव्यको नाममा छुट्टै रूपमा कविताको उपविधाको विवेचना र व्याख्या नभए पनि लामो कविताको सन्दर्भ खण्डकाव्यकै समकक्षी रूपमा देखा परेको छ । वास्तवमा बीसौँ शताब्दीमा पाश्चात्य साहित्यमा देखा परेको लामा कविताले खण्डकाव्यकै मर्मलाई आत्मसात् गर्न पुगेको देखिन्छ । हुन पनि पाश्चात्य साहित्यमा देखा परेका लामा कविताले आकार, आयाम, संरचना र प्रस्तुतिका दृष्टिकोणले फुटकर कविताभन्दा ठूला, लामा र महाकाव्यभनद सङ्क्षिप्त र सानो आकारलाई ग्रहण गरेको पाइन्छ । पूर्वीय दृष्टिकोणले खण्डकाव्यकै स्तरमा नदेखिए पनि अङ्ग्रेजी साहित्यका कवि टि.एस.इलियट र डब्लु.बी.एट्सका लामा कविताहरू खण्डकाव्यकै समकक्षी विश्व चर्चित बन्न पुगेका छन् ।

## २.४ खण्डकाव्यको तत्त्वहरू

जीवनको कुनै एक पक्षको शृङ्खलाबद्ध आख्यान चित्रण नै खण्डकाव्य हो । खण्डकाव्यका विविध तत्त्वहरू रहेका हुन्छन् । फुटकर कविताले अनुभूतिको आख्यानीकरण गर्दै जब मझौला रूप ग्रहण गर्दछ तब खण्डकाव्योचित रचना देखा पर्दछ । कविता रचनाका लाग आवश्यक तत्त्व नै खण्डकाव्य रचनाका लागि अनिवार्य तत्त्व वा घटक हुन् । समयसापेक्ष साहित्यमा नवीन प्रयोग हुनु र त्यो विविधता र नवीन प्रयोगलाई आत्मसात् गर्नु साहित्यको सशक्तता र जीवन्तताको द्योतक हो । खण्डकाव्यमा एक रसको केन्द्रियता, भावनाको नाटकीकरण, विशिष्ट लय, अनुभूतिको तरलता हुने कुरा स्पष्ट नै छ । खण्डकाव्यका तत्त्वहरूमा पूर्वीय तथा पाश्चात्य साहित्य जगतमा जहाँ जता जे-जे उल्लेख भए पनि निम्न लिखित घटक तत्त्वहरू नै खण्डकाव्यमा भेटिन्छन् । पूर्वीय र पाश्चात्य साहित्यमा विगतमा जे-जस्ता खण्डकाव्यका लक्षण देखिए तापनि आजको सन्दर्भमा यिनै निम्न लिखित तत्त्वहरू नै आवश्यक मानिएको छ । खण्डकाव्यका विविध तत्त्वहरू रहेका छन् । तिनको चर्चा सङ्क्षेपमा यसप्रकार गरिएको छ (अवस्थी, २०६१, पृ. ५७) ।

### २.४.१ वर्ण्यविषय

खण्डकाव्यमा विभिन्न तत्त्वहरू रहेका हुन्छन् । तिनीहरूमध्ये वर्ण्यविषय पनि एक हो । वर्ण्यविषयमा विषयवस्तुको स्रोत, आख्यानीकरण, कौतूहल, द्वन्द्व, आख्यान ढाँचा र परिच्छेद ढाँचा रहेका हुन्छन् ।

### २.४.२ लयविधान

कविताको अपरिहार्य र अनिवार्य तत्त्वमध्ये लय पनि एक हो । कविता विधाको मुख्य विधागत परिचायक स्वरूप तत्त्व लयविधान नै हो । कविताको लय विशेषतः छान्दिक ढाँचामा निर्भर रहन्छ । कवितामा हुने विशिष्ट भाषिक विन्यासबाट लयको उत्पत्ति हुन्छ । कवितालाई अन्य पृथक तुल्याउने र तिनका विचमा विभेदक रेखा कोर्ने काम लयले नै गर्दछ । छन्दविना कविता गर्न सकिए पनि लयबिना कविताको कल्पना पनि गर्न सकिन्न । त्यसैले लयलाई कविताको विन्यास तहको अनिवार्य, अपरिहार्य घटक मानिन्छ । ध्वनिको उच्चारण हुने साङ्गीतिक आरोह-अवरोह नै लय हो । कवितालाई लयात्मक छन्दका अतिरिक्त अलङ्कार, वाक्यीय ढाँचा, चयन, अग्रभूमिकरण आदिले पनि महत्त्वपूर्ण भूमिका खेल्दछन् । लयको अस्तित्व पद्य र गद्य दुवै कवितामा हुन्छ । छन्दोवद्ध कवितामा छन्दका बन्धन हुन्छ भने छन्दमुक्त गद्य कवितामा त्यस्तो कुनै बन्धन हुँदैन । छन्दमुक्त कवितामा छन्दको बन्धन नभए पनि लय पैदा भएको हुन्छ र त्यस्तो लयलाई मुक्तलय भनिन्छ । मुक्तलयको प्रयोग गद्य कवितामा हुन्छ र यसमा छन्दबाट निर्मित बाह्यलय नभई ध्वनि एवम् अर्थबाट सिर्जित आन्तरिक लय हुन्छ । दुवै खाले कवितामा लयोत्पादन गर्न अनुप्रासको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### २.४.३ भाषाशैली

भाषाशैली कविताको अनिवार्य र अपरिहार्य तत्त्व हो । भाषा भनेको अभिव्यक्तिको माध्यम हो भने शैली भनेको अभिव्यक्तिको ढङ्ग हो । कविताको भाषाशैली जुन अर्थको कथन, कुनै अर्थको कथन, कविताकृतिले गर्नु छ, त्यसका निम्ति उपलब्घ भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पद, पदावली वाक्य, खण्डवाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने गर्दछ । यस क्रममा भाषा अभिधार्थभन्दा पर लाक्षणिक र व्यञ्जक समेत बन्न पुग्छ । मानव आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेरै पनि पद, पदावलीगत र वाक्यगत र अनुच्छेदगत अनेकौं व्यक्तिक्रमण, अतिक्रमण र विचलन स्रोतबाट भाषाशैलीले बढी व्यञ्जकता लालित्य र लयात्मकता प्राप्त गर्दछ । साहित्य भाषाको शक्ति हो । भाषा स्थिर हुन्न परिवर्तनशील हुन्छ । सबै कविताको भाषाशैली एउटै नभई फरक फरक हुन्छ ।

### २.४.४ कथनपद्धति

कवितामा कथनपद्वति एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । कवितामा कविले कुनै स्थानमा आफनो अभिव्यक्ति प्रस्तुत गर्दछ । त्यस आधारमा कथनपद्वतिको निर्धारण गरिन्छ । कवि आफैँ सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यसलाई कविप्रौढिक्ति  भनिन्छ । कविले आफनो कथन अन्य पात्रका माध्यमबाट प्रस्तुत गरेको छ भने त्यसलाई कविनिवद्व प्रौढिक्ति कथनपद्वति भनिन्छ । कवितामा कविका भाव, विचार, अनुभूति, वस्तु आदिलाई पाठकसामु उपस्थित गर्ने तरिका नै दृष्टिविन्दु हो । कविले आफ्ना भाव र विचारलाई पाठकसमक्ष पुऱ्याउने माध्यम दृष्टिविन्दुलाई बनाएको हुन्छ । कविताको प्रस्तुति प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुमा गरिन्छ भने कमै तृतीय पुरुष र मिश्रित दृष्टिबिन्दुको प्रयोग गर्न सकिन्छ । समग्रमा दृष्टिविन्दु मुलतः प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारका हुन्छन् । प्रथम पुरुष दृष्टिविन्दुमा कविले आफ्ना भाव र विचारलाई ‘म’, ‘हामी’ जस्ता पात्रको प्रयोग गरेर पाठकसमक्ष पुऱ्याउँछ भने तृतीय पुरुष दृष्टिमा उ, त्यो, तिनी, उनी अर्थात कुनै नामधारी व्यक्तिको प्रयोगबाट भाव-विचारलाई सम्प्रेषण गरिन्छ ।

### २.४.५ उद्देश्य

साहित्य जीवनकै अभिव्यक्ति हो । अभिव्यक्तिका विभिन्न प्रकार र माध्यमबाट साहित्यका विविध विधाको जन्म हुन्छ । खण्डकाव्यमा पनि जीवनको कुनै एक पक्षको समुद्घाटन हुन्छ । खण्डकाव्यमा कथा, पात्र र वातावरणको माध्यमद्वारा रचनाकारले जीवन र जगत्‌लाई हेरेका हुन्छन् । त्यस हेराइकै धरातलमा खण्डकाव्यको संरचना हुने हुँदा खण्डकाव्यमा जीवन-दृष्टि अप्रत्यक्ष रूपमा

प्रस्तुत गर्नु आवश्यक छ । खण्डकाव्यका माध्यमद्वारा कलात्मक रूपमा प्रकट भएको मूल सन्देश नै यसको जीवन दृष्टि हो जसलाई उद्देश्यका रूपमा लिन सकिन्छ ।

## २.५ खण्डकाव्यको प्रकार

जसरी अरू साहित्यको विधाको प्रकारहरू छन् त्यसरी नै खण्डकाव्यको पनि प्रकारहरू छन् । ती निम्नानुसार रहेका छन् :

### २.५.१ वर्ण्यविषयको आधारमा

**(क) सामाजिक**

समाजमा घटेका घटना पक्षलाई विषयवस्तु बनाएर पनि खण्डकाव्य लेखिन्छ । यसमा समाजको पद्धति, परिपाटी र विशेषतालाई समेटेर लेखिन्छ । समाजलाई विषयवस्तु बनाएर पनि खण्डकाव्य लेखिएका छन् ।

**(ख) ऐतिहासिक**

इतिहासमा आधारित वा इतिहासमा घटेको घटनालाई विषयवस्तु बनाएर पनि खण्डकाव्य लेखिन्छ । नेपालीमा थुप्रै खण्डकाव्यहरू इतिहासिमा आधारित ऐतिहासिक खण्डकाव्यहरू छन् । यसरी ऐतिहासिक वर्ण्यविषयले नेपाली खण्डकाव्यमा ठाउँ पाएको देखिन्छ ।

**(ग) पौराणिक**

पुराणमा आधारित विषयवस्तु बनाएर लेखिने खण्डकाव्य पौराणिक खण्डकाव्य हुन् । पुराणका कुनै एक अंशलाई विषयवस्तु बनाएर खण्डकाव्य लेखिन्छ यसमा । नेपाली खण्डकाव्इमा पनि थुप्रै यस्ता खण्डकाव्यहरू लेखिएका छन् ।

**(घ) काल्पनिक**

कल्पनामा आधारित विषयवस्तु बनाइ लेखिने खण्डकाव्य काल्पनिक खण्डकाव्य हुन् । यसमा खण्डकाव्यकारको कल्पनालाई विषयवस्तु बनाइन्छ । यस्ता खाले खण्डकाव्यहरू पनि लेखिएका छन् ।

### २.५.२ लय विधानका आधारमा

खण्डकाव्य पूर्ण रूपमा लयविधानमा आधारित हुन्छ । लय विधानका अनुसार खण्डकाव्यलाई दुई भागमा वर्गीकरण गरिन्छ । छन्दोबद्ध र छन्दमुक्त । यी छन्दोबद्धमा त लय हुने नै भयो तर मुक्तछन्दमा पनि लय रहेको हुन्छ ।

### २.५.३ कथनपद्धतिको आधारमा

खण्डकाव्यमा कथनपद्धि एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । खण्डकाव्यमा खण्डकाव्यकारले कुनै स्थानमा आफ्नो अभिव्यक्ति दिएको हुन्छ । कथनपद्धतिको आधारमा पनि खण्डकाव्य दुईप्रकारको हुन्छ । (क) कविप्रौढिक्ति : यसमा कवि आफै सिधै कुनै कवितात्मक कथन गर्दछ । (ख) कविनिबद्धप्रौढोक्ति : यसमा कविले आफ्नो कथन अन्य पात्रका माध्यमबाट प्रस्तुत गर्दछ ।

### २.५.४ उद्देश्यका आधारमा

खण्डकाव्य लेखनको विभिन्न उद्देश्य हुन्छ र विभिन्न उद्देश्य लिएर लेखिएको हुन्छ । उद्देश्य खण्डकाव्यको प्रमुख उद्देश्य हो । त्यसैले उद्देश्यको आधारमा पनि खण्डकाव्यको प्रकार छुट्टिन्छन्, ती निम्न छन् :

(क) यथार्थवादी : समाजका वास्तविकतालाई र यथार्थलाई खण्डकाव्यमा उतार्नु यसको मुख्य धर्म हो । यसमा समाजका सामाजिक पक्षलाई जस्ताको तस्तै खण्डकाव्यमा चित्रण गरिन्छ । यस्ता खण्डकाव्यहरू पनि नेपाली खण्डकाव्यमा लेखिएका छन् ।

(ख) आदर्शवादी : समाजमा आदर्श देखाउनु आदर्शवादी खण्डकाव्य हो । यसले समाजलाई आदर्शोन्मुख बनाउँछ । एक न एक पात्रलाई आदर्श पात्र बनाएर खण्डकाव्य लेखिनु यसको विशेषता हो ।

(ग) आध्यात्मिक : मानिसलाई आध्यात्मिक बाटो तर्फ डोरयाउने खण्डकाव्य आध्यात्मिक खण्डकाव्य हो । कुनै धर्म प्रवर्तकलाई केन्द्रीय कथ्य बनाएर लेखिन्छ यो खण्डकाव्य यस्ता खाले खण्डकाव्यहरू पनि लेखिएका छन् ।

(घ) प्रगतिवादी : जीवन र जगतलाई यथास्थितिमा नराखी अगाडि बढ्नु पर्छ भन्ने केन्द्रीय कथ्य लिएर यो खण्डकाव्य लेखिन्छ । यसप्रकारको खण्डकाव्यमा शक्ति, उर्जा, भरेर अगाडि बढ्ने मार्गदर्शन दिइएको हुन्छ । यसप्रकारका खण्डकाव्य प्रगतिवादी खण्डकाव्य हो ।

(ङ) मनोवैज्ञानिक : मानिसको मनको अवस्थालाई ध्यानमा राखेर लेखिने खण्डकाव्य मनोवैज्ञानिक खण्डकाव्य हो । मानिसको मन कुन अवस्थामा कस्तो खालको हुन्छ र त्यसपछि कस्तो घटना घट्छ भन्ने कुरा यसप्रकारको खण्डकाव्यमा व्यक्त भएको हुन्छ । थुप्रै खण्डकाव्य मनोविज्ञानमा आधारित भएर लेखिएको छ ।

(च) नारीवादी : नारीप्रधान खण्डकाव्य नारीवादी खण्डकाव्य हो । यसप्रकारको खण्डकाव्यमा नारीलाई केन्द्रमा राखेर खण्डकाव्य लेखिन्छ । नारीलाई उच्च तहमा राखेर खण्डकाव्य सिर्जना गरिन्छ ।

## २.६ नेपाली साहित्यमा खण्डकाव्यको विकास-प्रक्रिया

साहित्यको विषयमा केही बताउने क्रममै भनिसकिएको छ- साहित्यमा भाषाको स्थान महत्त्वपूर्ण हुन्छ । कुनै पनि पनि भाषाले अभिव्यक्ति- सामर्थ्य प्राप्त नगरीकन भाषा त्यस रूपमा परिपक्व नभैकन साहित्य वा कविताको जन्म हुन सक्दैन । कुनै पनि भाषाका सन्दर्भमा कविता भनेको उक्त भाषाको उच्चतम सुललित अभिव्यक्ति हो । भाषिक लालित्य, स्तरीयता र शब्द भण्डारको व्यापकता विना कुनै पनि भाषाले कविता जन्माउन सक्दैन ।

यसर्थ खण्डकाव्यको इतिहास कोट्याउँदा सम्बन्धित भाषाको इतिहासलाई सरक्क पन्छाउन सकिँदैन । नेपाली भाषा नेपाली वाङ्मयको जरा हो । यो जराबाट निस्किएको एउटा कोमल मुना हो - कविता । कविताको मझौला रूप नै खण्डकाव्य हो भन्ने चर्चा यस अघि भैसकेको छ । यसैले खण्डकाव्यको पृष्ठभूमि र यसको इतिहासका विषयमा मेलो पस्नु अघि नेपाली भाषाको पछि लाग्नु आधारभूत आवश्यकता हुन जान्छ । नेपाली भाषा भारोपेली भाषा परिवारको सतम् वर्गमा पर्ने आर्य-इरानेली शाखाको संस्कृत भाषाबाट प्राकृत र अपभ्रंश हुँदै विकसित झन्डै एक हजार वर्ष लामो इतिहास बोकेको भाषा हो । यो भाषाको विकास कुन अपभ्रंशको गर्भबाट भयो भन्ने विषयमा चाहिँ विद्वान्हरूबीच मतैक्यता देखिदैन ।

नेपाली भाषाको प्राचीनतम रूपलाई विभिन्न नाम दिइएको छ । वर्तमान नेपालीको प्राचीन रूप भएकोले यसलाई प्राचीन नेपाली, खस जातिले बोल्ने हुँदा खस कुरा, सिन्जा राजधानीको राजभाषा (११ शताब्दीतिर नागराजको समयमा) भएकाले सिन्जाली र खस भाषाको पूर्वीय भेद भएकाले पूर्वीय खस भाषिका भनिन्छ ।

नेपाली भाषाको जन्मथलो कर्णाली प्रदेश हो । यहीबाट विभिन्न साँस्कृतिक र राजनीतिक कारणहरूद्वारा यो भाषा पूर्वतिर विस्तार हुँदै गयो । अभय मल्लका पालामा १४५० देखि विशाल र

शक्तिशाली सिन्जा साम्राज्य छिन्न र भिन्न भएपछि कर्णाली प्रदेशमा बाइसी र गण्डकी प्रदेशमा चौबिसी राज्यहरू जन्मिन्छन् । यस राजनीति परिघटनाले नेपाली भाषाको विकास र प्रसारमा प्रभाव पारेको हुँदा भाषिक विखण्डन सुरु हुन्छ र यसका विभिन्न भेद देखापर्छन् । यो विखण्डनले १६ औँ शताब्दीमा आइपुग्दा आकार ग्रहण गरिसकेको थियो । उन्नाइसौ शताब्दीसम्म राजनीतिक, भौगोलिक विखण्डनको क्रम यथावत् रह्यो । यसै अवधिमा गोर्खाका राजा पृथ्वीनारायण शाहले राष्ट्रिय एकीकरणको अभियान सुरु गरे, फलस्वरूप आधुनिक नेपालको उदयका साथै नेपाली भाषाको गोर्खाली भेदले बढी महत्त्व र नेपालभरि सर्वत्र प्रसार पाएको देखिन्छ ।

नेपाल विविध जातजाति र भेषभूषा भएका नेपालीहरूको मातृभूमि हो । यी विविध संस्कृतिबाटै साझा हिमाली संस्कृतिको निर्माण भएको छ । यसै संस्कृतिको जगमा विभिन्न भाषाको लोक साहित्य सिर्जिएका छन् । नेपाली साहित्यको आदिम-स्वरूप यस भाषामा सिर्जित लोक-साहित्य हो र यो लोक साहित्य राम्ररी परिपुष्ट हुँदै गएपछि लिपिवद्ध मौलिक साहित्य सृजनाको परम्परा सुरु भएको हो ।

हालसम्मको खोज-अनुसन्धानमा दैलेख जिल्लाको दुल्लूमा प्राप्त राजा दामुपालको सउँपाल अदैलिखित शाके ९०३ (वि.सं. १०३८ को अभिलेख नै नेपाली भाषाका प्रथम लिखित नमूना मानिन्छ । तर अभिलेख प्रामाणिक हो, होइन विद्वान्हरू अनुसन्धान गर्दैछन् ।

त्यसरी नै लिखित नेपालीको दोस्रो प्राचीन नमूनाको रूपमा वि.सं. १३१२ को हुम्ला जिल्लाको रेलिङ गुम्बाको अशोक मल्लको प्रशासनिक ताम्रपत्रलाई मानिन्छ । नेपाली भाषाको यस प्रकारको विकासक्रमलाई १५ औँ शताब्दीसम्म अभिलेखकालीन, १६ औँ शताब्दीदेखि १९ औँ शताब्दीसम्म ग्रन्थकालीन र २० औँ शताब्दीदेखि अहिलेसम्म आधुनिक वा मानक रूपमा विकसित गरी तीन चरणमा विभाजन गरिएको पाइन्छ ।

### २.६.१ नेपाली खण्डकाव्यको पृष्ठभूमि

विक्रमको १६ औं शताब्दीदेखि १९ औं शताब्दीसम्मको ग्रन्थकालीन अवधिमै नेपाली साहित्यमा लोक साहित्यका लेख्य रूपहरू देखा परेका हुन् । तिनै लोक साहित्यमा प्रचलित लोकगीत र लोकगाथाहरू कविता तथा खण्डकाव्य प्रारूप मानिन्छन् । लोकगीतहरू संरचनात्मक दृष्टिले फुटकर कविताका नजिक देखापर्छन् भने लोकगाथाहरू खण्डकाव्य स्तरका संरचनासँग नजिक मानिन्छन् । लोकगाथालाई इतिहास, संस्कृति, लय र भाषा गरी ४ वटा कोणबाट हेर्न सकिन्छ । यी सबै कोणबाट नेपाली लोकगाथाको इतिहास ज्यादै पुरानो सिद्ध हुन्छ । नेपाली खण्डकाव्य परम्परा यही अलिखित लोकगाथाको परम्परासँग सम्बन्धित छ । आख्यान र गीतलाई संरचनात्मक, कथात्मक संरचनामा बाँध्ने लोकगाथा र आख्यानात्मक संरचना हुने खण्डकाव्यको स्वरूप उस्तै देखिन्छ । यसर्थ खण्डकाव्यको विकास प्रक्रियासँग लोकगाथाको सन्दर्भ पनि जोडिन आउँछ ।

नेपाली साहित्यका सन्दर्भमा ११ औ शताब्दीदेखि १९ औं शताब्दीसम्मको ७०० वर्षको समय अलिखित लोकगाथाको अवधि हो भने त्यस यता आजसम्मको इतिहासमात्र खण्डकाव्यको इतिहास हो र त्यसमा पनि खण्डकाव्य नै भन्न सकिने रचनाको समय त ५० वर्षको मात्र छ । लोकगाथाको परम्परालाई नलिने हो भने नेपाली खण्डकाव्यको इतिहास ज्यादै छोटो छ । खण्डकाव्यको आधारभूत चेतना लिएर नेपाली खण्डकाव्यको रचना गर्न थालिएको खास समय आधुनिक नेपाली कविताको दोस्रो चरणका कवि लक्ष्मीप्रसाद देवकोटाको पालादेखि हो । यसो भए पनि नेपाली खण्डकाव्यको इतिहास नेपाली कविताको इतिहास सँगै जोडिएको हुनाले आकारप्रकारका दृष्टिले नेपाली कविताको प्राथमिक कालका कतिपय रचनालाई खण्डकाव्यका रूपमा लिन सकिन्छ ।

नेपाली खण्डकाव्यको विकासक्रमलाई अध्ययन गर्दा नेपाली कविताको इतिहास झैं प्राथमिक काल, माध्यमिक काल र आधुनिक कालमा विभक्त गर्नुपर्ने हुन्छ र ती कालहरूका बीचमा आएका विभिन्न धारा उपधाराका बारेमा छुट्टाछुट्टै उल्लेख गर्नु आवश्यक देखिन्छ ।

### २.६.२ प्राथमिक काल (वि.सं. १८२६–१९४०)

नेपाली भाषाको उत्पत्तिदेखि नै नेपाली लोक जीवनमा प्रवाहित परम्परागत लोकगीत लोकगाथा र कविताका मौखिक उपलब्धिहरू नेपाली कविताको प्राथमिक कालका पृष्ठभूमि हुन् । यिनैको जगमा नेपाली भाषा शिष्ट लेख्य नव परम्परातर्फ उन्मुख भएपछि नेपाली कविताको प्राथमिक काल थालिएको हो । यो काल लेख्य नेपाली कविताको थालनीको उषाकाल हो । यसअघि नेपाली भाषा नेपाली लोक जीवनमा श्रुति परम्पराका परिचायक मानिने लोकगीत, सिलोक र उखान

टुक्काका रूपमा विकसित भइरहेको र क्रमश अभिव्यक्ति क्षमता एवं सामर्थ्य प्राप्त गर्दै थियो । तर कलम चलेका तत्कालीन समाजका व्यक्ति प्रतिभाहरूले आफ्ना भावनालाई ओठमा सीमित नराखी कागजमा कोर्ने चलन चलाएपछि यसले वस्तुगत सिर्जना संसारतिर फड्को माऱ्यो । त्यसैले नेपाली कविता इतिहासको यो काल लेखन एवं सिर्जनाको थालनीको समय हो ।

प्राथमिककालीन नेपाली कविता एवं खण्ड काव्यहरूले प्रविधिगत रूपमा शक्ति पूजाको नेपाली परम्परालाई पछ्याएका छन् । नेपाली समाजमा परम्परागत रूपमा प्रचलित हुँदै वीरगीति र देवगीतिको लोक कविता धाराले प्राथमिककालीन लेख्य कविताको सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाली कविता काव्य लेखनको थालनीका प्रारम्भिक बेलामा श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको नेतृत्वमा नयाँ नेपाल निर्माण गर्ने उपक्रम उत्सर्गमा पुगेको थियो । यस राष्ट्रिय प्रसङ्गले नेपालीहरूमा शक्ति अर्थात् वीरताको पूजा आफ्नो मौलिक संस्कारको भावनात्मक पुनर्जन्म भयो र नै वीर बन्दना जस्ता कविताहरू सिर्जित भए ।

नेपाली जनमानस राष्ट्रिय एकीकरणमा जुटिरहेको यसैबेला ऐतिहासिक नेपाल अङ्ग्रेज युद्ध भयो । र सुगौली सन्धिको दुःखद परिणाम बेहोर्नु पऱ्यो । यस घटनाले नेपालीहरूको मन मस्तिष्कलाई निकै आहत र व्यथित तुल्याउनु स्वभाविकै देखिन्छ, भनिन्छ यसपछि नेपालका प्रथम प्रधानमन्त्री मानिने जनरल भीमसेन थापा एशियाबाट फिरङ्गी लखेट्ने गुरुयोजनामा संलग्न रहे तर उनको पतन र आत्महत्यापछि छिटोछिटो परिवर्तन भइरहेको नेपालको राजनीतिक परिदृश्यमा कोतपर्व नामक कलंकित घटना घट्यो । यो घटना विक्रम सम्वत १९०३ कै कारण नेपाली राजनीतिमा जङ्गबहादुरको अभ्युदय भएपछि जहानीय निरंकुश कठोरताको सुरूवात भयो । नेपालको राजनीतिमा घटेका यिनै घटना श्रृङ्खलाले प्राथमिककालीन नेपाली कविताको परिवेश निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

नेपाली कविता-काव्य लेखनको थालनीका प्राराभिक बेलामा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नेतृत्वमा नयाँ नेपाल निर्माण गर्ने उपक्रम उत्कर्षमा पुगेको थियो । यस राष्ट्रिय प्रसङ्गले नेपालीहरूमा शक्ति अर्थात वीरताको पूजा आफ्नो मौलिक संस्कारको भावनात्मक पुनर्जन्म भयो र नै वीर वन्दना जस्ता कविताहरू सिर्जित भए ।

अर्को अर्थमा भन्नुपर्दा यिनै घटनाको भावनात्मक प्रतिविम्बन नै प्राथमिककालीन नेपाली कविताको सिर्जन सन्दर्भ हो । प्रवृत्तिगत भिन्नताका आधारमा यस काललाई वीरधारा र भक्तिधारा भनेर उल्लेख गर्न सकिन्छ । यस कालको पूर्वार्ध वीरधाराका रूपमा चिनिन्छ । प्राथमिककालीन

कवितामा वीरधाराका प्रवर्तक कवि सुवानन्द दास हुन् र यिनको पृथ्वीनारायण भन्ने कविता प्रथम कविता हो । यस कविताको लेखनकालका बारेमा मतैक्य पाइँदैन ।

सुवानन्द दासपछि नेपाली कविताको वीरधारामा शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा र देवैज्ञकेशरी अर्यालका नामहरू उल्लेख छन् । दैवज्ञकेसरी अर्यालको वि.सं. १८६० तिरको रचना मानिने 'अश्व शुभाशुभ' परीक्षा पौराणिक विषयवस्तु भएको पद्यबद्ध कृति हो । यो वर्णन प्रधान छ र आकारका दृष्टिले मात्र खण्डकाव्य भन्न सकिन्छ । त्यस्तै उदयनन्द अर्यालको विक्रम सम्वत १८७२ मा प्रकाशित 'बेताल पच्चीसी' नामक कृति सर्वप्रथम छन्दको प्रयोग गरी लेखिएको रचना हो । तर खण्डकाव्योचित आख्यान अनुभूतिको अभाव हुँदा यसमा खण्डकाव्यात्मक आभास मात्र पाइन्छ ।

संस्कृत साहित्यको उपजीव्य ग्रन्थ महाभारतबाट सामग्री लिएर लेखिएको बसन्त शर्माको 'कृष्ण चरित्र' (१८८४) शार्दुलविक्रिडित छन्दमा लेखिएको ९० सिलोके मौलिक आख्यानात्मक रचना हो । श्री कृष्णको चरित्र गाथा यस कृतिको विषय प्रसङ्ग हो ।

यसको भाषा तत्कालीन अन्य पूर्वोत्तर कृतिहरूको भाषाका तुलनामा सुन्दर, परिमार्जित र परिस्कृत छ । विक्रम सम्वत १९०१ मा प्रकाशित कवि वसन्त शर्माको अर्को कृति 'समुद्र लहरी' लोकलयमा आध्यात्मिक चेतनाको अभिव्यक्ति दिने आख्यानात्मक संरचना भएको र आकार प्रकारका दृष्टिले पनि खण्डकाव्य भन्न सुहाउने रचना हो । यसरी मौलिक र आख्यान संरचना भएको खण्डकाव्य स्तरका रचना दिनु वसन्त शर्माको विशेषता हो । हालसम्म प्राप्य रचनाहरूमध्ये उनकै कृति 'कृष्ण चरित्र' लाई पहिलो नेपाली खण्डकाव्य मानिएको छ ।

प्राथमिक कालका अन्य कवि र कृतिहरू :

अ) यदुनाथ पोखरेल :

यिनका दुई कृतिहरूमध्ये 'कृष्ण चरित्र' लघु काव्य हो र यसको तुलनामा 'गोरखा सेना वर्णन' केही विस्तृत भएपनि दुवैमा खण्डकाव्यका कुनै पनि अङ्गको उपयोग हुन नसकेको देखिन्छ ।

आ) रघुनाथ पोखरेल (१८६८-१९१८) :

यिनको कृति हो 'सुन्दरकाण्ड' । राम कथामा आधारित यो काव्य वर्णन र अनुभूतिमा सर्वसत्ता अनि भाषामा सरलता नभएको क्लिष्ट र अपरिपक्व रचना भए पनि कवित्वले होइन आकार प्रकारले खण्डका समकक्षी रचना मानिन्छ ।

इ) हीन व्याकरणी विद्यापति :

'बाह्रमासा' र 'गीत गोविन्द' दुई कृतिमध्ये १२ महिनाको प्राकृतिक परिवर्तनलाई विषयवस्तु बनाई लोकलयमा रचित बाह्मासा मौलिक काव्य हो । संस्कृत कवि जयदेवको 'गीत गोविन्द'को उत्कृष्ट कठोर संस्कृतनिष्ठ भाषामा अनुवाद गरिएको र मूलकृतिको सरस काव्यात्मक गुमाएको अनि विषयवस्तु खण्ड काव्यात्मक भएपनि अनुवादमा खण्डकाव्य हुन नसकेको कृति 'गीत गोविन्द' हो । बाह्मासा आकार प्रकारले खण्डकाव्य हो ।

(ई) पतञ्जली गजुर्‍याल (वि.स. १८८०-१९४४) :

यिनले थुप्रै कृतिका रचना गरेका छन् । 'अध्यात्मरामायण बालुन', 'तीर्थावली', 'मत्स्येन्द्रनाथको कथा, उत्तरगया', 'बोक्सी चरित्र, 'बालगोपाल वाणी', 'हरिभक्तमाला' र जैमिनी भारत' आदि यिनका रचना हुन् । तर यीमध्ये खण्डकाव्यका रूपमा 'अध्यात्मरामायण बालुन' लाई मात्र लिन सकिन्छ ।

(क) भानुभक्त आचार्य (वि.स. १८७१-१९२६): आदिकवि भानुभक्त आचार्यका 'वधूशिक्षा', 'भक्तमाला' 'प्रश्नोत्तरी' तीनवटा कृतिहरू आकार, विषयवस्तु र कवित्वका दृष्टिले खण्डकाव्य जस्तै लाग्ने रचना हुन्, तर खण्डकाव्यका सम्पूर्ण अङ्गको प्रयोग यिनमा छैन ।

यस्तै सन्त ज्ञानदिलदासको 'उदय लहरी' लाल वहादुरको 'आउँमासी' 'भोटको लडाइँको सवाई' नरबबहादुर राणाको 'जङ्गवहादुरको सवाई' हरिदासको 'ध्रुव चरित्र र प्रल्हाद चरित्र', छविलाल नेपाल (पाल्पाली) को 'पुत्र शिक्षा', षडानन्द लोहनीको 'कृष्ण-चरित्र' आदि कृतिहरू प्राथमिक कालका अन्य उल्लेख्य रचना हुन् ।

माथि उल्लेख गरिएका यी कुनै पनि कृतिहरू विषयवस्तुर कवित्व चेतनाका दृष्टिले खासै मूल्यवान् रचना होइनन्, तापनि आकारप्रकारले गर्दा यिनलाई खण्डकाव्यका रूपमा लिनुपर्ने हुन्छ ।

प्रेरणास्रोत र छन्दका आधारमा प्राथमिककालीन नेपाली खण्डकाव्य दुई प्रकारका छन् : शास्त्रीय र लोकप्रेरित । केही खण्डकाव्यको विषय र प्रेरणा स्रोत शास्त्रीय छ र तिनमा शास्त्रीय छन्दको प्रयोग छ र केहीको भने विषय र प्रेरणास्रोत लोक छ र लोकलयको प्रयोग देखापर्छ ।

आख्यानका दृष्टिले शास्त्रीय खण्डकाव्यलाई पनि दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

(१) आख्यान सापेक्ष (२) आख्यान निरपेक्ष ।

**(१) आख्यान सापेक्ष :**

आख्यान सापेक्षः आख्यान अँगालेर लेखिएका पद्यवद्ध शास्त्रीय काव्य आख्यान सापेक्ष खण्डकाव्य हुन् । यस अन्तर्गत वीरशाली पन्तको सरस प्रेमावली, वसन्त शर्माको 'श्रीकृष्ण चरित्र, रघुनाथ पोखरेलको 'सुन्दरकाण्ड' आदि पर्दछन् ।

**(२) आख्यान निरपेक्ष :**

आख्यान नअँगालीकन लेखिएका पद्यवद्ध शास्त्रीय काव्य आख्यान निरपेक्ष खण्डकाव्य हुन् । यस अन्तर्गत वीरशाली पन्तको 'विमलबोधानुभव' दैवज्ञकेशरी अर्यालको 'अश्व शुभाशुभ परीक्षा' पतञ्जलीको हरिभक्तमाला, भानुभक्तको भक्तमाला' र प्रश्नोत्तरी आदि पर्दछन् ।

आख्यानका दृष्टिले लोकप्रिय लोकप्रेरित काव्य पनि दुई प्रकारका छन् । आख्यान सापेक्ष र आख्यान निरपेक्ष । पद्यबद्ध रचना आख्यान सापेक्ष लोकप्रेरित खण्डकाव्य हुन् । यस अन्तर्गत लालवहादुरको 'भोटको लडाईको सवाइ', नरबहादुर राणाको 'जंगवहादुरको सवाई, पतञ्जलीको अध्यात्म रामायण बालुन' आदि पर्दछन् ।

आख्यान नअँगालीकन लोकलयमा रचित पद्यबद्ध रचना आख्यान निरपेक्ष लोकप्रेरित खण्डकाव्य हुन् । यस अन्तर्गत बसन्त शर्माको 'समुद्रलहरी', हीन व्याकरणी विद्यापतिको 'ब्राहामासा', ज्ञानदिलदासको 'उदय लहरी' आदि पर्दछन् ।

सृजनात्मक स्रोतका दृष्टिले हेर्दा यी खण्डकाव्यहरू तीन प्रकारका छन् ।ः मौलिक, अनूदित र भावान्तरित (रूपान्तरित) । भावान्तर वा रूपान्तर- कै प्रवृत्ति प्राथमिककालीन काव्यका आधारभूत प्रवृत्ति हो भने दोस्रो प्रवृत्तिमा अनुवाद आउँछ र तेस्रोमा मात्र मौलिक प्रवृत्ति आउँछ । यसैले

भावान्तरित काव्य बढी, अनुवाद केही कम र मौलिक चाहिँ नगण्य मात्र भएर यस कालमा रचिएका छन् ।

यसरी काव्यात्मक दृष्टिले यो युगका कृतिहरू मौलिक र सचेत काव्यात्मक श्रृजनाका रूपमा नआए पनि विषय र आकारका दृष्टिले मात्र खण्डकाव्य भन्न सुहाउने रचना यस कालमा देखापरे ।

**२.६.३ माध्यमिक काल (वि.सं. १९४१-१९७२)**

प्राथमिककालमा खण्डकाव्य लेखिए मात्र, प्रकाशित भएका थिएनन्, अतः प्राथमिककाल लेखोटको-युग हो । तर माध्यमिककाल चाहिँ प्रकाशनका दृष्टिले स्वर्णयुग थियो । यसरी प्रकाशन युगको आरम्भ भएको देखापर्नु प्राथामिककालबाट माध्यमिक काललाई अलग्याउन सकिने एउटा कडी हो । यसैगरी प्राथामिक कालका कविहरूले सौन्दर्य सचेत भएर काव्य सिर्जना गरेनन् तर माध्यमिककालीन कविहरूले विशुद्ध रूपमा सौन्दर्य सचेत भएर काव्य लेख्न सुरु गरेको देखिन्छ । प्राथमिककालमा राजस्तुति, वीरस्तुति र देवस्तुतिका कविता लेखिए । यसर्थ यस कालमा वीर र भक्ति धाराको प्रधानता रह्यो भने माध्यमिक कालको आरम्भ श्रृंगार धाराबाट हुनुका साथै यसैको प्रधानता रह्यो । यसरी प्रकाशन युगको आरम्भ, सौन्दर्य र श्रृंगारधारा प्रधानता माध्यमिककालको मूल प्रवृत्ति हो ।

झन्डै एक छत्र ढङ्गले माध्यमिककालको नेतृत्व गरेका कवि मोतीराम भट्टले आफ्ना अग्रज भानुभक्तको रामायण प्रकाशनमा ल्याए । भानुभक्तको रामायण लोकजीवनमा अत्यन्तै लोकप्रिय हुनुका साथै माध्यमिककालका साहित्यकारहरूलाई ठूलो प्रभाव र प्रेरणा मिलेको, अनि उनीहरू पनि रामायण जस्ता मीठा काव्य लेख्न उत्सुक रहेको देखिन्छ । यसैले माध्यमिक कालका कविहरूले कविता लेख्दा साहै मीठो कथावस्तु अँगालेको पाइन्छ । माध्यमिककालमा मधुर र स्तरीय कविताहरू प्राय नभेटिए पनि कथावस्तु चाहिँ असाध्यै मीठो प्राप्त हुन्छ । त्यसप्रकारको मिठासयुक्त कथावस्तुका माध्यमबाट यी कविहरूले आध्यात्मिक भावनाको प्रस्तुति गरेका छन् ।

माध्यमिक कालमा देशको राजनीतिक-सामाजिक स्थितिमा निकै परिवर्तन आइसकेको थियो । प्राथमिक कालको उत्तरार्धमा नैतिक औपदेशिक धारा पनि थिथो, तर माध्यमिक कालमा देशका शासकहरू विलासमा डुबेका हुँदा शासक वर्गबाटै परम्परागत नैतिकता र आदर्शको हत्या भइसकेको थियो भने प्राथमिककालीन वीरताको नगरा पनि बज्न छाडिसकेको थियो । माध्यमिककालका शासक वर्गको रूचिलाई केन्द्रमा राखेर अब संस्कृतको शुद्ध श्रृंगारिक र अरबी साहित्यको समेत श्रृंगारिक धाराबाट नेपाली कविहरू प्रभावित भैरहेका थिए ।

माध्यमिककालीन खण्डकाव्यको लेखनको पहिलो दिशा आख्यानात्मक परिपाटीमा खण्डकाव्य लेख्नु देखिन्छ । यस्तै आधारमा यसकालमा खण्डकाव्य भन्न सकिने काव्यको रचना भएको देखिन्छ । यी खण्डकाव्यमा कुनै ठूलो कथानकलाई मझौला रूपको कवितामा संक्षिप्तकता साथ प्रस्तुत गर्ने प्रवृति पाइन्छ भने त्यस लामो कथानकलाई खण्ड-खण्ड रूपमा प्रस्तुत गर्ने पनि पाइन्छ । माध्यमिककालका थी कृतिहरू मध्ये कतिपय खण्डकाव्य भन्न सुहाउने रचना हुन् भने केही महाकाव्य समकक्षी रचना पनि मानिन्छन् । त्यसबेला लेखिएका केही कृति र कृतिकारहरू :-

(१) होमनाथ खतिवडा :-

'समाश्वमेघ काण्ड' महाभारत विराटपर्व 'महाभारत सभापर्व" "कृष्णचरित्र', 'नृसिंह चरित्र' को अनुवाद गरेका छन् । आकारका दृष्टिले मझौला रूपका यी सबै काव्यका स्रोत हिन्दू पुराण, श्रीमद्भागवत, महाभारत र रामायण नै हुन् । यीमध्ये उनको महाभारत विराटपर्व तत्कालीन समयमा भानुभक्तको रामायण झै लोकप्रिय रहेको पाइन्छ ।

(२) शिखरनाथ सुवेदी (वि.सं. १९२१-२००५) :

उनका 'कर्णपर्व' रोमाश्वमेघ काण्ड, 'पिनासको कथा' आदि पौराणिक आख्यानात्मक मझौला रूपका कविता हुन् । उनले 'कर्णपर्व'को मात्र अनुवाद गरेर लामो कथानकलाई खण्डखण्डमा प्रस्तुति गर्ने प्रवृत्ति अनुरूप महाभारतको एक खण्डलाई प्रस्तुत गरेका छन् ।

(३) लक्ष्मीदत्त पन्त :

यिनको 'हरिश्चन्द्रवर्णनम' आख्यानात्मक काव्य हो ।

(४) मोतीराम भट्ट (वि. सं. १९२३-१९५३) :

'गजेन्द्रमोक्ष', 'उषाचरित्र', 'प्रहाद भक्तिकथा'; यी तीन आख्यानात्मक काव्यमध्ये 'गजेन्द्रमोक्ष, र 'प्रल्हाद भक्तिकथा', पौराणिक भक्तिकाव्य हुन् भने 'उषाचरित्र' श्रृङ्गारिक पौराणिक आख्यानात्मक काव्य हो ।

(५) शम्भुप्रसाद ढुङ्गेल (वि.स. १९४६-१९८६) :

काव्यको स्रोत फराकिलो भएका यी कविका पौराणिक आख्यानात्मक मझौला रूपका काव्य हुन्, - 'ध्रुवचरित्र' र 'कर्णपर्व' ।

यस कालका अन्य कविहरूमा गोपीनाथ लोहनी (नृगचरित्र, नलोपाख्यान, सत्यदुर्गाभाषा, नलदमयन्ती, सत्यवादी हरिश्चन्द्र), केदारनाथ खतिवडा (नलद्मयन्ती कथा, रम्भाशुक सम्वाद), कृष्णप्रसाद रेग्मी (महाभारत आदिपर्व, वनपर्व, उद्योगपर्व, सत्यहरिश्चन्द्र र रम्भाशुक सम्वाद), कुञ्जविलास गौतम (महाभारत गदापर्व, शल्यपर्व, स्त्रीपर्व), वाणीविलास पाण्डे (चित्रकूटोपाख्यान), हरिविक्रम थापा (कर्णपर्व र जैमिनी भारत) प्रेमप्रसाद भट्टराई ( सती सावित्री), तुलसीदत्त भट्टराई ( रम्भाशुक संवाद), हरिहर लामिछाने (सुदामा चरित्र), बद्री दास (रूक्मिणीहरण लीला), भुवनप्रसाद ढुंगेल (सुन्दर काण्ड), रामप्रसाद सत्याल (शैव्या-हरिश्चन्द्र, श्यामन्तकमावि कथा, महासती अनुसूया) आदि ।

पद्यबद्ध पौराणिक आख्यानकाव्य लेख्ने काव्यकार र काव्य यिनै हुन् । माध्यमिककालीन कविताको प्रमुख धारा श्रृंगार हो, तर माथिका सम्पूर्ण रचना (उषा चरित्र बाहेक) भक्तिधाराकै उपलब्धि हुन् । यी सम्पूर्ण काव्यहरू आकार-प्रकारका दृष्टिले मझौलारूपका छन्, तर कवितात्मक स्वरूप वा खण्डकाव्यको विधात्मक स्वरूप यिनले प्राप्त गर्न सकेका छैनन् । कवितात्मक गुणका दृष्टिले यी काव्य होइनन्, यिनलाई आख्यानात्मक कविताको रूपमा मात्र लिन सकिन्छ । यिनले खण्डकाव्यको विधागत स्वरूपलाई समात्न सकेका छैनन् । यिनमा मध्यमरूपको कविताको प्रवृत्ति त छ, तर कवितात्मक स्तरीयता चाहि छैन । माध्यमिक कालमा श्रृंगारिक भावधारा र भक्ति भावधाराका काव्यहरूका अतिरिक्त लोकप्रेरित काव्यहरू पनि लेखिएका पाइन्छन् । लोकप्रिय प्रेरित काव्यहरू तीन किसिमका देखिन्छन् -

(१) सवाई (२) लहरी (३) बाह्रामासा ।

१) सवाई काव्य : समाजमा देखे, सुनेका र भोगेका घटनाको गेयात्मक प्रस्तुति गर्नु सवाई काव्यको विशेषता हो । सवाईमा आख्यानको ठोस रूप प्रस्तुत गरिएको पाइन्छ ।

माध्यमिककालका अनेकौँ लोकप्रतिभाले सवाईमा कलम चलाएका छन् । त्यसबेलाका चर्चित सवाई र सवाइकारहरू निम्न छन् :

अ) अमृतमानसिंह सिंजापति - सासूबुहारीको सवाई ।

आ) डाकमन राई - दार्जिलिङको सवाई ।

इ) धर्मवीर भण्डारी - अब्बर पहाडको सवाई, भुइँचालोको सवाई ।

ई) मणिराज जोशी - चराको सवाई ।

उ) कृष्णबहादुर राणा - भुइँचालोको सवाई ।

ऊ) तुलाचन आले - मणिपुरको धावाको सवाई ।

(ए) रतन गिरी - चन्द्रशमशेरको सवाई ।

यसरी माध्यमिककालमा प्रशस्त सवाईहरू लेखिएका पाइन्छन् । केही सवाईहरूमा प्रकाशन्तरले श्रृंगारिकता पाइए पनि मूल विशेषता प्राङ्गारिकता होइन् । सवाईलाई आख्यान र कविता दुवै प्राप्त भएको र आकार पनि खण्डकाव्यको जस्तै प्राप्त गरेका हुनाले यिनलाई माध्यामिककालका खण्डकाव्य समकक्षी रचना भन्न सकिन्छ ।

२) लहरी काव्य :- माध्यमिककालमा देखापर्ने अर्को लोकप्रेरित लहरी हो । माध्यमिककालका लहरी र लहरीकारहरू यस प्रकार छन् :

(अ) कृष्णप्रसाद रेग्मी - विरह लहरी

(आ) प्रतापसिंह राई - प्रीति लहरी र मदन लहरी

विषयवस्तु र आख्यानात्मक संरचनाका दृष्टिले लहरी काव्यलाई खण्डकाव्य भन्न सकिने स्थिति छैन, तापनि आकारका दृष्टिले चाहिँ सबै खण्डकाव्यका नजिक छन् ।

(३) बाह्मासा : छन्दोबद्ध पद्यमा बाह्रमहिनाको वर्णनले युक्त प्रोषित भर्तृका नायिकाको मानसिकता अभिव्यक्त भएको काव्य नै बाह्रमासा हो । बाह्रामासामा प्रोषित भर्तृका नायिकाको मानसिकता एकान्वितिपूर्ण बनेर प्रस्तुत हुन्छ । यसरी हेर्दा यहाँ खण्डकाव्यत्व निश्चित रूपमा देखिन्छ, तर विधागत रूपमा खण्डकाव्यको आकार मझौला प्रकारको हुनुपर्छ, जुन आकार प्रकार बाह्मासामा पाइन्दैन । वाह्यमासाका रचयिता र रचनाहरू निम्न अनुसार छन् :

क) शिखरनाथ सुवेदी : बाहमासे

ख) कृष्णप्रसाद रेग्मी : बाह्रमासे र ऋतुमाला

ग) पहलमानसिंह स्वाँर : बाह्रमासे

घ) केदारनाथ खतिवडा : बाह्रमासे

ङ) दानराज लामिछाने : बाह्रमासे

माध्यमिककालीन नेपाली साहित्यमा खण्ड काव्यका विविध स्वरूप देखिए । यीमध्ये कतिपय कृति आकार प्रकारले खण्डकाव्य भन्न सकिए पनि आख्यानका दृष्टिले त्यसो भन्न नसकिने छन् । कुनैलाई चाहिँ आख्यानका दृष्टिले खण्डकाव्य भन्न सकिए पनि आकारप्रकारले खण्डकाव्य भन्न सकिदैन । यसरी यस कालमा खण्डकाव्यका सबै गुणले युक्त रचना कुनैपनि देखिदैन । समग्रमा माध्यमिक कालका साहित्यिक युगनायक मोतीराम भट्ट हुन् र यसकालका प्रमुख प्रवृत्ति श्रृंगारिक भावधाराको विलक्षण प्रयोगमा निहीत छ ।

**२.६.४ आधुनिक काल (वि. सं. १९७३ - हालसम्म)**

माध्यमिककालको उत्तरार्धतिर नेपाली साहित्यमा केही पत्र-पत्रिकाहरू पनि प्रकाशित हुन थालेको देखिन्छन् । आधुनिक नेपाली साहित्यको प्रारम्भ र विकास कार्यमा पनि पत्रपत्रिकाकै योगदान छ । पत्रपत्रिकाका प्रकाशकहरूले एउटै कविको काव्य प्रकाशित नगरी विस्तारै विस्तारै धेरै कविहरूको रचना छाप्न थालेपछि फुटकर कविताहरू छापिने क्रम सुरु भयो । त्यसैले यस युगका धेरै कविहरूले छोटाखाले रचनाहरूमानै आफूलाई बढी केन्द्रित बनाए । यसरी पत्रपत्रिकामा छापिएका फुटकर कविताले यो काललाई अगाडि बढाएका हुन् । यसैले आधुनिक नेपाली खण्डकाव्यको अध्ययन नेपाली कविताकै परिप्रेक्ष्यमा गर्न सकिन्छ ।

नेपाली कवितामा आधुनिककालको बीज रोपिएको १९७४-७५ तिर हो भन्ने मत प्रचलित छ । यद्यपि कसै कसैले २००७ सालपछिमात्र कवितामा आधुनिककाल भित्रिएको मान्दछन् । नेपाली कवितामा १९६५- ६६ देखि स्तरीकरणको प्रयास प्रारम्भ भएको हो, यसले १९७४-७५ सम्म माध्यमिककालीन प्रवृत्तिसँग सङ्घर्ष गरिरहेको देखिन्छ । खासगरी १९७४ मा सुक्तिसिन्धुको प्रकाशनपछि माध्यमिककालीन प्रवृत्ति पूर्णतः समाप्त हुन्छ र १९७५ देखि नेपाली कवितामा पूर्णतः आधुनिकता देखापर्छ । यद्यपि सूक्तिसिन्धुलाई क्षयोन्मुख नेपाली कविताको नमूनाका रूपमा विश्लेषण गर्दै यसले नेपाली कविताको इतिहासमा अश्लीलता भित्र्याउनु बाहेक खासै उल्लेखनीय योगदान

नदिएको भनी यदुनाथ खनालले कडा टिप्पणी गरेको पाइन्छ । तर पनि सूक्तिसिन्धुलाई माध्यमिककालीन कविताको उत्कर्ष र आधुनिकताको प्रारम्भका रूपमा स्वीकार्नुपर्ने देखिन्छ ।

संवत् १९६५/६६ मा 'माधवी' पत्रिकामा लेखनाथको 'वर्षाविचार' प्रकाशित भयो । यस वर्षाविचारलाई लेखनाथले स्तरीय काव्यका रूपमा प्रस्तुत गर्न खोजेका छन्, साथै नेपाली भाषामा पनि स्तरीय कविता लेख्न सकिन्छ भन्ने दृष्टान्त यसले दिएको स्पष्ट हुन्छ ।

नेपाली कविताको स्तरीकरण गर्ने प्रसङ्गमा लेखनाथले अनेक फुटकर कविता पनि लेखे, जसमध्ये 'कवि कवितालाप उल्लेख्य छ । लेखनाथका यस्तै प्रयासहरूको परिणति स्वरूप १९७३ मा ३०० श्लोक भएको 'ऋतुविचार' जन्मियो । खासगरी आधुनिक नेपाली खण्डकाव्यका विकासका सन्दर्भमा पहिलो स्तरीय नेपाली खण्डकाव्य यही नै हो । यसमा ६ ऋतुका बीचमा हुने ऋतु परिवर्तनको शृङ्खलाले कवितात्मक एकान्विति प्राप्त गरेको छ । यसरी एकान्विति, काव्यात्मकता आदिका दृष्टिले यो पहिलो स्तरीय खण्डकाव्य बन्न गएको छ र यो नै आधुनिक नेपाली खण्डकाव्यको पहिलो रचना हो । यसरी ऋतुविचारले नेपाली खण्डकाव्यमा आधुनिकताको पूर्णतः प्रवेश गराएपछि आधुनिक नेपाली खण्डकाव्यको इतिहास सुरु हुन्छ र यसपछि आजसम्म विभिन्न मोडका साथ नेपाली खण्डकाव्यको विकास यात्रा अगाडि बाडिरहेको छ ।

वि.सं. १९७३ को ऋतुविचार पाछि आजसम्मको आधुनिक नेपाली खण्डकाव्यको विकास प्रक्रियामा जम्माजम्मी चार मोड देखापरेका छन् । जस्तैः-

क) पहिलो मोड - परिष्कारवादी शास्त्रीय धाराः- वि.स १९७३ देखि १९९० सम्म

ख) दोस्रो मोड -स्वच्छन्दवादी- प्रगतिवादी धाराः वि.सं. १९९१ देखि २०१६ सम्म

ग) तेस्रो मोड - प्रयोगवादी धारा :- वि.सं. २०१७ देखि २०२९ सम्म ।

घ) चौथो मोड- समसामयिक धारा :- वि.सं. २०३० देखि हालसम्म ।

**(क) परिष्कारवादी शास्त्रीय धारा (वि. सं. १९७३ देखि १९९० सम्म)**

आधुनिक नेपाली खण्डकाव्य रचना प्रक्रियाको थालनी यसै मोडमा भयो । यसै कालमा स्तरीय काव्यलेखनको थालनी भएको हो, तैपनि खण्डकाव्यको सम्पूर्ण अंगको विन्यास यस कालमा हुन सकेको छैन, यसैले यस काललाई संक्रामणकाल भनिन्छ । यस कालावधिमा परिष्कारवादी शास्त्रीय धाराका खण्डकाव्य लेखनको प्रवर्तन भएको छ । त्यस्तो प्रवर्तन लेखनाथका 'ऋतुविचार', 'बुद्धिविनोद', 'सत्यकलि संवाद', 'गीताञ्जली' आदिले गरेका छन् ।

साहित्यिक परिष्कारवाद भनेको हृदयमाथि बौद्धिक नियन्त्रण हो । वस्तुत्वको अनुशासित-संयत प्रस्तुतीकरण यस धाराको विशेषता हो । परिष्कारवादी धाराका कविहरू परिष्कार र स्तरीयताकासाथ आफ्ना कविता प्रस्तुत गर्दछन् । सामाजिक सुधार, सांस्कृतिक पुनर्जागरण र आध्यात्मिक सुधार परिष्कारवादका मूल प्रवृत्ति हुन् । समाजमा अध्यात्म र संस्कृतिको परिष्कारको अभिव्यक्ति यस धाराका कविहरूको मुख्य आग्रह देखिन्छ ।

कविशिरोमणि लेखनाथको ऋतुविचारद्वारा परिष्कारवादी धाराको प्रवर्तन भएको र यसै प्रकृतिलाई अरू अगाडि बुद्धिविनोद, सत्यकलि संवाद, गीताञ्जली आदि काव्यकृतिहरू सफल रहेको देखिन्छ । परिष्कारवादी धारालाई आधुनिककालको खण्डकाव्यहरूले सुरुदेखि हालसम्म कुनै न कुनै रूपमा अँगालिरहेका छन्, अर्थात नेपाली आधुनिक काव्यजगतमा निरन्तर महत्त्व पाइरहेको धाराका रूपमा परिष्कारवादी धारा प्रतिष्ठित छ । यस धाराका सबै कविहरूको मूलस्वर कि त सामाजिक परिष्कारवादी छ कि आध्यात्मिक परिष्कारवादी, कतै यी दुवैको एकीकृत परिष्कार छ ।

यस धाराका प्रायः जसो कविहरू संस्कृत काव्यहरूको संरचनाबाट प्रभावित छन् । सूक्ष्म आख्यानको संरचना लिएर खण्डकाव्य लेख्ने संस्कृतको परिपाटी कविहरूले अपनाएका छन् । लेखनाथको ऋतुविचार संस्कृतका महाकवि कालिदास, ऋतुसंहार बाट प्रभावित भएर लेखिनुले यसै कुरालाई पुष्टि हुन्छ । नेपाली भाषामा समेत संस्कृतमा झैँ स्तरीय, भावयुक्त एवम् सुगठित कविता लेख्न सकिन्छ भन्ने मान्यता अँगालेर कविताको क्षेत्रमा स्तरीयताको आह्वान गर्दै परिष्कारवादी शास्त्रीय धारा प्रारम्भ भएको हो । नेपाली कवितामा स्तरीयता ल्याई आधुनिक नेपाली खण्डकाव्यको सुरुवात यसै पुस्ताले गरेको हो । विषयवस्तुगत प्रवृत्तिका दृष्टिले माध्यमिककाल आदर्शहीन, मूल्यहीन र नैतिकताहीन देखापर्दछ भने आधुनिककामा आएर यी कविहरूले त्यस प्रवृत्तिका विरूद्ध मूल्यवान, आदर्शवान, नैतिकवान विचारहरू प्रस्तुत गर्ने प्रयत्न सुरु गरेका हुन् ।

वि.सं. १९७३ बाट सुरु भएर वि.सं. १९९० सम्म सीमाबद्ध गरिए पनि परिष्कारवादी शास्त्रीय धाराको शैलीगत प्रभाव, सन्देशगत प्रभाव, मूल्यगत प्रभाव यद्यपि उत्तिकै जीवन्त रहेको अनुभव गर्न सकिन्छ । परिष्कारवादी धारामा केवल सांस्कृतिक पुनर्जागरण, सामाजिक सुधार, र आदर्शको आग्रह मात्र होइन, विश्व मानवतावादी आग्रह व्यापक जीवनदृष्टि, शान्ति अहिंसा एवं राष्ट्रबोधको सशक्त भावबोध र भौतिकवाद एवम् अध्यात्मवाद बीचको समन्वयको आग्रहसमेत देखापर्दछ ।

प्रवृत्तिगत दृष्टिले विभाजन गर्दा यस धाराका खण्डकाव्यकारहरूमा लेखनाथ पौड्याल, भीमनिधि तिवारी, महानन्द सापकोटा, माधवप्रसाद देवकोटा, हरिहर शास्त्री आदि कविहरू धार्मिक-आध्यात्मिक सुधारमा विश्वास गर्ने र शास्त्रीय मान्यतामा आधारित रहेर सिर्जनारत देखापर्छन् । परिष्कारवादी शास्त्रीय धाराका अग्रज कवि लेखनाथ पौड्याल हुन्, उनले साहित्यिक दृष्टिले भाषालाई सम्प्रेषण योग्य बनाउनुका साथै भावुकता र बौद्धिकताबीच समन्वय स्थापित गर्ने एवं कवि तथा दार्शनिकको हातेमालो गराएर सफल सिर्जना गर्ने दिशामा सबैको नेतृत्व गरेको देखापर्छन् ।

(ख) **स्वच्छन्दवादी - प्रगतिवादी धारा (वि.सं. १९९१ देखि २०१६ सम्म**)

वि.सं. १९९२ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन झ्याउरे खण्डकाव्य प्रकाशित भयो । आख्यान र कविताको सुन्दर समीकरण भएको रचना नै खण्डकाव्य हो, यस अर्थमा खण्डकाव्यका सम्पूर्ण अङ्गको कलात्मक विन्यास भएको पहिलो खण्डकाव्य देवकोटाको मुनामदन नै हो । यसको अर्को उपलब्धिको रूपमा के भन्न सकिन्छ भने यसै खण्डकाव्यले नेपाली कवितामा स्वच्छन्दवादी धाराको आमन्त्रण गरेको हो ।

प्रथम र द्वितीय विश्वयुद्धसँग नेपालको सोझो नाता देखिँदैन, तर पनि यी दुवै युद्धको प्रभाव तत्कालीन नेपाली जनजीवनमा अप्रत्यक्ष किसिमले भित्रिएको कुरा निर्विवाद छ । नेपाली कविताको यो मोड दोस्रो विश्वयुद्धले भित्र्याएको स्वतन्त्रीकरणको प्रक्रिया, सामाजिक कुरीति एवम् अत्याचार विरूद्धको सचेततासँग सम्बन्धित छ । बढ्दो स्वतन्त्रता भावनाको जगमा एकगठ भएर उठेको जनचेतनाले गर्दा सर्वप्रथम यसै अवधिमा युगौदेखि चलिआएको एकलौटी जहानियाँ शासनलाई खुल्ला हाँक दिन र आर्थिक शोषणका विरूद्ध खुल्ला स्वर उराल्ने काम गरियो । यसको अवश्यम्भावी परिणामस्वरूप सशस्त्र क्रान्ति पनि यसै अवधिमा थालिन्छ र प्रजातन्त्रको उदय एवम् प्रतिष्ठापन हुन्छ ।

यस कालका कविहरूले सहज अभिव्यक्तिको स्वच्छन्दवादी दिशालाई पक्डनुका साथै प्रगतिवादी स्वरलाई पनि समातेका छन् । प्रवृत्तिगत दृष्टिले यस धारामा २००४ सालसम्म विशुद्ध स्वच्छन्दतावादी प्रवृत्ति देखापऱ्यो भने त्यसपछि प्रगतिवादलाई समेत आत्मसात् गरेर यो धारा अघि बढेको पाइन्छ । यो धारा प्रत्यक्षतः देवकोटासँग जोडिएको छ, वि.स. १९९२ मा देवकोटाको मुनामदनबाट सुरु भएको यो धाराले आफूमा प्रगतिवादी मान्यतालाई समेत आत्मसात् गर्दै देवकोटाको जीवनकाल अर्थात २०१६ सम्म स्थापित रह्यो । देवकोटा एक्लैले यो अवधिमा गुण र सङ्ख्या दुवैका दृष्टिले प्रशस्त खण्डकाव्य सिर्जना गरेकाले र अन्य थुप्रै कविहरूले समेत यो धारामा

कलम चलाएकाले नेपाली खण्डकाव्यको परम्परामा यो अवधि सर्वाधिक उर्वर रहेको छ । उर्वरता, स्तरीयता, र लोकप्रियताको दृष्टिले १९९१-२०१६ सम्मको अवधि स्वर्णयुग नै हो ।

स्वच्छन्दतावादी धाराका प्रतिभामध्ये अर्को संशक्त कवि सिद्धिचरण श्रेष्ठ हुन् र यिनी भन्दा केही भिन्न शैल्पिक प्रवृत्ति अँगालेर लेख्ने कवि माधव घिमिरे हुन् । स्वच्छन्छतावादले सहज अभिव्यक्तिलाई महत्त्व दिन्छ, तापनि कहिले आख्यानलाई मात्र प्रस्तुत गर्ने र कवित्व पक्ष शिथिल एवम् दुर्बल रहने गरेको पाइन्छ । धर्मराज थापाको (रत्न जुनेली) र युद्ध प्रसाद मिश्रको ( मुक्तिरामायण अरण्य काण्ड) कवित्व पक्ष दुर्बल रहेका कृति हुन् । यस्तै आख्यान दुर्बल र कविता प्रबल खण्डकाव्य पनि यस कालमा देखा परेका छन् । कवि अगमसिंह गिरीको 'युद्ध र योद्धा' खण्डकाव्य यस्तै खाले कृति हुन् ।

आख्यान र कविताको सन्तुलनमा पर्याप्त ध्यान अथवा यी दुवै पक्षमा उत्तिकै सचेत रहेर लेखिएका कतिपय श्रेष्ठ खण्डकाव्य पनि यस चरणमा देखापरे । यस्ता खण्डकाव्यमा देवकोटाका 'मुनामदन', 'मायाविनी सर्सी' सिद्धिचरण श्रेष्ठको 'उर्वशी', माधव घमिरेको 'राजेश्वरी', वासुदेव त्रिपाठीको 'अर्धनारीश्वर' रामचन्द्र भट्टराईको 'बोई' धनश्याम पौडलको 'देवयानी' आदि देखापर्छन् ।

नेपाली खण्डकाव्य यात्राको दोस्रो मोडमा माथि उल्लिखित कविहरूका अतिरिक्त भवदेव पन्त (वनबाला), कञ्चन पुडासैनी (प्रेम, कला, प्रेमीको चिठी आदि), कुमार बहादुर जोशी ( सिहंसार्थवाह), नीरविक्रम प्यासी (हिमज्योति, चन्द्रा), आनन्ददेव भट्ट (जीवनको थुम्कोबाट, उमर खैयामलाई जवाफ, साँहिली मैया, युरी गागरिन), भानुभक्त पोखरेल (राष्ट्रमाता, मान्छेको म), जनकप्रसाद हुमागाईं (गोरे घर्तीको सवाई) आदि कविहरू आ-आफ्ना मौलिक खण्डकाव्य साहित देखा परे । यस मोडमा नेपाली खण्डकाव्यको विषयवस्तु, सन्देश र शैली शिल्पगत आयाम निकै व्यापक बन्यो । स्थूल प्रकृति चित्रणबाट सूक्ष्म तथा आध्यात्मिक स्तरको प्रकृतिप्रति आकर्षण देखापर्नु विश्व मानवतावाद, भ्रातृत्व, समानता र प्रजातन्त्रको पक्षमा कलम चलाउनु शोषण, अन्याय र अत्याचारको समूल विनाश गर्ने काव्यद्वारा प्रशारित हुन थाल्नु आदि यस कालका महत्त्वपूर्ण विषय हुन् । प्रगतिवादले ठोस साहित्यिक आकार यस अवधिमा प्राप्त गरेको हो । यस कालमा देखापरेका महत्त्वपूर्ण कवितात्मक प्राप्तिहरूकै कारण परिष्कारवादी भावधारामा रचना गरिरहेका थुप्रै कविहरू प्रगतिवादी जीवनमूल्यको खोजीतर्फ केन्द्रित हुन थालेका देखिन्छन् । नेपाली खण्डकाव्यको यो मोड नयाँ तथा पुरानो पुस्ताको संगम पनि हो, यस संगमका केन्द्रीय प्रतिभा देवकोटा हुन् । उनको वैचारिक तथा शैलीगत नवीनता स्वीकारेर थुप्रै कवि-लेखकहरू यस मोडमा

समाहित भएको र नयाँ तथा पुरानो पुस्ताका विचारहरूको व्यवस्थित अन्तर्मन्थन समेत यसै समयमा सुरु भएको देखापर्छ ।

(ग) **प्रयोगवादी (वि.सं. २०१७-२०२९)**

नेपाली साहित्यको इतिहासका विशिष्ट व्यक्तित्व लक्ष्मीप्रसाद देवकोटाको वि.सं. २०१६ सालमा देहवसान भएपछि कवितामा नयाँ प्रवृत्तिको सुरुआत हुन्छ । देवकोटाद्वारा प्रवर्तित र उनीद्वारा नेतृत्व गरिएको स्वच्छन्दतावादी धाराको शृङ्खला एकाएक खण्डित भएर त्यसको ठाउँमा प्रयोगवादी चिन्तनले साहित्यिक नेतृत्व सम्हालेको देखिन्छ । वि. सं. २०१७ मा कवि मोहन कोइरालाको 'घाइते युग' शीर्षक कविता कृतिको प्रकाशन भयो । यो कृतिले स्वच्छन्दतावादको एकलौटी प्रभाव र एकाधिकारलाई खण्डित तुल्याएर प्रयोगवादी धाराको प्रारम्भ गरेको हो ।

आधुनिक नेपाली कवितामा पाश्चात्य साहित्यिक चिन्तनहरूको गहिरो छाप देखापर्छ । उन्नाइसौ शताब्दीको अन्ततिर पाश्चात्य साहित्यमा स्वच्छन्दतावादी भावधारा शिथिल भएर विसङ्गतिवाद, अस्तित्ववाद, अतियथार्थवाद, विम्ववाद तथा प्रभाववाद हुन पुगेको देखिन्छ । पाश्चात्य साहित्यमा प्रचलित यही प्रयोगवादबाट प्रभावित नेपाली कविहरूले अवचेतनका अमूर्त लेखनमा आधारित फुटकर कविता र केही लामा कविताहरू रचना गर्ने क्रममा मझौला कविता रचना गरेको पाइन्छ । यिनै कविताहरू नै प्रयोगवादी धाराका नेपाली खण्डकाव्यका प्रारम्भिक रचना हुन् । आधुनिक नेपाली खण्डकाव्यको तेस्रो मोडमा देखापर्ने यी कविताहरूलाई लामा कविता पनि भन्ने गरिन्छ ।

संरचना र आख्यान प्रयोगका दृष्टिले यी लामा कवितालाई खण्डकाब्य भन्न सकिदैन । यस्ता लामा कवितामा खण्डकाव्यात्मक संरचनाको स्वीकार होइन, विरोध भएको पाइन्छ । मनका अमूर्त वा अवचेतन अनुभूतिहरूलाई शृङ्खलाहीन किसिमले विसंगत ढांचामा व्यक्त गरिने हुँदा यी कवितामा स्पष्ट किसिमको भावबोध हुन सक्दैन, तर यस्ता कविता मझौला आयामका हुने हुँदा यिनीहरूको अध्ययन गर्दा खण्डकाव्यकै सीमाभित्र राखेर गर्नुपर्ने देखिन्छ ।

लामो कविताका माध्यमले नेपाली खण्डकाव्य यात्रामा प्रयोगवादी धाराको थालनी गर्ने कवि मोहन कोइराला हुन् । उनका केही प्रयोगवादी कविताहरू अत्यन्त जटिल, अतिवौद्धिक, अस्पष्ट विम्वविधानले जेलिएका एवं असम्प्रेषणीय देखापर्छन् । कोइरालाको छाप यस धाराको अन्य कविहरूमा पनि परेको छ । यस धाराका अन्य कृतिकारमध्ये ईश्वर वल्लभ अग्रणी मानिन्छन् । उनका 'मेरी आमाले आत्महत्या गरेको देश', 'एउटा शहरको किनारामा' 'अग्निदीप' आदि रचनाहरू

प्रकाशित छन् । यस्तै मदन रेग्मी, असीत राई, कणाद महर्षि, रत्न शमशेर थापा आदि यस धाराका उल्लेख्य कविहरू हुन् । मोहन कोइरालाले लगभग एकदर्जन लामा कविता लेखेका छन् । उनका प्रारम्भिक लामा कविताहरू दुर्बोध्य भएकाले पाठकको खासै माया पाउन नसकेको तथ्य एकातिर छ भने अर्कोतिर 'गङ्गा प्रवास' नामक कृतिमार्फत उनी बढी पाठकमुखी हुन खोजिरहेको तथ्य पनि देखापर्छ । लामो कविता परम्पराको सर्वोच्च उपलब्धिका रूपमा लिइने 'गङ्गा प्रवास' लेखेर मोहन कोइरालाले यही काम थाले जस्तो बुझिन्छ । प्रयोगवादी कविहरू आफ्नो लामा कविताका हरेक पङ्ति पङ्ति अर्थिनुपर्ने कुरासँग असहमत छन् र त्यस सम्पूर्ण कविताले दिने समष्टि प्रभावमा विश्वास राख्दछन् । व्यष्टि व्यष्टिमा अर्थिनु लामा कविताको विशेषता हो । प्रयोगवादी धाराले एउटा नयाँ प्रयोग गर्ने, त्यसको प्रभाव परिणाम पर्खिने र त्यसबाट शिक्षा लिंदै पुनः नयाँ प्रयोगको थालनी गर्ने वैज्ञानिक पद्धतिलाई आत्मसात् गरेको छ । यसैले यस धाराका कविहरूले उत्तरोत्तर परिमार्जित, परिष्कृत र सुबोध्य रचनाहरू सिर्जना गरिरहेको देखिन्छ । प्रयोगवादी धाराको मूल पहिचान लामो कविता हो र यस्ता कविताहरू गद्यमै लेखिएको सत्यलाई विर्सन हुँदैन ।

(घ) **समसामायिक धारा (वि. सं. २०३० देखि हालसम्म**)

नेपाली खण्डकाव्य र कविता यात्रामा समसामयिकताको प्रश्न अत्यन्त महत्त्वपूर्ण छ । समसामायिक धारामा सिर्जनारत खण्डकाव्यकारहरू मात्र वास्तवमा आधुनिक हुन् र अरू सबै पुरातनपन्थी हुन् भन्न मिल्दैन । शाब्दिक रूपमा समसामयिक भनेको वर्तमान हो र यहाँ वर्तमान भनेर २०३० यताको अवधिलाई समेट्न खोजिएको छ ।

यतिवेला नेपाली कविता काव्यको फाँटमा एकातिर प्रयोगवादबाट प्रेरित-प्रभावित रचनाहरूको जगजगी हुँदैछ भने अर्कोतिर परिस्थितिमा सामाजिक, आर्थिक, राजनीतिक आदि युगीन परिवर्तनहरूको तीव्र मूल्यबोध समेत विभिन्न कोणबाट देखापरिरहेको छ । राजनीतिक क्षेत्रमा २०३६ र २०४६ को आन्दोलनले सङ्केत गरेका परिवर्तनहरूको आभास नेपाली काव्यमा समेत देखा पर्दै आएको पाइन्छ । यस दृष्टिले परम्परागत कविता प्रवृत्तिका विपरीत युग सुहाउँदो विषयवस्तु, मूल्य-मान्यता, प्रवृत्ति, कथ्य र शैली अँगालेर तीसको दशक यता साधनारत रहेका सबै समसामायिक धाराका प्रतिभा हुन् । समसामयिक खण्डकाव्य लेखन धारामा कुनै नयाँ प्रतिभाले झ्वाप्पै खुट्टा हालेको होइन, बरू बीसको दशकबाटै कविता क्षेत्रमा जुर्मुराएका कविहरूले यस अवधिमा अभिव्यक्तिको नयाँ भावभूमि खोज्ने जमर्को गरेका हुन् ।

प्रयोगवादी धारामा अन्तर्राष्ट्रिय साहित्यको बौद्धिक परिचयले गर्दा समसामयिक राष्ट्रिय जीवनको गतिहीनतादेखि विरक्त भई कुण्ठा, त्रास, व्यथा र नैराश्यतामा मात्र रूमल्लिने होइन, आक्रोश, विद्रोह र अराजकताका वैचारिक प्रक्रियामा विदेशी पुराकथाको ध्वन्यात्मक र चित्रात्मक प्रतीक भित्र्याउँदा अस्पष्टता, दुरूहता र अन्योलको भुमरीमा रन्थनिने स्वाभाव पनि प्रबल रूपले प्रकट भयो । यस्तो अन्योल फाट्दै गएपछि स्पष्ट र सरल प्रतीकहरूको प्रयोगद्वारा भाषाको शैलीगत सुन्दरता सिर्जना गरी विषयवस्तुको आकर्षक एवम् मनोहर चित्रणसँगै समसामायिक धारा जनप्रिय हुँदै गएको हो । यो धाराले हामी बाँचिरहेको नव्य आधुनिक युगमा भावना, आकांक्षा र सम्भावनाहरूको सुन्दर दिग्दर्शन गराइरहेको छ । समसामयिक धाराले परिष्कारवादी धाराबाट शिल्पचेतना, स्वच्छन्दतावादी/ प्रगतिवादी धाराबाट जीवनदृष्टि र प्रयोगवादी धारावाट युगचेतना ग्रहण गरेर आफूलाई समृद्ध पारेको छ ।

समसामायिक धाराले कविता क्षेत्रमा जति विकास गरेको छ, खण्डकाव्य सिर्जनामा उल्लेख्य प्राप्तिहरू थोरै हुन् । यस भागलाई अघि बढाउन गद्य र पद्य दुवै फाँटमा सिर्जनारत प्रतिभाहरूको खर्च भएको छ । यस धारामा साधनारत थुप्रै प्रतिभामध्ये प्रौढ पुस्ताका कृष्णप्रसाद पराजुली, ऋषिराम न्यौपाने, मञ्जुल, दैवज्ञराज न्यौपाने, शैलेन्द्र साकार, अभि सुवेदी, कविताराम, शैलेन्दु प्रकाश, श्रीहरि फुयाल सरूभक्त आदि देखापर्छन् । युवा पुस्ताका मित्रलाल पंज्ञानी, जगत उपाध्याय, गोविन्द आचार्य, कृष्णराज डि.सि. आदि प्रतिभाहरू सशक्त रूपले लेखन कार्यमा जुटिरहेका छन् । यो धाराले आफ्नो सीमा र सम्भावनालाई ज्यादै व्यापक तुल्याउनुका साथै अन्य भाषासँग दाँज्न सकिने गहकिला कृतिहरूद्वारा नेपाली खण्डकाव्यको भण्डारलाई समृद्ध तुल्याइसकेको छ ।

यी सबै चर्चाका आधारमा के निष्कर्ष निकान्न सकिन्छ भने नेपाली खण्डकाव्यका मुख्य मोड वा धाराहरूलाई पृथक-पृथक छुट्याएर अध्ययन गर्दा पनि यी सबै धाराहरू एक अर्कासँग सम्बन्धित देखापर्छन् । यहाँ चर्चा गरिएका मोड वा प्रवृत्तिहरू नेपाली खण्डकाव्य लेखनमा समय समयमा देखापरेका मूल धाराहरू हुन्, जसको छेउछाउमा अन्य प्रवृतिहरू सधैँ गतिशील भैरहेका छन् ।

## २.७ निष्कर्ष

नेपाली खण्डकाव्यले पृष्ठभूमिदेखि हालसम्म विभिन्न कालखण्ड र धाराहरू पार गर्दै आधुनिककाल, अहिलेको अवस्थामा आइपुगेको छ र महत्वपूर्ण उपलब्धी हाँसिल गरिसकेको छ । पृष्ठभूमिदेखि प्राथमिककाल, माध्यमिककाल र आधुनिककालसम्म आइपुग्दा विभिन्न धाराहरू

देखापरेका छन् । यी धाराहरूले नेपाली खण्डकाव्यहरूलाई विकसित गर्नु ठुलो योगदान दिएको छ । नेपाली खण्डकाव्यलाई सफल, सबल र उच्च बनाउन विशेष भूमिका खेलेको छ ।

प्राथमिक कालमा वीरधारा र भक्तिधारा फस्टाएको थियो भने माध्यमिक कालमा श्रृङ्गारिक धाराले वर्चस्व जमाएको थियो भने आधुनिककालमा परिष्कारवाद, स्वच्छन्दवाद- प्रगतिवाद र समसामयिकवाद हावी भएको पाइन्छ ।

## तेस्रो परिच्छेद

# आधुनिक नेपाली खण्डकाव्यका केही खण्डकाव्यको विश्लेषण

### ३.१ विषयप्रवेश

माथिका परिच्छेदहरूमा खण्डकाव्य सिर्जना, साहित्यिक समालोचना र सिर्जना एवम्, समालोचना कार्यका लागि पूर्वीय पाश्चात्य साहित्यमा प्रचलित एवम् स्थापित सैद्धान्तिक मूल्य मान्यताहरूको संक्षिप्त चर्चा गरियो । यी चर्चाका आधारमा पूर्वीय पाश्चात्य सिद्धान्तहरूको नेपाली काव्यमा गरिएको प्रयोग तथा कालक्रमिक रूपले नेपाली खण्डकाव्य परम्परामा देखापरेका प्रमुख घुम्तीहरूको समेत दिग्दर्शन गराउने चेष्टा गरियो । यस परिच्छेदमा नेपाली खण्डकाव्यबारे संक्षिप्त चर्चा गर्न खोजिएको छ ।

### ३.२ लेखनाथ पौड्याल र उनको *गङ्गावतरण* खण्डकाव्य

नेपाली कविता साहित्यमा आफ्नो ऋतुविचार खण्डकाव्यद्वारा आधुनिककाल भिœयाउने कवि कविशिरोमणि लेखनाथ पौड्याल नेपाली कविता परम्पराका अनन्य साधक हुन् । कविशिरोमणि लेखनाथ शैलीगत परिष्कार शाब्दिक लालित्य र गहिरो अनुभूतिका कवि हुन् । उनी हाम्रो पूर्वीय संस्कृतिका अखण्ड गौरवहरूलाई आधुनिक आँखाले हेर्ने परिष्कृत प्रयत्न गरिरहेका देखापर्छन । सांस्कृतिक चेतना र आध्यामिकताको भावमय दोभानबाट गतिशील उनका काव्यहरू आदर्शोन्मिुख उदान्त चरित्रको निर्माणतिर अभिमुख देखिन्छन् । उनको प्रथम खण्काव्य ऋतुविचारमा प्रकृति जीवनभित्र परिवर्तनशील मानव जीवनको मनमोहक ध्वनि पाइन्छ भने झन्डै महाकाव्य समकक्षी रचना (कविद्वारा नव्यकाव्य भनिएको र अरू समालोचकमध्ये कसैले खण्डकाव्य, कसैले महाकाव्य भनेको)) तरूण तपसीमा प्रकृति, मानव र अध्यात्मको त्रिवेणी प्रवाहित भेटिन्छ । पश्चिमा साहित्यको कुनै प्रभाव नपरेका, मानौ अक्षता कुमारी कन्याको जस्तो स्वाभाविक तथा प्राकृतिक सौन्दर्यमय छटा लेखनाथका कविताको सराहनीय विशेषता हो । नेपाली काव्य र कवि शीर्षक पुस्तकमा राममणि रिसाल लेख्छन्- लेखनाथका काव्यमा पूर्वीय दर्शन, विशेषगरी अद्वैत वेदान्तको अमीट छाप छ । अनित्यता, क्षणिकता, भौतिक जीवनको निस्सारता एवम् परमतत्त्वको प्राप्ति उनका कवितात्मक सन्देश हुन् भन्न सकिन्छ ।

यस समीक्षामा विवेच्य गङ्गावतरण खण्डकाव्यको विषयवस्तु पनि कविले हाम्रै प्राचीन परम्पराबाट निकालेका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाले २०१० सालमा ‘प्रमिथस’ महाकाव्य

लेख्नु र कवि शिरोमणि लेखनाथले 'तरूणतपसी' लेख्नु एउटै सालका घटना हुन् । प्रमिथम महाकाव्यमा महाकवि देवकोटाले युनानी कथाको पात्रले स्वर्गबाट आगो चोरेर ल्याएको घटनालाई विषयवस्तु बनाएको देख्दा सायद कवि शिरोमणि लेखनाथको कवि हृदय झक्झकिएको हुनुपर्छ, त्यसैले उनले स्वर्गबाट पृथ्वीमा गङ्गा ओराल्ने भगीरथको कथालाई उपजीव्य बनाएर गङ्गागौरी महाकाव्यको उपक्रम थाले हुन् । बृहत्तर विश्व कल्याणका निम्ति आफ्नो प्राण दान गर्न सक्ने कर्तव्य परायण पात्रहरू खोज्न पश्चिमी ग्रन्थ पल्टाउनु पर्दैन, हाम्रै पुराणमा त्यस्ता पात्रहरू प्रशस्तै छन् भन्ने लाक्षणिक सन्देश फिजार्नु, पनि यो लेखनको भित्री उद्देश्य रहेको अनुमान गर्न सकिन्छ । तर कविशिरोमणिको यो सपना साकार हुन सकेन ।

लेखनाथले आफ्नो जीवनको चौंथो चरणमा गङ्गावतरण महाकाव्य प्रारम्भ गरे । त्यस महाकाव्यको प्रथम सर्ग पूर्ण हुँदा नहुँदै उनको जीवनलीला पूर्ण भयो । विवेच्य गङ्गाअवतरण खण्डकाव्य सोही महाकाव्यको प्रथम सर्ग हो । राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित र कवि माधव घिमिरेद्वारा सम्पादित पच्चीस वर्षका खण्डकाव्य शीर्षक पुस्तकमा गङ्गाअवतरण खण्डकाव्यको पनि सङ्ग्रह गरिएको छ ।

गङ्गाअवतरण खण्डकाव्य कर्मवादको गाथा हो । यसलाई कविले कर्मयोग भनेका छन् । सृष्टि चकलाई धार्मिक आध्यामिक दृष्टिकोणले हेर्नु र परमेश्वरको विधान अनुसार नै सम्पूर्ण जीवनजगत चलायमान छ भन्ने धारणाको प्रतिपादन गर्नु लेखनाथको लेखकीय स्वाभाव नै हो । प्रस्तुत खण्डकाव्यमा विष्णुले गङ्गालाई सम्बोधन गर्दै भन्छन्-

बद्ध सदा छौं नियति सूत्रमा कमलासनतक सारा हामी घटघट भासक विश्वनियन्ता अलगै वस्त अन्तर्यामी उसको भित्री खटनपटन हामी सबैले चल्नै पर्छ, न्यायमार्गमा जो जति पर्छन बिहन सबै ती दल्नै पर्छ ।

यो खण्डकाव्य वास्तवमा महाकाव्य रचनाको ध्येयले प्रारम्भ भएको अपूर्णांश हो । यसैले यसमा गङ्गाजी स्वर्गबाट पृथ्वीतिर अवतीर्ण हुन लाग्दाको एउटै घटना वर्णित छ । यो घटनाबाट गङ्गागौरी महाकाव्य को कथाबीज र काव्य मूल उद्देश्य झल्किएको छ ।

राममणि रिमाल, नेपाली काव्य र कवि, सा. प्र. पृष्ठ ५७

खण्डकाव्यमा कल्पनाको प्रयोग अत्यन्त सुन्दर देखिन्छ । स्वर्गबाट पृथ्वीतिर ओर्लिदै गरेकी गङ्गा आकाश मार्गमा पवनका सातपत्र र शिवका जटाजुटाभित्र अल्झिन पुग्छिन् । गङ्गाको पवनसँग सङ्घर्ष र शिवको जटाजुटबाट ओलिदा गङ्गाले बेहोर्नु परेको कष्टले एकातिर जीवन

बिताउँदा आइपर्ने दुःखमा प्रत्येकले संघर्ष गर्नुपर्ने अनुभव ध्वनित भैरहेको छ भने अर्कोतिर यसले हाम्रो पौराणिक कथानकलाई समेत उद्धीप्त र पुष्ट पारेको छ ।

गङ्गा वात्सल्य र करूणाकी प्रतीक मात्र होइनन्, कर्तव्यपथबाट जस्तोसुकै दुःखमा पनि अविचलित रहने साहसकी मूर्तिसमेत हुन् । भगीरथको भक्तिप्रति गङ्गाले देखाएको सद्भावले मान्छेकै अनुरागको प्रतिनिधित्व गरेको छ भन्दा फरक पर्दैन । यसर्थ यस खण्डकाव्यमा प्रतिपादित विषयसुत्र पौराणिक भए पनि यसको मुल ध्वनि मान्छेको जीवनसँग गाँसिएको छ । राजा भगीरथ समस्त भारतवर्षकै इतिहासका विभूति हुन्, तसर्थ उनको कर्तव्य गाथामा आधारित यो काव्य भारतीय सभ्यता तथा संस्कृतिको पुनर्जागरण को उदघोष हो ।

लेखनाथ छन्दका कवि हुन् । भाव अनुकूल छन्द खेलाउन सक्नु उनको प्रातिभ चमत्कार हो । यो काव्य जम्मा ७७ श्लोक सङ्ख्याको छ, त्यसैले रूप र आयामका दृष्टिले उनका पूववर्ती अन्य रचनाहरू भन्दा यो निकै सानो छ । तसर्थ यसलाई लघुकाव्यको दर्जामा राख्नुपर्ने तर्क पनि आउन सक्छ । लेखनाथका खण्डकाव्यमा आख्यान तत्त्व निकै सूक्ष्म देखापर्छ । आख्यानको सूक्ष्मता वा कमीका कारण उनका खण्डकाव्यको वाह्य संरचना कमजोर देखिन्छ, जुन कुरा गङ्गावतरण सन्दर्भमा पनि लागू हुन्छ ।

लेखनाथ पौडयाल आफ्ना खण्डकाव्यमा परम्परागत र नवीन विषयवस्तु दुवैलाई अँगाल्छन् । परम्परागत र नवीन विषयका रूपमा नीति, अध्यात्म, संस्कृति, प्रकृति, स्तुती आदि अपनाइएका हुन् भने नवीन विषय वस्तुका स्पमा सामाजिकता, मानवतावाद, सांस्कृतिक पुनजार्गरण आदि रहेका छन् । खण्डकाव्य तथा कवितामा देखापर्ने लेखनाथको अर्को विशेषता शैली शिल्पगत परिष्कार र परिमार्जन हो । प्रचलित संस्कृत शब्द र झर्रा नेपाली शब्द चुनेर सन्तुलित ढ्गले प्रयोग गर्न सक्नु उनको भाषिक परिपक्वता मान्न सकिन्छ । यस काव्यमा लेखनाथको दार्शनिक ब्यक्तित्व पनि कवि व्यक्तित्वसँगै यदाकदा लुकामारी खेलिरहेको देखिन्छ ।

लेखनाथले आफ्नो जीवनकालमा अनेक काव्य र कविताहरू लेखे, त्यसको उत्कर्ष तरूणतपसीमा पुगेर देखापऱ्यो, तर यस काव्यमा पनि कविता भन्दा दर्शन बढी उत्रेकोले सायद लेखनाथभित्रको कवि असन्तुष्ट बन्यो होला, त्यसैले विशुद्ध काव्य लेख्ने रहर सँगालेर उनले गङ्गागौरीको उपकम थालेको हुनुपर्छ । यो उपक्रम अपूर्ण बन्न पुगे पनि गङ्गावतरण खण्डकाव्यका रूपमा उनको प्रौढि, अनुभपी र कर्मठ कलम सार्थक बन्न पुगेको छ ।

## ३.३ लक्ष्मीप्रसाद देवकोटा र उनको *मुनामदन* खण्डकाव्य

नेपालका साहित्यिक गौरवका रूपमा विश्वसामु अगाडि सार्न सकिने एक विराट काव्य व्यक्तित्वका धनी महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) ले राणाकालीन परिवेशको साहित्यिक अभियान र २००७ साल यताको प्रजातन्त्रोत्तर कालसम्म साहित्यिक क्षेत्रमा अनवरत नेतृत्व प्रदान गरेको देखिन्छ । आधुनिक नेपाली कविताको दोस्रो मुख्य धारा अर्थात स्वच्छन्दतावादी प्रगतिवादी धाराका प्रवर्तक देवकोटा सङ्ख्या र गुण दुवैका ढृष्टिले नेपाली साहित्यिकविशिष्ट प्रतिभा हुन् । कविता बाहेकका अन्य विधामा पनि उनको राम्रो दखल रहेको छ ।

आधुनिक नेपाली खण्डकाव्यमा समेत देवकोटाको गरिमामय योगदान निकै गहुँगो मानिन्छ । देवकोटाले दुई दर्जन जति खण्डकाव्य, नेपालीमा प्रकाशित ६ वटा महाकाव्य, सयौं निबन्ध, फुटकर कविता र समालोचनात्मक कृतिहरू लेखेका छन् । यी मध्ये महाकविका आफ्नै मूल्याङ्कनमा पनि खरो उत्रिएको खण्डकाव्य मुनामदन, भानुभक्तको रामायण पछि सर्वाधिक चर्चित लोकप्रिय कृतिका रूपमा प्रसिद्ध रहेको छ । मुनामदनको प्रकाशनकाल कसैले वि.सं १९९२ भनेका हुन्, कसैले १९९६ भनेका छन् तर मदनपुरस्कार पुस्तकालयमा प्राप्त पाण्डुलिपिका आधारमा १९९२ लाई नै मुनामदनको प्रथम प्रकाशन मिति मान्नुपर्ने प्रमाण समालोचक वासुदेव त्रिपाठीले अघि सारेका छन् । वि.सं १९६६ सालमा जन्मेका लक्ष्मीप्रसाद देवकोटाले दशवर्षको उमेर अर्थात १९७६ सालदेखि कविता लेख्न थालेको पाइन्छ । १९७६ देखि १९८६ साल सम्मको ९ वर्ष अवधि चाहिँ महाकवि देवकोटाको कवित्व छहरिएको समय हो । यसैकालमा देवकोटाले मुनामदन जस्तो विशिष्ट खण्डकाव्य मुना र मदनको प्रेमकथामा आधारित छ । नेवारी लोकगीत जि वया ला लछि मदुनि को भावात्मक प्रेरणा ग्रहण गर्दै लेखिएको यो खण्डकाव्य महाकवि देवकोटा पहिलो पुस्तकाकार कृति हो ।

नेपाली झ्याउरे लोकलयको सफल प्रयोग ग्रामीण जनजीवनका सरलता र शिष्टता प्रतिको आकर्षण, शहरिया कृत्रिम जीवन र पैसाका लागि विदेशिने प्रवृत्तिप्रति असन्तोष, सहज प्राकृतिक जीवनशैलीको मधुर गायन यस खण्डकाव्यका नायक पैसा कमाउन ल्हासा जाने तयारी गरिरहेको बेला उसकी पत्नीले छाडेर नजान आग्रह गरेको, पत्नी आग्रह नमानेर जाँदा विश्वासघाती साथीहरूले हैजा लागेको बेला वनमा मदनलाई एक्लै छाडेर लालापाखा लागेको र एकजना सहृदयी भोटेले भेटाएर आफ्नै घरमा लगी औषधी उपचार गरेको अनि फर्किने बेला प्रशस्तै सुन दिन खोज्दा भोटेले नमानेको, यसको बदला केटाकेटीलाई आशीष दिए पुग्ने बताएको अनि मदन घरमा आउँदा

उसकी आमा र प्राण जस्ती प्यारी पत्नी मुना उसको विरह खप्न नसकेर मरेको जस्ता घटनाक्रमको सृष्टिद्वारा महाकवि देवकोटाले धनसम्पतिबाट आत्मिक सन्तोष प्राप्त हुँदैन भन्ने मात्र नभई मन र धनका बीच छन्द देखाउनु यस खण्डकाव्यको उद्देश्य हो । प्रेम, मानवता, विश्वास र आत्मसन्तोषबाट जीवनमा सुख प्राप्त हुन्छ, पैसाले होइन मुनामदनका देवकोटा यही आदर्श मुखरित गरिरहेका देखिन्छन् । मुनामदनलाई मानवताबादी एवम् विश्ववन्धुत्ववादी जीवनदर्शनको साहित्यिक अभिव्यक्ति मानिन्छ ।

कवि शिरोमणि लेखनाथ पौड्यालले प्रारम्भ गरेको आधुनिक नेपाली खण्डकाव्य परम्परामा परिष्कार चेतना भेटिन्छ भने महाकवि देवकोटामा चाहिँ सहज स्वच्छन्द भावोच्छलन पाइन्छ । कविता लेख्दा आफू पनि कविता जस्तै बग्नसक्नु देवकोटाको शैलीगत वैशिष्देय हो । देवकोटाले नेपाली खण्डकाव्य परम्परामा स्वच्छन्दतावादी प्रगतिवादी धाराको नेतृत्व गरेर पाश्चात्य साहित्यका स्वच्छन्दतावादी मूल्य मान्यता एवम् दृष्टिकोणद्वारा नेपाली साहित्यलाई समृद्ध तुल्याए । मुनामदन खण्डकाव्य देवकोटाका यी सबै प्राप्तिहरूको बहुमूल्य निचोडका रूपमा प्रतिष्ठित छ ।

## ३.४ माधव घिमिरे र उनको *राष्ट्रनिर्माता* खण्डकाव्य

नेपाली साहित्यमा संस्कृत छन्द परम्पराको लामो श्रृङ्खलाबद्ध विद्यमान छ । यस श्रँखलालाई व्यापकता दिने र आधुनिकीकरण गर्ने काम लेखनाथ पौड्यालबाट सुरु भयो, जसलाई लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र माधव घिमिरे आदि सिद्धहस्त कविहरूको अरू अगाडि बढाए । छन्दोबद्ध नेपाली कविताको परम्परालाई लोकप्रिय तुल्याउने कविहरूमध्ये माधव घिमिरे लेखनाथको लगतैपछि अग्रपङ्क्तिमा देखिएका हुन् र उनी अद्यापि त्यस पङ्क्तिमा रहेर नेतृत्व सम्हालिरहेका हुन् । माधव घिमिरेको जन्म १९७६ वि.सं मा लमजुङ् जिल्लाको पुस्तुन गाउँमा भएको थियो । यिनी भावुक र संवेदनशील स्वच्छन्दतावादी कवि हुन् । घिमिरेका गौरी, राजेश्वरी, पापिनी आमा, राष्ट्रनिर्माता, धर्तीमाता आदि खण्डकाव्यका साथै नवमञ्जरी, घामपानी नयाँ नेपाल, बालबलहरी, किन्नर किन्नरी जस्ता कविता तथा गीत सङ्ग्रहहरू शकुन्तला, मालती मंगले, अश्वत्थामा जस्ता गीति नाटकहरू प्रकाशित भैसकेका छन् ।

नेपाली कविता पढ्ने ग्रामीणस्तरका अर्धाशिक्षित व्यक्तिहरू कविता भनेको छन्दोमय प्रस्तृति हो भन्ने धारणा राख्दछन् । जनसाधारणमा यस्तो धारणा रहनुका पछाडि जनताको मर्मलाई छुन छन्दोबद्ध कविता सफल देखिनु नै एकमात्र कारण हो । छन्दमा लेख्ने कविहरू वर्तमान विश्वका साहित्यिक गतिविधि, प्रवृत्ति र सीमासँग जति परिचित छन् त्यो भन्दा बढी नेपाली जनताको शोक,

पीडा र राष्ट्रिय हितको सन्दर्भप्रिति सचेत एवम् जागरूक छन् । राष्ट्रकवि माधव घिमिरे यस्तै भावनाको प्रतिनिधित्व गर्दछन् ।

नेपाली कवितामा स्वच्छन्दतावादी पाश्चात्य काव्य प्रवृत्ति भिञ्याउन तीन जना कविले विशेष योगदान दिएका छन् । ती हुन् लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र माधव घिमिरे । यी तीनजनाले नेपाली कवितामा व्यापक रहेको शैल्पिक परिमार्जन र विषयगत परिष्कारको लेखनाथकाल काव्य रूचिमा परिवर्तन गरी स्वच्छन्द तथा प्रकृति उन्मुख कविताहरू सिर्जना गर्नु थाले । यस क्रममा देवकोटा र सिद्धिचरण बढी काल्पनिक बन्दै गए भने माधव घिमिरे चाहिं वस्तुनिष्ठ सिर्जनाको बाटो अगाडि बद्दै गए ।

परिष्कारबादी काव्यमा प्रकृति उद्धीपन विभावको रूपमा उपस्थित हुन्थ्यो त स्वच्छन्दतावादमा आइपुग्दा प्रकृति आफै आलम्वन विभावमा रूपान्तरित भयो । नेपाली जातिको इतिहाससिद्ध बीरताको गाथा यस अघि राष्ट्रप्रेम र स्वदेश गौरवका आधारमा निश्चित उद्देश्यका लागि वर्णन गरिएका चिह्न्, जुनकुरा यस कालका कविहरूले सचेत रूपमा प्रारम्भ गरे । नेपाली लोकजीवनका साँस्कृतिक, धार्मिक, तथा जातिय सैन्दर्यले नयाँ विश्लेषण र काव्यमूल्यहरू स्वच्छन्दतावादको विकासका क्रममै प्राप्त गरे । कवि माधव घिमिरे यी सबै बिशेषता बोकेका चम्किला आधुनिक कवि हुन् । छन्दोबद्ध कविता माथि चौतर्फी आक्रमण भैरहेको र गद्य कविताको विकास र विस्तार नै मूल साहित्यिक परिपाटी बनिरहेको वर्तमान परिवेशमा छन्दका माध्यमले स्तरीय भाव व्यञ्जना गर्न सक्नु घिमिरेको साधनागत स्थिरताको परिचायक हो ।

माधव घिमिरे उत्कृष्ट रसवादी कवि हुन् । उत्तम कवितामा रस र कविता छुट्टिदैन्, दुवैको अस्तित्व एकाकार हुन्छ । यहाँ विवेचना गर्न खोजिएको घिमिरेको खण्डकाव्य राष्ट्रनिर्माण पनि काव्य नायक पृथ्वीनारायण शाहको ओज, दूरदर्शिता र राष्ट्रप्रेमको समाष्टिगत भावनाकै पुरक बनेर वीररस ब्यक्तिएको छ । कल्पना, शब्द योजना र रस सन्निवेश आदि सम्पूर्ण ढृष्टिले हेर्दा राष्ट्रनिर्माता अत्यन्त हृदयग्राही बन्न पुगेको छ । कविताको आवरण वीररस र राष्ट्रवादी भावनाको परिणक राष्ट्रनिर्माता खण्डकाव्यको महत्तम उपलब्धि हो ।

आधुनिक विशाल नेपाल राष्ट्रका कल्पनाकार श्री ५ पृथ्वीनारायण शाहले बाइसे चौविसे राज्यहरूमा विभक्त टुक्राटुक्रा भूभाग जोडेर अहिलेको नेपाल बनाउने अभियान सुरु गरेका थिए । उनी अखण्ड एवम्, समृद्ध राष्ट्रका पक्षपाती र सामाजिक राजनीति दृष्टिले समेत अत्यन्तै सचेत राजा थिए,। दिव्योपदेशका उपदेशक पृथ्वीनारायण शाह राष्ट्रिय हितप्रति ज्यादै गंभीर तथा दूरदर्शी

व्यक्तित्व थिए । उनको यही दूरदर्शिता र उदात्त राष्ट्रवादी स्वाभावको अभिब्यक्ति प्रस्तुत काव्यको मूल विषय हो ।

खण्डकाव्यको पूर्व प्रसङ्गमा घिमिरेले लेखेका छन् । नेपाल अधिराज्यको सीमा पूर्वमा अरूणपार र पश्चिममा चेपे नदीसम्म, एकबाजि त कालीगण्डकीसम्म पनि, पुगेको बेला पृथ्वीनारायण सित उनका भाइ दलमर्दन राज्य बाँड्ने विचार गर्छन् । तर अझै विशाल र अखण्ड नेपालका स्वप्नद्रष्टालाई यो कुरा मान्य हुँदैन । यो काव्य यही ऐतिहासिक प्रसङ्गमा आधारित छ । पृथ्वीनारायण र उनका भाइ दलमर्दन शाहवीचको वार्तालापमा आधारित यो काव्य संवाद शैलीमा लेखिएको छ ।

पात्र चयन र विषय चयनवीचको तारतम्यले यो काव्य अत्यन्त आकर्षक बन्न पुगेको छ । एकातिर यसमा चित्रित विषय हाम्रो अखण्ड राष्ट्रिय अस्मिताका लागि कियाशील वीर राजाको कीर्तिगानसँग सम्वन्धित छ भने अर्कोतिर ब्यक्ति भन्दा राष्ट्र ठूलो हो भन्ने आधुनिक चेतना फिँजार्न पनि यो काव्य सक्षम छ ।

यस काव्यका दुइ पात्रहरूमध्ये पृथ्वीनारायण शाह उदात्त चरित्र, आदर्श भावना, दृढ इच्छाशक्ति र वीरत्वले अभिप्रेरित राष्ट्रनायक हुन् । उनी निश्चित एवम् सुस्पष्ट लक्ष्य, सिद्धान्त र विचारका आधारमा कियाशील छन् । व्यक्तिगत सुख सयल, दैहिक सन्तुष्टि र कृत्रिम व्यवहारवादिता उनका लागि गौण कुरा हुन् । तर उनका भाइ दलमर्दन शाह चाहिँ कातर सत्तालोलुप र संकीर्ण व्यवहारवादी देखिन्छन् । दाजुका आदर्श विचारलाई पूरा गर्न सघाउनुको सट्टा त्यसमा भाँजो हाल्न उनी तम्तयार देखापर्छन् । यसरी यी दुई भिन्न चरित्रको पारिवारिक वा नातागत सम्बन्ध र समानता, तर दृष्टिकोण असमानता र वैपरीत्यले यस काव्यमा बलियो द्वन्दलाई कविता बनाएर पस्किन घिमिरे पुरै सफल भएका छन् ।

घिमिरेका खण्डकाव्यले विभिन्न रस पक्रेका छन् । उनको पहिलो खण्डकाव्य गौरी करूण रसको अनमोल रचना हो, यस्तै राजेश्वरी विप्रलम्भ श्रृँगार र करूण रसको दोभानमा उभिएको छ भने राष्ट्रनिर्माता वीर रसको दस्तावेज बनेको छ । यहाँ विवेच्य खण्डकाव्य विषयवस्तुका दृष्टिले उच्चस्तरको रचना हो भने विचार, कल्पना र शैलीगत परिष्कारका दृष्टिले चाहिँ उच्च मध्यम स्तरको रचना हो ।

## ३.५ वासुदेव त्रिपाठी र उनको *अर्द्धनारीश्वर* खण्डकाव्य

वासुदेव त्रिपाठी (जन्म १९९९) नेपाली साहित्यको सिर्जना तथा समालोचना विधाका मूर्धन्य स्रष्टा हुन् । उनका *तीन थुङ्गा* (२०४५), *देशको महिला* (२०४६), *नवपल्लव* (२०४६), *गीतिसङ्ग्रह* (२०३५), *सम्झनाकुञ्ज* (२०६६), *मधुकुञ्ज* (२०७०) जस्ता सिर्जनात्मक कृति प्रकाशित छन् । अर्धनारीश्वर काव्य त्रिपाठीको तीन थुङ्गा काव्यसङ्ग्रहमा सङ्गृहीत काव्य हो । यो १४९-१८६ पृष्ठमा रहेको छ । यस काव्यमा चार श्लोक रहेका ४६ परिच्छेदका १८४ श्लोक छन् ( भूमिका, २०४५, पृ. १४९) । यिनै श्लोकभित्र निबद्ध रहेर यस अध्ययनमा पौरस्त्य दर्शनकोप्रभाव विश्लेषण गरिएको छ । पौरस्त्यको अर्थ पूर्वीय हो (आप्टे, २००७, प. ६३७) । पूर्वीय भन्नाले एसिया अफ्रिका अनि प्रचुरताको दृष्टिले अरबी, फारसी, भारतवर्षीय, चिनिया, जापानी आदि भाषा क्षेत्रका साहित्यिक सिद्धान्त बुझ्नु पर्छ तापनि सीमित र विशेष सन्दर्भमा भने पूर्वीयको मुख्य तात्पर्य संस्कृत काव्यशास्त्र र समालोचना पद्धति बुझ्नुपर्छ (त्रिपाठी, २०६६, पृ. २२) । त्रिपाठीले उल्लेख गरेका उक्त पौरस्त्य दृष्टिलाई आधार मान्ने हो भने पौरस्त्य दर्शनअन्तर्गत पूर्वको धरातलमा विकास भई प्रचलनमा रहेका वैदिक पूर्वीय दर्शन (वैशेषिकदर्शन, न्यायदर्शन, साङ्ख्यदर्शन, योगदर्शन, मीमांसादर्शन र वेदान्तदर्शन) तथा अवैदिक पूर्वीय दर्शन जैन, बौद्धदर्शन र चार्वाकदर्शन पर्दछन् । यी दर्शनमध्ये यहाँ षड्दर्शनलाई आधार मानी अर्धनारीश्वर काव्यमा निहित भौतिक जगत्, आत्मा, कर्म, पुनर्जन्म, ईश्वरर मोक्षका आधारमा पौरस्त्य दर्शन अध्ययन गरिएको छ ।

तिमी अद्वैत हे तत्त्व ! नरनारी दुवै थियौ ।
निर्द्वन्द आदि मान्छे हे ! सर्व सम्पूर्ण झै थियो ।
सिँगो संग्लो तत्त्व तिमी न ता नारी न ता नर ।
न ता मिलनमा मग्न न ता विस्त काँतर ॥

नर र नारी सृष्टिका दुई फरक फरक रचना हुन् । यी दुवैवीचको परस्पर आकर्षण, परस्पर प्रेम समागम र संयोगमै जीवनको सुन्दरता सन्निहित छ । सनातन सृष्टिक्रम व्यवस्थितिका पुरुष वा नारी दुवैको एकलाएक्लो उपस्थिति अर्थहीन हुन्छ । यी दुवै एकअर्काको आवश्यकताद्वारा बाँधिएका छन्, आपसी सम्मिलितको साझा स्वार्थले अभिहित छन् र एउटाको हितमा अर्काको समेत हित हुने परिस्थितिद्वारा जकडिएका छन् । यही संचितिको विम्बमय कल्पना नै अर्द्धनारीश्वरको अस्तित्वको सङ्केत हो ।

हाम्रा पौराणिक आख्यानमा हरगौरीको अर्द्धनारीश्वर मूर्तिको मिथक पाइन्छ । यही मीथकलाई अखण्ड आद्य जीवसत्ताका रूपमा प्रस्तुत गर्दै कवि वासुदेव त्रिपाठीले यस खण्डकाव्यमा अर्द्धनारीश्वरको मूर्तिमान काल्पनिक सत्यलाई चिन्तनको दियोले प्रकाशित गरेका छन् । यहाँ सृष्टिक्रम, मानव विकास प्रक्रिया र जीवनजगतका भौतिक यथार्थको कलात्मक वर्णन गरिएको छ । नर अर्थात पुरुषको पूर्ण तृप्तिमा नारीको योगदान रहन्छ र नारीको जैविक तथा आत्मिक सन्तुष्टिका लागि पुरुषको आवश्यकता हुन्छ । यो सांसारिक चक्रको सनातन यथाक्रम हो । यसै यथार्थमा अर्द्धनारीश्वरको सत्ता अन्तर्निहित छ । अर्द्धनारीश्वर केवल कल्पना मात्र होइन, यो सृष्टिको आदिम रहस्य, जैविक सम्पूर्णताको अभिव्यक्ति र मानवीय तृप्ति एवम् तिर्सनाको सनातन परिणाम पनि हो ।

प्रस्तुत खण्डकाव्यमा अर्द्धनारीश्वरको विम्बमय बीजलाई आख्यानका रूपमा ग्रहण गरेर दर्शन, प्रकृति, अध्यात्मक र सांसारिक विषयवासनाका अन्तकुन्तरहरूको राम्रो चिरफार गरिएको छ । कवि भन्दछन् विना तृप्ति कहाँ तिर्खा, तिमी तृप्ति सनातन । विना तिर्खा कहाँ तृप्ति, तिमी तिर्खा पुरातन ।

यो काव्यको विषय वर्णनात्मक छ । कथानकको सट्टा एउटै केन्द्रीय अनुभूतिले काव्यमा एकान्विति प्रदान गरेको छ, तर स्वैरकल्पना र भ्रान्ति चाहिँ होइन । कल्पनाको यो आदि मूललाई देख्दा कवि विस्मयान्वित र चकित बन्छन् । उनी मूर्तिसँगै प्रश्न गर्छन् मूर्ति यो सृष्टि सङ्केत मिरमिराइरहेसरी, चर्मचक्षुहरू, मेरा तिरमिराइरहेसरी अर्द्धनारीश्वर तिमी कसका अभिव्यक्ति हौ ? यति दिव्य र दुर्दर्श सृष्टिका कुन शक्ति हौ ?

संरचनाका दृष्टिले यस काव्यमा ४६ परिच्छेद छन् । प्रत्येक परिच्छेदमा चार प्रकरण अनि प्रत्येक प्रकरणमा ४ पङ्क्ति छन् । अनुष्टुप छन्दमा लेखिएको यो काव्य अनुप्रासयुक्त हुनुका साथै कोमल लय योजनामा बाँधिएको छ । यो काव्यमा संस्कृतका तत्सम शब्दहरूको बाहुल्य रहेकोले कविता सबैका लागि सहज बोधगम्य भने हुन सकेको छैन । अर्द्धनारीश्वर खण्डकाब्य कवि वासुदेव त्रिवाठीको उदात्त र परिष्कृत कवि व्यक्तित्वको परिचायक हो । श्रुतिपरम्परा र पौराणिक आख्यानमा जीवन्त रहँदै आएको विषयवस्तुलाई मौलिक कल्पनाको माध्यमले सूक्ष्म आख्यानसूत्रमा उनेर कवि त्रिपाठीले यो खण्डकाव्यमा आन्तरिक सौन्दर्ययुक्त कवितात्मक अभिव्यक्ति प्रकट गर्न सफलता प्राप्त गरेका छन् । कल्पना, तर्क र अनुभूतिको सुन्दर समन्वयद्वारा यस खण्डकाव्यको वाह्रय तथा आन्तरिक संरचना सुदृढ बनेको छ ।

प्रस्तुत खण्डकाव्यमा कवि वासुदेव त्रिपाठीले कसिलो कविता शिल्पलाई बौद्धिकताको सामान्य र मरमीले मोहक तुल्याएका छन् । अनुसन्धान, विश्लेषण र सैद्धान्तिक चर्चा परिचर्चामा ख्यातिप्राप्त आधिकारिक विद्वान् त्रिवाठीलाई अर्द्धनारीश्वरले कविका रूपमा समेत दरिलो सिद्ध गरेको छ ।

## ३.६ कञ्चन पुडासैनी र उनको *प्रत्यागमन* खण्डकाव्य

प्रत्यागमन खण्डकाव्यका लेखक कञ्चन पुडासैनी प्रेम, माधुर्य, सौन्दर्य र अनुरागका कवि हुन् । उनको शिल्यगत प्रवृत्ति परिष्कारवादको नजिक छ भने विषयवस्तु चयन रोमान्टिक धारासँग नजिक छ । तर, प्रियाशीलताका दृष्टिले उनी नव्य आधुनिक अर्थात समसामयिक धारामा लेखिरहेका छन् । यसरी कञ्चन पुडासैनी विविध साहित्यिक कोणका अनौठा संयोग र त्रिवेनी बन्न पुगेका छन् ।

विवेच्य खण्डकाव्य प्रत्यागमनको कथासुत्र निकै झिनो छ । यसको मूलकथ्य अप्रत्यक्ष रूपले कविको जीवन बोधकैप्रस्तुतीकरण हो । यो खण्डकाव्यले केवल अनुभूति घटनाको व्यवस्थापनलाई मात्र आफ्नो अभीष्ट बनाएको होइन, यसमा मानवधर्मको लाक्षणिक सन्देश एवंम् आदर्श तथा नैतिकताप्रतिको गहिरो मोह र त्यस दिशामा प्रत्यागमन गर्नुपर्ने आह्वान समेत सन्निहित छ । आजको मान्छेका हाहाकार, पीडाबोध र नैराश्यका पछाडि उसको सांस्कृतिक अद्योतन एवम् आपसी विद्वेष र घृणाको चरित्र जिम्मेवार छ, जुन तथ्य प्रस्तुत खण्डकाव्यमा घुमाउरो ढङ्गबाट व्यक्त भएको छ । खण्डकाव्यमा प्रस्तुत विषयवस्तुमा सामाजिक सम्वेदनाप्रति गहिरो सहानुभुति व्यक्त गरिएको छ भने आफ्नो जीवनका विभिन्न पीडालाई कविले साधारणीकरण गरेर आम मानवीय पीडा पिरलाका रूपमा प्रस्तुत गर्न उल्लेख सफलता हासिल गरेका छन् । काव्यमा प्राचीन आर्य परम्परामा हुर्किएका र त्यसरी जीवन बिताएका बृद्धहरूको उदात्त एवम् कल्याणकारी चरित्रको आलोकमा आधुनिक संसारलाई हेर्ने प्रयत्न गरिएको छ, यसरी हेर्दा हाम्रा मूल्यहरू समाप्त हुँदै गएको देखिनाले कविमा एक पुकारका असन्तुष्टि र चिन्ता पैदा भएको देखिन्छ ।

प्रत्यागमनमा भएको लयात्मक मधुरता यसको अर्को सराहनीय पक्ष हो । उपयुक्त विम्बचयन, प्रतीकहरूको थोरै, तर गहकिलो प्रयोग र अनुप्रासयुक्त लय विद्यानले गर्दा कविता अरू बढी संपप्रेषणीय, रोचक र मनोहर बनेको छ । वर्णनात्मक शैलीमा समेत व्यंग्यको उचित एवम् कसिलो समायोजन गर्न सक्नु पुडासैनीको सफल कवित्वको परिचायक हो ।

कञ्चन पुडासैनीले प्रस्तुत खण्डकाव्यमा २०४१ सालमा मदन पुरस्कार प्राप्त गरेका थिए । पुडासैनी मूलत : सौन्दर्यवादी कवि हुन् । उनका कविताले आध्यात्मिक सुन्दरताप्रति आकर्षण पैदा गराउँछन् । यद्यपि यस क्रममा स्थूल सौन्दर्यलाई उपयोग गर्नु र स्थूलताको माध्यमले सूक्ष्मस्तरको सौन्दर्यप्रति सङ्केत गरेको छ र परोपकार, विश्वभ्रातृत्व, सद्भाव एवम् मानवतामै मानवीय गरिमा तथा शान्ति चिर स्थायी रहने धारणा व्यक्त गरेको छ । प्रत्यागमनले आज मान्छेका प्रेम सम्बन्धहरू मग्न हुँदै गएको, विवाह परिणयका सम्बन्धहरू शिथिल र देखौवा बन्दै गएको, अनि सामाजिक-राजनीतिक स्तरमा परस्पर घृणा, अपमान, तिरस्कार तथा वैमनस्यताको कालो बादल मडारिइरहेको परिस्थितिप्रति सचेत तुल्याउँदै यी सबै विडम्वनाबाट मुक्तिका लागि हाम्रो पूर्वीय आदर्श, नैतिकता एवम् सदाचार तर्फ प्रत्यागमन आवश्यक रहेको सन्देश प्रसारित गरेको छ ।

कवि कञ्चन पुडासैनीले प्रत्यागमनलाई आत्मकथाको रूपमा प्रस्तुत गरेका छन्, वास्तवमा यो खण्डकाव्य केबल आत्मकथा, मात्र होइन, कविको जीवनको मार्मिक व्यथा पनि हो । संसारमा कवि नै त्यस्तो व्यक्ति हो, जसको व्यक्तिगत जीवन दु:खपूर्ण, कष्टकर, दरिद्र हुँदाहुँदै पनि, ऊ आफ्नो सुर्ता होइन, सधैँ समाज र राष्ट्रकै सुर्तामा पिरलिइरहन्छ । प्रत्यागमनमा पनि यस्तै परिस्थिति देखापर्छ ।

प्रत्यागमनको विषयवस्तुलाई विभिन्न शीर्षकमा भिन्नाभिन्नै ढङ्गले व्यक्त गरिएको छ । स्मृति शीर्षकमा कविको बाल्यकालको संझना र आफ्ना बाजेको उदार उदात्त चरित्रको यशगान छ । प्रेयशी शीर्षकमा प्रेम-प्रपञ्चको अस्थायी एवम् नाटकीय घटना वर्णित छ भने त्यसैकारण कविताप्रति आकर्षित हुन पुगेका कविको यौवनकालीन मानस व्यापार एवम् कविता र वनिता बीचको तुलनात्मक रागभावको निरीक्षण विश्लेषण चाहिँ कवि संसार शीर्षकमा प्रस्तुत छ । यस्तै एउटा भित्र शीर्षकमा आफ्नो अध्ययनकालको एक दु:स्साहसी मित्रको वर्णन छ, जसले क्रान्तिका धेरै कुरा गर्ने गर्थ्यो, उसको क्रान्तिप्रतिको अनुरागले मानवीय जीवनको विविध चाखलाई सङ्केत गरेको छ । यस्तै पिर-पीडाहरू शीर्षकमा मान्छे सम्पत्ति भए पनि र नभए पनि, युवक वा प्रौढ जे भए पनि प्रत्येक छन् पीडाकै घेरामा घुमिरहन्छ भन्ने भाव ध्वनित भएको छ । यस्तै यात्री शीर्षकमा पुरानो एउटा मित्रको घरतिर गरिएको यात्रा संस्मरण छ भने खण्डकाव्यको पछिल्लो शीर्षक अर्थात प्रत्यागमनमा यात्राबाट प्रत्यागमनको चर्चासँगै पुनः पूर्वस्मृति तर्फकै प्रत्यागमन पनि व्यञ्जित छ ।

यहाँ कथा झिनो छ, तर कथानकको आयाम चाहिँ निकै व्यापक देखिन्छ । खण्डकाव्यमा विशेष गरी जीवनको कुनै एउटा घटनाको प्रभावकारी प्रतिविम्वन रूपमा प्रस्तुत गरिएका छन्,

जसले गर्दा यसको मूल काव्यात्मक सन्देश के हो निरूपण गर्न गाह्रो देखिन्छ । काव्य-सन्देशलाई कविताकै आवरणमा छिपाएर राख्नु पुडासैनीको कुशल कवित्व हो ।

## ३.७ निष्कर्ष

माथि विवेचना गरिएका खण्डकाव्यहरू नेपाली खण्डकाव्य विधामा बहुचर्चित, स्तरीय र गहकिला छन् । जसले नेपाली खण्डकाव्य विधालाई मात्र होइन सिङ्गो नेपाली साहित्य आकाशलाई फराकिलो बनाएका छन् ।

'गङ्गावतरण'मा आफू असैह्य पीडा कष्ट खपेर मानव सभ्यता, मानव रक्षा र मानव विकासको लागि लागिपर्ने महान व्यक्तिहरू महान् रक्षक र वात्सल्यप्रेमले भरिएको चर्चा गर्दै त्याग, बलिदानको महिमागान गरिएको छ भने 'मुनामदन' मा धन र मनको द्वन्द्व गराउँदै मानवतावादी दृष्टिकोण देखाएका छन् । त्यस्तै राष्ट्रनिर्मातामा राष्ट्रवादी भाव पोखिएको छ । सिङ्गो, अखण्ड राष्ट्र बनाई, देहानन्दको लागि भन्दा राष्ट्रको अस्तित्व जोगाउनको लागि सदा अटल रहनुपर्छ भन्ने राष्ट्रवादी चेत व्यक्त भएको छ ? 'प्रत्यागमन' खण्डकाव्यमा जीवन र जगत छताछल्ल र अस्तव्यस्त भएको आफ्नै कारणले हो, आफ्नै खराब कर्मले हो, त्यसैले त्यो खराब कर्म छाडी असल बाटो र असल कर्ममा फर्कौ भन्ने व्यक्त भएको छ । त्यस्तै अर्ध नारीश्वरमा मानवको अस्तित्वमा नारी र पुरुषको आकर्षण र समागमको भूमिका रहेको छ र एकअर्काको अस्तित्व र भूमिकाले सृष्टि चलेको छ भन्ने कुरा कलात्मक र सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । यसरी यी खण्डकाव्यहरूबाट अस्तित्ववाद, जीवनवाद, नारीवाद, राष्ट्रवाद, मानवतावादका दीपहरू प्रज्वलित भइरहेका छन् ।

## चौथो परिच्छेद

## *एक दिन : चार युग* खण्डकाव्य

### ४.१ परिचय

यक दीनैमा त्यो, चतुरयुग चल्दै छ जगमा ।
रहस्य भीत्रैमा, सवयुग, लुकेको छ त बुझ याँ ॥
सत्ये, त्रेता, द्वापर र कलि यि त चारै युगंसरी ।
विहान्, दीऊस्, साझाँ, र रजनि गरी घुम्छ यसरी ॥

(२)

बिहानी मिर्मिर् चार, वजिपछि सुरु, सत्य युग यो ।
बिहानी स्वर्णिम् नौ बजिपछि त अन्त्ये यि युगको ॥
विहानी फेरी नौ, वजिपछि सुरु त्रेता त युगै ।
दिवा पाँचै बज्दा यस युग, विदा हुन्छ छक भै ॥

(३)

दिवा पाँचै बज्दा, अब सुरु, यि द्वापर युग चिने ।
नवै राति बज्दा, अवधि त इतीश्री पनि हुने ॥
नवै राती वज्दा, सुरु अब, यि कालो कलियुग ।
विहानै चार बज्दा, इतिश्री त, भइदिन्छ ति युग ॥

(४)

यि आ-आफ्नै बेला, र अवधि, भित्रै घुम्छन सधैं ।
स्वभाव् गूणै आफ्नै, फरक त, हुने है अचम्मै नै ॥
घुमी क्रम् सङ्गै सब् युगहरू, गरी त्यो चक्र पूरा ॥
युगैपिच्छे चीरे करम त, जिवन् हुन्न अधुरा ॥

(५)

नमानी टन्टै यै, यक यक, गरी कर्म गरूँ म ।
मजाको रस्सीलो, रसमय, जिवन पार गरूँ म ॥
भित्री आँखा खोली, ढलमल, नभै दर्शन बुझौं ।
बनाई स्वर्गीये, जिवन यि, खुशी सब् यहिँ लुटौं ॥

## ४.२ भाग १ (सत्य युग)

(१)

चरीको मीठो त्यो, चिरविर, र चुल्बुल मृदु ध्वनि ।
सुनौलो भालेको, लयमय, रसीलो प्रिय ध्वनि ॥
सितै सुरु हुने, तिमिर त, चिरी त्यो कलियुगै ।
उज्यालो ल्यै आई, सलबल, गरी सत्य त युगै ॥

(२)

चुकै घोप्टीएको कलियुग, अँधेरो वध गरी ।
सुनै पोतिएको, सतयुग उभिन्छन् वरिपरी ॥
शितैको आँशूमा, कलियुग, हुँदै त्यो बरबरी ।
सकिन्छै कालै त्यो, तपतप, गरी आँशु त झरी ॥

(३)

कलीआँशू मोती, भइकन, छरिन्छन् चउरमा ।
खराव् हुन्नन् कोही, त जगत, भरी सत्य युगमा ॥
त्यसैले आऊँदा, सत-युग, ति मुस्काउँछ जगै ।
नहूने खुशी कुन्, जिव छ र ? त सत्ये यि युगमै ॥

(४)

अमृत धारा झार्दै, सतयुग, उदाउँछ कमलो ।
शक्ती प्राणै भर्दै, जिव-जन, बनाउँछ गतिलो ॥
पिई पीयूष धारा, हुँदछन खुशी जङ्गल तृणा ॥
सबै नौनी जस्तै, चिजबिज, मुलायम् सब तन ॥

(५)

कलिला हुन्छन् सब्, तन-मन, यतीखेर जनमा ।
दिउँसो सूकेको, शित पनि, विहान् हाँस्छ वनमा ॥
तनाव् पीडा बेथा, क्रमक्रम. प्रभातै समयमा ।
नवन्ने सब् कुरा, फटफट, बनीदिन्छ सवमा ॥

(६)

यहीँबेला तर्कै, गणित र, विचार् बुद्धि फुरूने ।
जुनै कूरा ठूलो, निरणय, यसै तक् त गरने ॥
चमत्कार जस्तै, प्रगति त, सवै यै तक हुने ।
यिनै कुरा बूझी, जिवन त, महानै बनउने ॥

(७)

यताऊती देख्यो, जुनचिज, पनी सुन्दर हुने ।
मनैमा छुट्टै त्यो अद्भुत, यि आनन्द रहने ॥
ब्रम्हाण्डीयै शक्ती, सलबल, गरी डुलिरहने ।
तपस्वी ध्यानीको, अति खुब, तपै लागिरहने ।

(८)

दुनीयैँ त्यस्तो यो, दुःख-पिर, कतै हुन्न नरमा ।
बुझेरै अन्याये, समर नि, कतै हुन्न घरमा ॥
सबै एक् से एक नै, असल छ, न चाहिन्छ इश्वर ।
पुकार्ने गुहार्ने, न जरूर, हुने यो युग भर ॥

(९)

भगूवानै कुनै, प्रकट छ, अरू नै त युगमा ।
भगूवानै कुनै, न प्रकट, न चाहिन्छ जपना ॥
विहानी सत्ययुग, रूप-गुण, छ यौटै त यउटै ।
त्यसैले बिहानी, समय त, बुझौँ सत्य युग नै ॥

(१०)

सबैभन्दा उत्तम्, युग त यि, सत्ये यूग यही नै ।
बलैले यैवेला,मजबूत, भई जित्नु जग नै ॥
सबै युग्को आधार, सतयुग, विहानी पख न यो ।
मुहानै शान्तीको, अविरल हुने सत्य युग हो॑

(११)

विहान आँखा खोली, मनमन, चित्रै खीचि दिनकै ।
बनाई तालीका, दिनभर, उठी है सक्रिय भै ॥
महान् लक्ष्य बोकी, सररर, नुहाई शरिरमा ।
दुवै प्याला पानी, पियर त, नि व्यायाम कसना ॥

(१२)

अनेक् प्राणायामै, थरिथरि, अखण्डैसरि गरी ।
अनेक् व्यायामै त्यो, थरिथरि गरी जीवन भरी ॥
अचूक् योगा व्यायाम्, कसरत, मुलाधार् प्रगतिको ।
नछुटाई विहान् संसकृति, बनाए जिवनको ॥

(१३)

यिनै योगा व्यायाम्, सवसव, अनीवार्य जनमा ।
यिनै कुरा भोजन्,सरि सव, हुनैपर्छ तनमा ॥
विना योगा व्यायाम् मनरथ, पनी जान्न अघि त ।

विना प्राणायामै, तनरथ, पनी जान्न अघि त ॥

(१४)

मुहानै हो व्यायाम्, सवसव, जुनै चाहिँ बलको ।
तनै स्वस्थै पारी, मन पनि, खुशी पारि सबको ॥
विकार् धोई चुस्तै, सलसल, बनाई यि मनमा ।
संसारै हाँक्ने यो, वनि अनि, सुशान्तै त जगमा ॥

(१५)

तिनै योगा व्यायाम्, जगभरि, विपूलै धन वुभ्की ।
गरौं योगा व्यायाम्, नगरि त, सधैं अल्छि जुमसी ॥
निरोगी स्वस्थ्यै भै, जगभरि, ठूलै काम गरन ।
सकौँ शानै सङ्गै, खुशि खुशि, मनैबाट मरन ॥

(१६)

गरी पूरा योगा, तन-मन, सबल भै त बिजुली ।
गरी कामै पूरा, हर पथ, सफल् केही नभुली ॥
बढी स्फूर्ती जीऊ, फुरफुर, भई वायु जसरी ॥
संसारै जित्ने आँट् बढ्छ त, मनैमा भरिभरी ॥

(१७)

यि योगा प्राणायाम्, गरिगरि, जिऊ हुन्छ हलूंगो ।
शरीरका पीडा, सब हरि, शितल् हुन्छ जिउको ॥
दिमागैको त्यो सब् भरिभरि, रसायन् बरसने ।
बनी अक्सीटोसिन्, मगज नि, र आनन्द भ्करने ॥

(१८)

जहाँ शारीरीकै, कसरत, गरीने मुलुकमा ।
कुनै कारागारै, बनउन, जरूरै नहुनु त्याँ ॥
मजा आएसी त्यो, कुलत त, मनैमा नरहने ।
जिवन् स्वर्गीये भ्कैं, खुशिमय, सधै भै त रहने ॥

(१९)

हुँदैनन् बाहीरै, सब शत्रु, भित्रै हुन्छ त लुकी ।
नियन्त्रण् कम्जोरै, भयपछि, मुलै आउँछ फुटी ॥
हतीयारै योगा, कसरत, शत्रु आफू भित्रको ।
गरी नष्टै पूरा, शितल छ, सबै मन र तनको ॥

(२०)

फसेको दुर्व्यस्नी, पनि अब, छुटाऊँछ यसले ।
महीमा औधी नै, छ मनुज, बुभ्काऊँछ यसले ।

शत्रू सब बाहीरी, पनि अब, घटाऊँछ यसले ।
मित्रू आफूभीत्रै, उम्रन त, सघाऊँछ यसले ॥

(२१)

यती कामै पूरा, भयपछि, त आधा अब भयो ।
यसैमा ध्यान त्यो, थपिपछि, त पूरा भइगयो ॥
महीमा ध्यानैको, जगभर, कुनै छैन अबुझ ॥
चमत्कारै जादू, सरि अब लिनै त्यो त नछुट ॥

(२२)

यि ध्यानैका ऊर्जा, पटपट, फुटी विस्फुट हुने ।
यि ध्यानैको शक्ती, हुटहुट, भई चन्द्र त छुने ॥
यि ज्वालामुखी झैँ, भित्र अति, त अग्नी बलिरने ।
यि भूकम्पै जस्तो, तनभरि, त शक्ती कँपिरने ॥

(२३)

बचेका सब् अन्तर्, शत्रु अब, सखापै यि तपले ।
बुझौ वीना ध्यानै जगत त, अपूरै छ सबले ॥
अखण्डै ध्यानैको अनल त मनैमा, जलिजली ।
यि काम्, क्रोध्, लोभ्, इर्ष्या, सबसव, खरानी सब जली ॥

(२४)

दसै इन्द्रीयै त्यो, शत्रु-मित्रु, दुवैतीर जगमा ।
जितेको इन्द्रीयै, अति मित्रु, भ्रमै छैन यसमा ॥
बलीयो इन्द्रयै, अति शत्रु, मनूष्यै जगमा
हातीयारै ध्यानै जिति शत्रु, त इन्द्रीय मनमा ॥

(२५)

दसै इन्द्रीये त्यो, शत्रु-बिज, त बाहिर जनमा ।
जितेको इन्द्रीयै, शत्रु-बिज, कतै हुन्न जगमा ॥
यि योगा प्राणायाम् अचुक त, कुनै अश्त्र सरि यो ।
यि अश्त्रै ध्यानैको, त जरूर, यि ब्रम्हाश्त्र सरि यो ॥

(२६)

ब्रम्हास्त्रै ध्यानैको, गरिगरि प्रहारै भुतलमा ।
प्युँछन् अमृत्, धारा, सरि रस, पुगी देवतलमा ॥
ब्रम्हास्त्रै ध्यानैको, छरिछरि, सबै क्षेत्र, त भरी
महान् यात्रा सारा, तयगरि, पूरा गर्छन् तरी ॥

(२७)

सुषुप्तै शक्ती त्यो, सब जन, भित्रै नै सुतिरने ।
नभेटी बाटो त्यो, सब जन कठै ! बुद्ध भैरने ॥
यऊटै बाटो हो, तप पथ, ब्रम्हाश्त्रै जपिरने ।
विकल्पै ध्यानै हो, अरू सब, भ्रमै मात्र त हुने ॥

(२८)

सुतेको मान्छे त्यो, उठि हिडि, परै पुगिरहने
उठेको मान्छे त्यो, हिडि कुदि भन्नै दूर् अघि हुने ॥
कुदेको मान्छे त्यो, उडि उडि, जुनैसम्म त छुने ।
बनाऊने यी सव्, जप-तप, ब्रम्हाश्त्रै भनि गुने ॥

(२९)

यि योगा ध्यानैले, वनउँछ, पूरा त्यो मनुज त ।
पशुत्वै सब् सारा, धुयर त, सफै भै रहनु छ ॥
कुहिरो कालोले, मनुछवि, पुरेकै छ सब ती ।
नचाहीने कूरा, सब भिकि, त ढुङ्गै त मुरती ॥

(३०)

यि योगा ध्यानैले, कतिपय बनाऊँछ निरूगी ।
शरीरैको रोगै अजय त, विसेकै भइ पुरी ॥
हटी पीडा दर्दै, तनविच, पनी सूख मनमा ।
परीश्रम् सारा त्यो, गरिगरि, लगानी यि धनमा ॥

(३१)

खराबै वीचार्ले, मनरवि, थुनेको छ जकड़ी ।
फुटाल्ने औजारै, जपतप, प्रयोगै गरिगरि ॥
यहीँ ब्रम्हानन्दै, तनभरि, छरी शान्ति तपले ।
कुनै हत्या हिंसा, जरूरत, नभै शान्ति मनले ॥

(३२)

अकाशै कोठाको, र गगन, त यौटै प्रकृतिको
लगाई दीवार्ले, त फरक, भ्रमै छर्किदियको ।
मनूष्ये आत्मा यो, मनभित्र त परेमात्म गगनै ।
विचारैको दीवार्, अड़चन, बनी छेकि सब नै ॥

(३३)

हटी बादल सारा, भ्रलमल, किरण सूर्य अहिले ।
किरण् सूर्येको त्यो, युगभर, उदाऊँछ जहिले ॥
हटी वीचार् सारा, भ्रलमल, त पर्मात्म अहिले ।
सदा पर्मात्मा त्यो, भ्रलमल, रहीरान्छ जहिले ॥

(३४)
तपै ध्यानैवाटै, त हटछ, विचार् बादल त त्यो ॥
तपै ध्यानैवाटै, त ढलछ, दिवार्- आत्म सब यो ॥
विचार्को कूहीरो, सब सब हटेसी त मनमा ।
मनैका आत्मा त्यो, विलउँछ, त पर्मात्म जगमा ॥
(३५)
यकै थोपा पानी, पनि अब, मिसीए त समुद्रै ।
यकै टुक्रा आकाश, टुटपछि, त वीशाल सगरै ॥
यकै आत्मा जोडी, मनुज त, यि पर्मात्म जसरी ।
भई पर्मात्मा त्यो, त असिम, र आकाश जसरी ॥
(३६)
विचारैको वादल्, गयपछि, हटेरै त मनमा ।
विचारको पर्खाल्, गयपछि, ढलेरै त मनमा ॥
दिमागै खाली भै, भरिभरि, हुने ज्ञान जनमा ।
दिमागै शून्ये भै, भरिभरि, हुने मस्ति जनमा ॥
(३७)
मनै आनन्दैले, युगभर, विकास् गर्छ जगमा ।
प्रज्ञा सम्पन्नैले, युगभर, प्रकाश् छर्छ जगमा ॥
प्रज्ञा आनन्दैमा, न जरूर, छ भ्रष्ट सरि हुन ।
प्रज्ञा आनन्दैमा, न जरूर, छ घूसैखरि हुन ॥
(३८)
प्रज्ञा आनन्दैमा, न जरूर कनै पाप गरन ।
प्रज्ञा आनन्दैमा, न जरूर, ठगै, शोषक हुन ॥
प्रज्ञा आनन्दैमा, त जरूर, त दू:खै अरू दिने ।
प्रज्ञा आनन्दैमा सव सुख, करूणा आदि हुने ॥
(३९)
महान् यात्रा पूरा, गरन त, मनैदेखि बदली ।
कुनै दिन् चोला त्यो, घटछ त, अवश्यै मृदु भरी ॥
अरूलाई सारा, हिडउन, त हिड्नु अघि अघि ।
प्रकाशै सब् हुँदै, अघि अघि, बढेसी अरू पछि ॥
(४०)
यि यात्रा त्यो चेत्कैै, मन अब, अवोचेतनतिर ।
अवोचतन् देखी, मन अब, अतीचेतनतिर ॥
गराई यात्रा त्यो, सब मन, त मुक्ती पथ झरी ।
गरौँ यात्रा आहा ! अब सब, त मोक्षैतिर सरी ।
(४१)
बलेको आगोले, सवचिज, जलाऊँछ जसरी ।
बढेको मान्छेले, सबजन बढाऊँछ त्यसरी ॥
बलेका सूर्येले, सवचित्र, बलाऊँछ जसरी ।

प्रज्वैलित् मान्छेले, सबजन, प्रज्वैलित् त्यसरी ॥

(४२)

वनौं दिव्ये मानव्, वरपर, तपै ध्यानै गरी ।
मनुष्यैको सार्थक, जिवन त, तबै हुन्छ यसरी ॥
मुहारै दिव्ये त्यो, फरक त, हुने भो अरूसितै ।
ऊर्जा, शक्ती, तागत्, त फरक, हुने त्यो अरूसितै ॥

(४३)

जुनैले बाँड्ने हो, चंदनि त, अरूले त हइन ।
रवीले वाँड्ने हो, किरण त, अरूले त हइन ॥
खुशी दिव्ये ज्ञानै, वितरण, त ध्यानी मनुजले ।
पिँडा, कष्टै, पापै, वितरण, अज्ञानी मनुजले ॥

(४४)

बलेको ज्योती त्यो ज्योती त्यो, लियर त, अगाडी बढ्नु छ ।
जितेरै आफू त्यो, जगत त, पर जित्नु बढि छ ॥
यकै एकै मानीस्, यक यक, अऊतार यि युगमा ।
मनैदेखी विकार्, नरहि त, सबै नर् त जगमा ॥

(४५)

अखण्डै ध्यानैको, झलमल, दियै वालि त उठौं ।
नयन् विस्तारै सब्, पिलपिल, गरी ध्यान त छुटौ ॥
उठी ध्यानैवाट, गयर त, उभौं दर्पण अघि ।
अनुहारै हेरी, मुसुमसु, त मुस्काउँ न छरी ॥

(४६)

उभी ऐनामा त्यो, भित्रभित्र, त प्रेमै गर अति ।
हरेक् सब् चेहेरा, खुटि खुटि, त दङ्गै बन अति ॥
अती सुन्दर मान्नू, धप धप, अनूहार् जुन सरि ।
गरे सम्मान् आत्मै, भरिभरि, कुनै हुन्न दुःख यि ।

(४७)

प्रज्ञा आनन्दैले, भरिभरि, यि मानीस त जब ।
विकास्-धारा खोली त मुलुक, झिलीमीलि नि अव ॥
सदाचारी नेता, नबनि त, विकासै नहुनि त्यो ।
तपै, योगा, ध्यानै, नगरि त, सदाचार नहुनि त्यो ॥

(४८)

सबै राज्यको त्यो, हरजन, प्रज्ञा ध्यान नभई ।
यि राज्येको वृक्षै, समउन, त नर्कै सरिबरी ॥
विना योगा ध्यानै, सफल त, हुने छैन मुलुक ।
कसोरी राम् राज्य, वनिरनु, सबै डुब्छ मुलुक ॥

(४९)

जरा मूल भ्रष्टैको, मनभित्र, गुनी बूझी जगमा ।
दसै इन्द्रीये हुन्, फरक त, हुने छैन त्यसमा ॥

जे देख्यो त्यसैमा, पशुगुण, सवार हुन्छ नअडी ।
धनै देखे पश्चात्, तिन चक्षु, महादेव त सरी ॥

(५०)

जरा त्यो ऊखेल्नै, त सब यि, तपै योग कबुली ।
निरन्तर् गङ्गा त्यो, कुदि कुदि बगे झैँ त नभुली ॥
जरा बीजै सब् त्यो, त इतिश्रि, भएसी मनुजमा ।
पलाऊदैनन् ती पशुगुण, त यि सारा जगमा ॥

(५१)

जगैमा आफू त्यो, गउरव, अती गर्नु मनले ।
मनाऊनू खुशी, सबसब, नचाई अङ्गले ॥
युगै सत्येको त्यो, पियुष त, पिई धन्य भयको ।
धरालाई एक् एक्, असल त, मनूजै भयको ॥

(५२)

नियाली ऐनामा, स्वयम् त, अऊतार यउटा ।
यऊटैले मात्रै बचउछ, दुःखैमा त फसदा ॥
फेरी बाँकी संसार, दरपण, विशाल रूप तिमि सदा ।
तिमी हाँसे हाँस्छन्, तिमि रूये, त रून्छन् मनुज ता ॥

(५३)

लिई दिव्ये मुहार्, मन-अब, कुनै पाठ भित्रमा ।
लगाई सारा दिल्, पठनिय, कुनै ज्ञान रसमा ॥
कुनै शास्त्रै विद्या, फटफट, डुबी अध्यन गरी ।
हुनू साह्रै आफू, मजबूत, जुनै ज्ञानले भरी ॥

(५४)

कलाकार् सर्जक त्यो, सब मन, दिऊन् स्वोधरममा ।
विद्यार्थी खेलाडी, सव-मन, दिऊन्,,स्वोकरममा ॥
कला विज्ञान् सारा, मनन त, यही ऊचित घडी ।
मुहूर्तै ब्रम्हा त्यो, चलिरछ, युगै सत्य युग भै ॥

(५५)

बिहानै मस्तिष्क, पनि सव, सक्रीये भइरने ।
युगै सत्येको त्यो, पियुष त, सबै फैलिरने ॥
यसैबेला ऊर्जा, भरिभरि, खरो हुनु जनले ।
एक् लौह् पुरुषै त्यो, बनि सब, जगै फेर्नु सबले ॥

(५६)

विना पाठै ज्ञानी, हुन सव, असम्भव मनुजमै ।
विना अध्यन् विद्वान्, त झन यि, नसोच्नू सपनिमे ॥
जुनै कुराको ज्ञान्, यहिँ तक, बुझी बढ्नु त अघि ।
जगत् नै हाँके नी, कहिँ पनि, हुँदै हुन्न त पछि ॥

(५७)

ज्ञान, ध्यान, योगा, भक्ती, लिइबढ, जगत् हाँक्न यसरी ।
यि अश्त्रैले सारा, विजय त हुने नै छ जसरी ॥
न रोक्नै सक्ने त्यो, युगपथ, तिम्रो अश्त्र अघि यो ।
तुफान् आँधीबेरी, पनि अब, सबै झुक्छ अघि यो ॥

(५८)

जिवन् आधार् यो युग्, बुझिकन, नवीताउनु सुती ।
पुरा ब्रम्हानन्दै, रस चुसि, उठी है सब जुटी ॥
अमूल्ये औसर् त्यो, गुनिकन, नवीताउनु यसै ।
धरा, मानव्, प्राणी, सब बुझि, उठाऊनु छ उसै ॥

(५९)

विना अर्थै सारा, जिवन त, नपारौ पशुसरि ।
झारपात जस्तै, जिवन त, नबाचौं भुलगरि ॥
सुतेको बुद्धत्वै, सवभित्र, जगाऊनु छ अति ।
यकेक् औतार् फेरी, सतयुग, बनाऊनु छ त्यति ॥

(६०)

हिरालाई शोभा, खटमुनि, त हुँदैन यसरी ।
महात्मा हूने त्यो, त दरिद्र, सहाऊनु कसरी ।
हिरा, मोती, चाँदी, रविसरि, त चम्कीनु जसरी ।
जुनै जस्तो वल्नु, शितल र, उसै शालिन भई ॥

(६१)

जती खोल्नु पर्ने, सकिनँ कि, रहस्ये यि युगको ।
जती खोले त्यती, अलिकति, खुलेकै छ दिलको ॥
यसै गौरव् गाई, सवविच, यि गूणै भरदछु ।
दुई हातै जोडी, बुझिदिन, त बिन्ती गरदछु ॥

इति : सत्य युग

## ४.३ भागः २ (त्रेता युग)

(१)

चूसी मृदूरस सबै, सतयुग, सारा ।
सत्ये युगै अश्रु पिई त भयो नि टाढा ॥
वामन् र राम परशू अवतार यस्को ।
रामै त यो युग भरी भय सीखरै त्यो ॥

(२)

चार् भागमा एक मनुष्य थिए असत्ये ।
चार भागमा तिन मनुष्य थिए त सत्ये ॥
सङ्घर्ष नै युगभरी गरिने, युगे त्यगै ।
सुरु भयो दुःख र कष्ट अति त राम्को ।

(३)

बीहान नौ त वजदै सुरु हुन्छ त्रेता ।
भूजा सकेपछि त काम अफीस ऊता ॥
पाँचै दिऊस वजदा त सकिन्छ त्रेता ।
राम्को कथा जसरी हुन्छ कहानि येता ॥

(४)

अन्तीमसम्म सुरुदेखि कहानि राम्को ।
सीवाय दुःख अरू केहि रहेन उन्को ॥
बीहान नौ पछि त सुरु कहानि हाम्रो ।
दीनैभरी दुःख भरीनु कहानि हाम्रो ॥

(५)

रामैसरी त वनवास खपी यि काम । .
पाइन्न हातमुख जोडन वीन काम ॥
कुल्ली सबै त भरिया खटिभैँ लडाईं ।
यस्तै त सङ्कट हुने यहिँ यूगमा नै ।

(६)

त्रेता युगसरि खटेर यि मानिसैमा ।
आ-आफना त व्यवसाय र ईलमैमा ॥
वीकास गर्नु अनि पेट भरीनु काहीँ ।
कर्मै हुने यस युगै भरि जाहि ताही ॥

(७)

सानोतिनो बल र बुद्धि थिएन रामको ।
गाह्रो थियो विजय गर्न त रावणैको ॥
तेसोरि नै जिवन युद्ध त मानिसैले ।
जीवन् भरी खट्नुपर्छ सबै सबैले ॥

(८)

सौतेनि त्यो जननि कैकयि रामका ती ।
त्रेता युगै सुरु गरे बनई कहानी ‼
आफैँ त कैकयि थिईनन धुर्त जाली ।
सूनी कुरा मनथराकि भइन् नि जाली ॥

(९)

कष्टै त राम वनवासि भएर भोग्छन् ।
तेसोरि नै दिउस मानिसले नि भोग्छन् ।
कैकेयि झै सुनि कुराहरू मन्थराको ।
उस्तै कुराहरू त हुन्छ यि हाकिमैको ॥

(१०)

विहान नौ पछि एक किसान त खेतमा नै ।
घामै र पानि नभनी जुटि खेतमा नै ॥
रामै र रावण जसोरि लडाइ हो त्यो ॥
भर्दा भकारि त जिते जसरी भयो त्यो॥

(११)

जूवा हलो र हँसिया लिइ जोति पृथ्वी ।
कोदालिले खनि गरिन्छ हराभरा ती ॥
बाला झुलेर दिल मख्ख हुने किसानै ।
युद्धै जितेसरि मनै त हुने किसानै ॥

(१२)

सङ्घर्षको युग त हो यहि रामको त्यो ।
वीना श्रमै कसरि हुन्छ हराभरा त्यो ।
कीसानको रणभुमी वानिदीन्छ खेतै ।
औजार प्रयोग गरि जित्छ जिवन त युद्धै ॥

(१३)

बोटै नूही तल विद्वान् झुकेसरी त्यो ।
लागेपछि फल नुहिन्छ वरीपरी त्यो ॥
कीसानको परिश्रमै अति मिल्छ जाहाँ ।

स्वर्गै त झर्छ धरणीतक भूलि याहाँ ॥

(१४)

काट्ने किनार त नदी बगी तेजले नै ।
काम्दारलाइ पनि मालिकले जहिल्यै ॥
टोक्सो सहेर पसिनै पसिना जहिल्यै ।
पार् पाउँदैन करमै गरि त्यो जहिल्यै ॥

(१५)

कार्य जुनै पनि रहोस कोरिन्छ रेखी ।
लक्ष्मणको अनि हरेक त ठाउँमा ती ॥
तोडूँ नतोडुँ जसरी भयकी थि सीता ।
तोडे परिन्छ कटु भास सरी त सीता ॥

(१६)

गीरि सिता त सुनको मृग खोजनाले ।
मान्छे पनी अभर पर्छ यि रोजनाले ॥
सूनै, धनै र पदकै मृग छोड्नाले ।
आनन्द मिल्छ रहरै सब त्यागनाले ॥

(१७)

भेटिन्छ रावण सवैतिर काम गर्दा ।
रामैसरी लियर शक्ति लड़ी बसौं ता ॥
योगा र ध्यान गरि है सब हौ न राम ।
रावण् हुने वध जसोरि गरौं न काम ॥

(१८)

वैज्ञानिकै पनि यसै युगमा खटिने ।
बिसौँ त वर्ष कटेकैसरि जाँच गर्ने ॥
हार् बीच् पनी सफलता अनदाज गर्ने ।
चन्दै धरा पछि त मङ्गलतीर जाने ॥

(१९)

सानातिना मननले त नयाँ नबन्ने !
लाखौं त कोसिस गरी सृजना फक्रीने ॥
भीत्री रहस्य बुझ्नै झिकने त गाह्रो ।
रामै र रावण युद्धै जसरी त साह्रो ॥

(२०)

ब्रम्हाण्ड भित्र सब त□व बुझि त खोज्न ।
सामान्य कष्ट दुःखले समभव् त हुन्न ।

आँधी तुफान सब झेल्न नि पर्छ याहाँ ।
खोली भित्री गुढ कुरा चमकै विश्वमा ॥

(२१)

सारा ब्रम्हाण्ड त रहस्य विज्ञान खानी ।
वैज्ञानिकै मुल विकास सबै फुटौनी ॥
पूगेपछि समय फूल फक्रे सरी त्यो ।
हुँदैन नी सरल ता अनुसन्धनै त्यो ॥

(२२)

ढुङ्गे युगैदेखि यहाँ सरी आउँदा ता ।
वीकास् हरेक बनई त पुगे यहाँ ता ॥
सङ्घर्षे असे यी सब त गर्न यि दीउँसोमा ।
त्रेता युगै दिउँस हो भनि बूझ याहाँ ॥

(२३)

स्वर्गै सरी धरति सुन्दर आज यहाँ ।
वीकास् यही समयमा गरि पुग्छ त्याहाँ ॥
राम्रो विकास् झिलिमिली त विज्ञानले नै ।
वीकास्, विज्ञान नभए त हुदैनथ्यो नै ।

(२४)

विद्यालयै पनि त कष्ट दुःखै सरी हो ।
वीद्यार्थिनी समर झै लडने झनै हो ॥
वीहान नौ बजिपछी त्यहि चार् बजे तक् ।
सीता जसोरि त विद्यार्थि नि बस्छ टक् टक् ॥

(२५)

बीहान नौदेखि त चार् तक कैदि जस्तै ।
छुट्दा विद्यालय विद्यार्थि कुदे खुशी भै ॥
लक्ष्मण रिखाभित्र विद्यार्थि बसी सधै नै ।
पर्ने त काट्न दिन कष्ट सही सिता झैं ॥

(२६)

धर्मै पुरा भयपछी त विद्यार्धि राम्रै ।
धर्मै पुरा नभयसी त यि राम धुलै ॥
खेती गरी कलमको हुनुपर्छ विद्वान ।
ज्योती छरी धरतिमा बन जून घाम ॥

(२७)

राप्-ताप् कडा नभय हुन्न यि सब त हीरा ।
राप्-ताप् कडा नभए जीवन बन्छ पीडा ॥
काँडा सहेर त गुलाव फक्रिन्छ हाँसी ।
दूःखै सहेर पछि जीवन बन्छ खूशी ॥

(२८)

रोजे दुःखै त पहिला सुख त्यो पछाडि !
रोजे सुखै त पाईला दुःखे त्यो पछाडि ॥
रोज्नु हुँदैन सुख मस्ति अगाडि याहाँ ॥
झेल्दा दुःखै कठिन हुन्छ जिवन् भरी याँ ॥

(२९)

उर्लेर आइ खहरे पनि सावनैमा ।
ह्युंदै नआई सकने कति काम छैना ‼
बाली दियो मनभरी सुखि जीवनैको ।
ज्ञानै लिई चढ उकालि त जीवनैको ।"

(३०)

खेल्दै रमाइ मन रञ्जन यै त बेला ।
त्यागी त रञ्जन खटे जग बन्छ मेला ॥
वीद्यार्थी जीवनभरी परिश्रम् त गर्दा ।
आदर्श त व्यक्ति बनि बाँच्छ शरीर मर्दा ॥

(३१)

बानी बसाल्न मिहनेत यि यै त बेला ।
बानी बसाल्न नसके जिवनै झमेला ॥
रामैसरी परि विशाल युगै यि बेला ।
मिहिनती भय परिन्न कुनै झमेला ॥

(३२)

मज्जा र रञ्जन नखोज्नु विद्यार्थि हुँदा ।
बीषै सरी गरछ काम यहीँ अँगाल्दा ॥
चट्टान फोरि नदि झैँ पुगि सागरैमा ।
बाधा हटाएर पुगौँ चुलि शीखरैमा ॥

(३३)

वीद्यार्थि मात्र न नभई शिक्षक पनी ता ।
सङ्घर्षको भमरिभीर बतासिन ता ॥

बिर्को निकालि सब् ज्ञान भरी त दीँदा ।
युद्धै गरेसरि यि बौद्धिक श्रम गर्दा ॥

(३४)

शारीरिकै श्रम जसोरि त बौद्धिकै नी ।
विद्या दिई हिडउँने त यि शिक्षक नी ॥
हातै समाइ क, ख देखि विद्वान् सम्मै ।
पूरा गरी करम दिन्छ त ज्ञान जम्मै ।

(३५)

सारा महान सब जन्माउने गुरु नै ।
यो काम गर्न त लडाइ लडे त जस्तै ।
सीकौनु नी त सब युद्ध लडे जसरी ।
त्रेता युगैसारि गरिन्छ दुःखै त मोली ॥

(३६)

वीद्यालयै नभइ जून प्रवीधि बाटै ।
सीकिन्छ ज्ञान सिप धेर जहीं त बाटै ॥
त्यो नी विद्यालय त हो सब ज्ञान सिक्ने ।
गूरू त हो सब यि ज्ञान सिपै सिकौने ॥

(३७)

त्रेता युगैसरि कठिन श्रसै गरी ता ।
सीकर्मिले सजह सुन्दरै कला ता ।
सारा घरै र जगमै सब काष्ठशिल्प ।
फेरिन्छ घर र दरबार अती विचीत्र ॥

(३८)

सारा ति फर्निचर सुन्दर काठका ती !
प्यासै र भोक सहँदै त बनायका ती ॥
खोला निरन्तर कुदेसरि कूदि राखी ॥
त्यो सिर्जना सृजित वन्छ जहाँतही नी ॥

(३९)

कार्यालयै र घरमा सजिने महङ्गो ।
पार्ने मनै त खुशि, हर्ष अनि हलुङ्गो ।
फर्नीचरै सिकरमीहरूबाट सिर्जित ॥
काठै कुँदी गँसेर पारि दुःखै त वर्जित् ॥

(४०)

आनन्दको अनुभुती जनमा थुपारी ।
निर्माण उन्नति गरी त कला सिँगारी ॥
दर्वार् र मन्दिर सजाइ त स्वर्ग जस्तै ।
युद्धै जसोरि नखटी वनदैन यस्तै ॥

(४१)

काठै कुँदी सुनदरै मुरती मनोहर् ।
कुँदेर विश्वभरि चिनउने धरोहर् ॥
सङ्घर्ष सानु भयरै त हुँदैन सम्भव् ।
युद्धैसरी खटि संसार हुने त जग्मग् ॥

(४२)

सुन्दर् हरेक मुरती कुँदि मूर्तिकारै ।
आश्चर्य त्यो चकित पारि सबै संसारै ॥
वीचीत्रको मुरति कुँदि थपे उँचाई ।
सुन्दर् बनाय जगतै स्वरगै बनाई ॥

(४३)

ढुङ्गा विशाल लिए ठोकि कुँदी मिलाई ।
आकार सूनदर झिक्न त आतुर भै ॥
छीनो र हम्मर हतीयर लीइ जुधी ।
आश्चर्य त्यो चकित मूर्ति बनाए कुँदी ॥

(४४)

तामा पितल् पिटि पगालि र गालि सारा ।
मुर्ती बनाय अनि सुन्दर थालि भाँडा ॥
पीटी फलाम सृजना गरेरै अऊजार् ।
औजारले त रचना गरियो संसार ॥

(४५)

खेलाडि नी सब उसैगरि युद्ध हाँक्ने ।
मैदानमा उत्रि भिषण कटक जारि राख्ने ।
चिर्कालसम्म भिडदै अघि बढ्नु उसै ॥
साहस् र आँट विना लड्नु त हुन्न त्येसै ॥

(४६)

चाहिन्छ शक्ति र कला रणको असाध्यै ।
जोड़ी यि दूइ लडि वीजय हुन्छ ज्यादै ॥
युद्धै सरी जुनसुकै पनि खेल हुने ।
जोस्, होस्, दुवै नभई खेल त जित् नहुने ॥

(४७)

उस्तै रणैभूमि र खेल विशेष मैदान् ।
जि्त् हार दुवै हुनि सिधै कटकै समान ॥
चारैतिर त हमला गरि खेलिने त्यो ।
वीशाल कौशल विना लडि हारिने त्यो ।

(४८)

तन् घाइते भय पनी अघि युद्ध भिड्ने ।
अन्तीम पल्ट तक साहस लीइ लड्ने ॥
एक मूठि सास त रहे तक युद्ध भिड्ने ।
खेलाडि नै जिवन जोखिम राखि खेल्ने ॥

(४९)

जाडो उसे गरमि झलि नै भुमीमा ।
खेल्दै रची त इतिहास यि जीवनैमा ॥
खेली निरन्तर बगेसरि नै सरीता ।
कोर्नू छ मुख्य इतिहास दु:ख गरी ता ॥

(५०)

बीना उचाईं त हुँदैन विना गहिरो ।
हारै विना त हकदार हुँदैन जित्को ॥
जन्मिन्छ मानिस त केहि गरूँ भनी याँ ।
जन्मी पूरा नगरि मर्छ मनुष्य थाहाँ ॥

(५१)

माहान कर्म गरनू रस जिन्दगीको ।
कर्म विना मरनू यै पशु जिन्दगी हो ॥
खेलाडिले सब सिकाउँछ ज्ञान यसोरी ।
दर्शन बुझी जिवनको बढ्नु अगाडी ॥

(५२)

व्यापारिले पनि उसैगरि गर्छ युद्धै ।
प्यासै र भोक सहँदै कमउँछ पैसै ॥
हीसाब् किताब गरदै समयै नमिल्ने ।
मेटाउनै नपाउने त थकान जसले ॥

(५३)

हावा सरी वरिपरी घुमदै र नाच्दै ।
तल्लीन भएर त व्यपार कठिन झेल्दै ॥
पानी पिऊन घडि हेर्नु पर्ने त कस्तो ।

युद्ध सरी फुरसदै नहुने त यस्तो ॥

(५४)

यस्तो दुःखै गरि कमौन सकिने याहाँ ।
दुःखै बिना त कसरी धन आउँछै याँ ॥
ईश्वर त चुम्दछ परिश्रम हातमा नै ।
हुन्छै पुरा सब कुरा उस साथमा नै ।

(५५)

चिन्दैन सन्तति कहाँ कसरी तु ज्यूँछन् ।
छोरा विहान नउठीकन बाबु हिँड्छन् ॥
छोरा सुतेपछि त घरभित्र बाबु छिर्छन् ।
व्यापारि नी यसरि नै दुःख युद्ध भिड्छन् ॥

(५६)

स्वादै नपाइ त हतार गरी भुजाको ।
थाहै नपाइ वितदैछ जिवन् सबैको ॥
सङ्घर्ष दूःख गरि वित्छ युगै त त्रेता ।
सङ्घर्ष दुःख नगरी धनि हुन्न येता ॥

(५७)

कष्टै दुःखै सब खपेर हुने कलाकार् ।
बोकी गधा जसरि भारि हुने चमत्कार् ॥
जादू छडी कससितै नहुने जनैमा ।
कर्मै अनी परिश्रमै बुझ हे मनैमा ॥

(५८)

अभ्यास मेहनतले त कत्ला भरीलो ।
अभ्यास मेहनतले त गला सुरीलो ॥
अभ्यास मेहनतले सब जादु बढ़ने ।
अभ्यास मेहनत विन केही नहुने ॥

(५९)

साहित्यकार् पनि लडाइ नि झैँ गरी ता ।
दुःखै र कष्टै गरि लेख्छ कथा कवीता ॥
लेखी कथा र कविता भरिदैन पेटै ।
अर्को दुःखै नगरि वाँच्न कठिन त्यस्तै ॥

(६०)

पाक्दैन भात - तरकारि कवित्वले हे ।
पैसा कमाइ गर भन्छिन् श्रीमतीले ॥

पाक्ने त भात तरकारि नि रूपियाँले ।
हेप्छन् धनी नहुँनेलाई त दुनियाँले ॥

(६१)

यौटा किताव कृति लेख्न त युद्ध  जस्तै ।
लेखी सकेर पनि हुन्छ तनाव उस्तै ॥
छापी प्रकाशन गरी जब जन मानसैमा ।
कीताब कृती पढ्न छैन मन कसैमा ॥

(६२)

जित्नै सके त मन भावकको जगैमा ।
युद्धै जिते जसरि हुन्छ कवि मनैमा ॥
राम्रो यकै हरफ लेख्न पढिने लाखौं ।
लेखी कृती अब त प्रीति कसोरि गाँसौ ?

(६३)

काव्येरसै झिकन मेहनतै अती त्यो ।
डूबेर मोति त टिपे जसरी नै हो त्यो ॥
डूबेर मात्र त हुँदैन त खै त मोती ।
मोती बिना त नहुने कृतिको नि ज्योती ॥

(६४)

लेखें कहानि सब राम कहानि जस्तै ।
भेटे उदाहरण यी सब पारि प्रष्टै ॥
यसैगरी पशु र मानिस झेल्छ त्रेता ।
हुन्नै कुनै जिव त कष्टसितै अछूता ॥

(६५)

हावा नरोकि त डुलेसरि कर्ममा त्यो ।
घामै नरोकि उदयेसरि कर्ममा त्यो ॥
पृथ्वी नरोकि त घुमेसरि कर्ममा त्यो ।
पूरा गरौं मनुजले पनि कर्म सब् त्यो ॥

(६६)

सारा प्रमाण पेशि प्रष्ट प्रमाणितै भो ।
वीहान नौ बजिपछी युग त्रेता नै हो ॥
सार् ज्ञान बुझ्न यसरी दुइ हात जोड्छु ।
ज्ञान् दर्शनै बुझि उतार्न त विन्ति गर्छु ।

इति  त्रेता युग

## ४.४ भागः ३ (द्वापर युग)

(२)

मध्यान्ह पाँच बजिदेखि त्रेता ।
सकेर हुन्छै सुरु द्वापर येता ॥
राती नवै वज्छ सकेर द्वापर् ।
कृष्णैसरी जीउनु पर्छ सुन्दर् ॥

(२)

सन्ध्या र सायङ् समये यऊटै ।
आराम-खुशी साट्न त येहि वेलै ॥
सङ्घर्षको जीत भएपछी त ।
रमाइ खूशी हुन पर्छ सब् त ॥

(३)

कली र त्रेता युगको विचैमा ।
दिनै र रातै विचको सिमामा ॥
सायङ्कालै त्यसतो युगे हो ।
रक्तिम लाली किरणै भरी भो ।

(४)

द्वापर युगैमा मनुजै त सारा ।
यि पापि धर्मी त हिसाव राख्दा ॥
आधा मनुष्ये सव पाप गर्ने ।
आधा मनुष्ये सब् धर्म गर्ने ॥

(५)

द्वापर युगैका अवतार दुई ।
राखौँ बुझी कृष्ण र बुद्ध दुई ॥
कृष्णै त युग नायक द्वापरैको ।
लिला र ज्ञानैमुल कृष्ण नै हो ।

(६)

यसै युगैमा रमि बाँच्नु सुन्दर् ।
रङ्गी विरङ्गी वाढी बाँच्न हरपल् ॥
वीहान सत्ये युगमा कसी ध्यान् ।
रङ्गीन् बनाऔँ हरि भैँ त तन्मन् ॥

(७)

मध्यान्ह चौपट्ट असह्य गर्मी ।
सहेर साँझैपछि शीतलै ती ॥
हुन्छै त सङ्घर्ष पछी मनैमा ।
आनन्द लुटे जसरी तनैमा ॥

(८)

दुखैपछी सूख त भोग्नु मस्ती ।
मिहीनतैको फल मस्त चुस्सी ॥
जितै भएसी मन त फुरूङ्गै ।
हुने त काम सकिएसी दङ्गै ॥

(९)

आ-आफ्नै कर्म लडाइ भीडी ।
युद्धैं जिते जस्सरि युद्ध छेडी ॥
उत्सव् मनाऔँ यक आपसैमा ।
खुशी त साटी परिवार् सबैमा ॥

(१०)

साथी सँगी मीलि कतै कहीले ।
रोधी बसौ मीलि कतै जहीले ॥
रोधी रसै पीयर जिन्दगीको ।
मजा लिनु पर्छ त द्वापरैको ॥

(११)

गोपीनि लठ्ठेसरि धूनमा त्यो ।
नाचौँ र गाऔँ झुमि जूनमा त्यो ॥
खूली रमाऔँ सबै साँझमा त्यो ।
रमेर बाँच्नू हर जिन्दगी हो ॥

(१२)

सङ्घर्ष, कष्टै, दुःख आजको त्यो ।
वितेपछी शान्ति र सुख नै त्यो ।.
लीला त कृष्णै जसरि जगैमा ।
बनाउनु पर्छ तनै मनैमा ।

(१३)

नवै रंगी कृष्ण विराट् रूपैको ।
ज्ञानैमुलै युद्धमुलै उनैको ।
सारा जिवन् दर्शन, कृष्णकैको ।

दिनु छ सारा अरती गितैको ॥

(१४)

सन्ध्या समै सुन्दर जस्सरी त्यो ।
द्वापर युगै सुन्दर त्यस्सरी त्यो ॥
गरौं जिवन् सुन्दर त्यस्सरी त्यो ।
द्वापर् युगै सुन्दर जस्सरी त्यो ॥

(१५)

पृथ्वी सजाए दुलही सरी ती ।
सन्ध्या समैमा किरण त लाली ॥
बनाउँ जिवन् त्यसरी त पारी ।
सजाउँ जिवन् दुलही जसोरी ॥

(१६)

बिताउँ साँझा मुरली बजाई ।
आनन्द लुट भजनै त गाई ॥
नामै जपेर भगवानको त्यो
पार तर्नु सब्बै भव सागरैको ॥

(१७)

लडाइ, न्याये र रसै उसैको ।
त्रिवेणि सङ्गम युग द्वापरै हो ॥
यसै युगैमा अनेकै थरी त्यो ।
मीली बसेका छन दङ्ग भै त्यो ॥

(१८)

पवीत्र न्याये सत कृष्णको झैँ ।
किर्तन् भजन् गाइ बनौ पवीत्रै ॥
सार्थक् बनाऔ जिवनै गजब् कै ।
सार्पूर्ण जीवन् जिउँ कृष्णको झैँ ॥

(१९)

न्याये त सत्ये त यहीँ युगैमा ।
गुनिन्छ हर् दर्शन् यै युगैमा ॥
सङ्गीतको जादु यसै युगैमा ।
ज्ञानै त गङ्गा सरी यै युगैमा

(२०)

साथी सँगी भेटि यसै युगैमा ।
दुःखै सुखै साटि रमाइलैमा ॥

शान्ती र आनन्द भरी मनैमा ।
तङ्रिन्छ तन् मन् सब मानिसैमा ॥

(२१)

त्रेता युगै भरै गरि दुःख कष्टै
दिनैभरी युद्ध लडे त जस्तै ॥
थकान हैरान भुलिय जस्तै ।
शान्तै बनी मन् सब हुन्छ मस्तै ।

(२२)

त्रेता युगैभर् घगडान युद्धै ।
गरेसरी मालिक-नोकरै त्यै ॥
साँझै त आई पति पत्नि वीचै ।
साटी दुःखै बन्छन् यी नजीकै ॥

(२३)

दुखै त साटेपछि मन् बशैमा ।
मिल्दो रछै शान्ति सबै मनैमा ॥
मिलेपछी शान्ति मनै रसैमा ।
डुब्ने हुँदोरैछ सबै सबैमा ॥

(२४)

साटेर दूखै पनि हुन्छ सूखै ।
साँचेर सूखै पनि हुन्छ दुःखै ।
साट्ने त दुःख र सुख यि बेला ।
लगाउने त्यो मलमै यि बेला ॥

(२५)

साटेर दुःखै भयसी त शान्ति ।
प्रेम त झाङ्गिन्छ नि त्यसमाथि ॥
प्रेमै शितल् तापि अघी बढ़ौ है ।
निभाइ आगो सृजना गरौं है ॥

(२६)

शान्ती सुखैमा सृजना फक्रिन्छ ।
तनावमा सिर्जन नै टुटिन्छ ॥
शान्ती सुखै सिर्जनको त आधार् ।
न शान्ती सुखैको जग-युग द्वापर् ॥

(२७)

यो यूग प्रेमै र लिला कहानी ।
सबै युगैको खिरिलो जवानी ॥
बोकेर हिँड्ने हरिकै कहानी ।
बाँच्ने कला यै त बुझ्ने भयो नी ॥

(२८)

मालीकले नोकरलाई काहीँ ।
र, नोकरैले पनि मालिकै नै ॥
तनाव दिए पनि साँझमा यै ।
भला कुसारी गरि विर्सनू त्यै ॥

(२९)

लागी डडेलो वनमा जसोरी ।
कुनै कुराले मनमा त्येसोरी ॥
जलाई पारे त खरानि त्याहाँ ।
आशा पलौने झरि प्रेमले याँ ॥

(३०)

दिनैभरी उन्नति सब् गरेका ।
दिनैभरी मिहिनेत सब् खिएका ॥
साटी यकै एक परिवार् सङ्गै ।
ऊर्जा प्रशंसा भरि बाँच्नु दङ्गै ।

(३१)

समै यही हो पति पत्नि बीचै
साट्ने विचारै अनि सूख दूःखै ॥
सम्बन्ध गाढा बनई दुवैमा ।
स्वर्गीय आनन्द त यै जुनीमा ॥

(३२)

सम्बन्ध गाढा पति पत्नि बीचै ।
भए, घरै काँशि अनी मथुरै ॥
सन्तान हुने भय भक्तजन त्याँ ।
पूजा र पाठ् गर्न परेन त्याहाँ ॥

(३३)

देव्-देवि मन्दिर् घरका यि दुवै ।
पस्कीनु गीता सरही त ज्ञानै ॥
सन्तान् त अर्जुन् जसतै बनौनु ।

ठूलो ईतीहाँस त यो रचौनु ।

(३४)

कृष्णै सरी ज्ञान् उपदेश दीई ।
सन्तान शुर्बीर सुरो बनाई ॥
कर्तव्य पूरा गरनै त साँझ ।
मनै त साटौं सनतान माँझ ॥

(३५)

आफ्नै कुरा मात्र सँधै नलादौ ।
ऊनीहरूको पनि मन् त साटौँ ।
साथी बनेर खुससीत खेलौं ।
असल् अभीभावक सिद्ध पारौं ।

(३६)

कार्यालयैमा पनि सङ्घर्षै ती ।
खपेर विताउनुपर्छ सास्ती ॥
सास्ती खपेरै अब हुन्छ मस्ती ।
मस्ती त साँझनिर हुन्छ अती ॥

(३७)

हाकीमको कच्कच झेलि सारा ।
कारीनदा हुन्छ त बेसहारा ॥
हटाइ एक्लोपन साँझमा नै ।
बचाई सुन्दर्-सत साथमा नै ॥

(३८)

आ-आफ्नै कर्म सकी घरैमा ।
बनाइ स्वर्गसरि त्यो घरैमा ॥
कृष्णै लिला सो सरहै बनाई ।
जिवन् लिला सीकि बसौँ रमाई ॥

(३९)

हरेक पेशा गरि जीवनैमा ।
बाँचीरहेका सब मानिसैमा ॥
रमाइलो खोज्छ कतै केहीमा ।
रमाइलो साँझ यही पखैमा ॥

(४०)

लीला त कृष्णसरि साँझमा नै ।
दोहोरि, डिस्को नगरी भरी नै ॥

थकान मेटी भुमि साँझमा नै ।
नाच् गानका पियुष साथमा नै ॥

(४१)

झिलीमिली कान्तिपुरी नगर यै ।
सजिन्छ साँझै भरि दुलही झै ॥
सङ्गीत घन्किन्छ घनक्क पारी ।
दोहोरि डिस्को स्वरगैं खसाली ॥

(४२)

दीनैभरी खर्च गरी सकेको ।
ऊर्जा भरी फेरि हठै बनेको ॥
भोली बनी हाँस्नु छँदैछ बाँकी ।
जीवन् रसै मस्त चुसी त राख्नी ॥

(४३)

यौटा सुखैको जग हो सृजना ।
सब सिर्जना नै उसको सपना ॥
किसान झुलेको त देख्छ बाली ।
जिवन् उसैको चढ्यो उकाली

(४४)

शिक्षक पनी देख्छ सबै विद्यार्थी ।
ठुलो पदमा पुगि भै त खूशी ॥
वीद्यार्थी उसैगरी देख्छ स्वप्ना ।
चढीरहेको अति शिखरैमा ॥

(४५)

कल्पीनुको मस्ति त हो नि साँझ्मा ।
रस् रङ्ग भर्ने त हो नि साँझमा ॥
भोली उठी जानु कहाँ भनेरै ।
बनाइ वीचार मनमा गुनेरै ॥

(४६)

वरिपरी साँझ छिमेकमा नै ।
बसी गफै जोति त साँझमा नै ॥
रमाइलो हुन्छ मजा गरी नै ।
बाँचौं रमाई जिवनै भरी नै ॥

(४७)

देख्ने र गुन्ने सपना यि बेला ।

हरके पेशा सँग नै रहेका ॥
कवी कलाकार् यहिँ साँझमा नै ।
त्यो मा योजना बूनिवरि उत्रिने ॥

(४८)

घरेलु कामै गरने सबै ता ।
राजा, महाराज झनै झनै ता ॥
खोज्छन् मनोरञ्जन साँझमै ता ।
द्वापर् युगै मस्त त मस्तकै ता ॥

(४९)

सार् जीवनैको त रमाइलो त्यो ।
रमाइलो विन न जिन्दगी त्यो ॥
बेलै त द्वापर् युग साँझ नै त्यो ।
सङ्घर्ष छीचोलि रमाउने त्यो ॥

(५०)

हरेक पेशा गरि जीवनैमा ।
बाँचीरहेका सब मानिसैमा ॥
रमाइलो खोज्छ कतै कहीं नै ।
रमाइलो साँझ यही पख नै ॥

(५१)

भुलेर सारा दुःख कष्ट येसै
क्षमा पृथ्वीले नि गरे त जस्तै ।
दुश्मन् सवैलाइ गरेर क्षमा ।
झुम्नू छ साँझैभरि भै खुशीमा ॥

(५२)

सारा दुःखै दर्द भुलेर हाँसी ।
कुनै दुःखैले नहुने त मस्ती ‼
एकै त मस्ती सबको दबाई ।
दवाइले राख्छ जिवन् सजाई ॥

(५३)

नाच् ज्ञान् जसोरी नहुने रसीलो ।
प्रेम-प्यार जेसोरी नहुने कसीलो ॥
यि सब् हुने साँझ त द्वापरैमा ।
स्वाद् जीवनैको युग द्वापरैमा ॥

(५४)

जती सक्यो लुट्न लुटी यि बेला ।
यहीँ त बेला नलुटे अबेला ॥
पर्खिन्न कोही कसलाइ यस्तो ।
फर्किन्न खोला बगिको त जस्तो ॥

(५५)

काम् कुन बेला गरने भनेरै ।
बेला अनूसार गरे सबेरै ॥
पानी परेसी गगनै खुले झैं ।
हुने छ जीवन् फक्रेको गुलाबै ॥

(५६)

बादल् जसोरी भयरै त कालो ।
लाग्दैन जीवन् कहिल्यै उकालो ॥
ति चाँदनी साँझ जसोरि हाँसी ।
बाँचौ रमाई प्रिति प्रेम गाँसी ॥

(५७)

सत्ये युगैमा सुतदै बिताई ।
लड्नै सकीदैन त राम जस्तै ॥
रामै जसोरी नसकी त लड्नै ।
सकिन्न रम्नै त हरि नि जस्तै ॥

(५८)

रमाइलो साँझ बनाउनै ता ।
रामसरी लड्नु त पर्छ कम्ता ॥
लडेपछी वीजय प्राप्त हुँदा ।
तनै मनै हुन्छ सबै हलुका ॥

(५९)

उदासि मन् जीवनको पतन् त्यो ।
खुशी भने उन्नतिको पथै त्यो ॥
हाँसी, झुमी, नाचि भुलेर बेथा ।
भरिन्छ ऊर्जा यसरी त यता ॥

(६०)

रमे त कृष्णै पनि खेलि लीला ।
ज्ञान्, शील् सबै नै यि सहीत पूरा ॥
जिवन् पनी एक लिला त हो नी ।

नबूझि बीताय दुःखै त हो नी ॥

(६१)

मानीसको मुख्य त लक्ष्य खूशी ।
धनै कमौनू हुनलै त खूशी ॥
पदै कमौनू हुनलै त खूशी ।
सबै कमौनू हुनलै त खूशी ॥

(६२)

खुशी न हुने पदमा धनैमा ।
खुशी त हुने सँतोष मनैमा ॥
पारेर सारा खुशि प्रीति साटौँ ।
स्वर्गीय आनन्द निखारि बाँचौँ ॥

(६३)

खुशी र आनन्द यि जीउनूको ।
सार् जिन्दगीको यऊटै त हो त्यो ॥
त्यो सार प्राप्तै त हुने यही ता ।
चार् यूग मध्ये युग हो त यै ता ॥

(६४)

खोलेँ रहस्यै सबतीर खोजी ।
त्रेता युगैको त प्रमाण भेटी
औँला दशै जोडि गरेर विन्ती ।
बुझी दिनै पर्छ कृतज्ञ भै ती ॥
(इति : द्धापर युग )

## ४.५ भाग : ४ (कलि युग)

(१)
राती नवै बजेदेखि, सुरु हुन्छ कलीयुग ।
भोलि मिरमिरेसम्म चल्छ कालो कलीयुग ॥

(२)
सुन्दर युग द्वापर, पछि सुरु कलीयुग ।
कृष्णा लिला सकेरै त, सुरु हुन्छ कलीयुग ॥

(३)
ओइलाए जसोरी त, सयपत्री फुलैसरी
हुने हो त्यै झरेको त, रूखैको पात जस्तै ती ॥

(४)
हुन्छ जीवन जेठैको, घामले पोलिए सरी ।
रङ्गहीन रसैहीन, कलि युगभरै त यी ॥

(५)
प्रभात भो दिऊँसो भो, ढलेरै साँझ भो कलि
रहनुपर्छ जड् झैं त, नगरी त खली बलि ॥

(६)
कुनै शुभ भलो हुन्न, कालो कलिभरी उठी ।
अँध्यारो अन्धकारै त्यो, काटौं नविउँझी सुती ॥

(७)
सबै मानिसले बोक्छन्, पापभारी उसैगरी ।
खराब असलै काम, गर्दा हुन्न कसैगरि ॥

(८)
भरी आकाश धर्ती मै, कालो विनाश छाउने ।
थोरै हुन्छन् धर्ती मै धर्मको गीत गाउने ॥

(९)
मानिस यै युगैका त, पापी र अपराधि सब् ।
धर्मती एक भाग हुने, तीन भाग् त अपराधि सब् ।

(१०)
मात्रै राक्षस दैत्ये त, नभै सारा मनुष्य ती ।
बोकेर पापको भारी, झर्छन् नरकै त ती ॥

(११)
जतातत्तै त अन्याय, अत्याचार सुनिन्छ है ।
पापको डर् कसैमा नि, एक रक्ति हुँदैन है ।

(१२)
नलिऊँ अरूको केही, भन्थे सत्ये युगै भरि ।
लिऊँ सब्बै नराखी है, भन्छन् कलियुगै भरि ॥
(१३)
रिस, राग अहंकार, युगैभरि गरी सब ।
नाशिन्छन्, मासिँदै छन् त लडी आपसमा सब ॥
(१४)
पाप र धर्मको हिसाब्, नराखी अघि सर्छ नै ।
देख्छन् अगाडिको मात्र, पछि सड्छन् कुहेर नै ॥
(१५)
कंस-रावण यौटै त भेटिन्थे अरू युगमा ।
कंस-रावण घर घरमा भेटिन्छन् यस युगमा ॥
(१६)
त्यसैले त ठगी चोरी, पाप हिंसा जता पनि ।
राम, कृष्ण, सत्ये सब, भेटिदैन कतै पनि ॥
(१७)
चिनीमा कमिला भुली, भुली भ्रमर फूलमा ।
व्यभिचारीहरू भुल्छन्, भुल्छन् घृणित भूलमा ॥
(१८)
भुल्छन् सत्यं युगैमा त, सत्यको काखमा बसी ।
भुल्छन् कलियुगैमा त, झुटैको काखमा बसी ॥
(१९)
सत्य कर्म र बोली त्यो, गरी खुशी हुनू कता ?
रोज्छन् पापै गरी हुनु, खुशी खुशी सबै यता ॥
(२०)
सजिलो  पापको बाटो, बाटो कठिन पुण्यको ।
सजिलो रोज्छ अल्छीले, उद्यमीले कठिनको ॥
(२१)
कमौछन् धन् सबैले त, पापै गरी-गरी उस्तै ।
कमाछन् धन् कर्मैले त, पुण्य गरी-गरी कमै ॥
(२२)
सोझो अङ्गुठिले घीउ, आउँछ चाट्न मात्र नै ।
बाङ्गो पारी घिउ लुटी थुपार्छन पापि दुष्ट नै ॥
(२३)
प्रकृतिले सबैलाई बराबर दिए पनि ।
घुमाई अरूको भाग, खोसी बन्छन् खुबै धनी  ॥
(२४)

शोषण अन्याय वीना त, कोही हुन्नन् धनी धनी ।
भई धनी दिने दुःख, गरीब्लाई गनी गनी ॥

(२५)

भगवान् पनि फेरिन्छ, युग अनुसार नै त्यो है ।
मानिस् पनि हुँदा रैछ, युग अनुसार नै त्यो है ॥

(२६)

एउटै वर्गका धेरै, प्रजातिहरू हुन्छ है ।
कोही ठुलो कुनै सानो, प्रकृतिमा त हुन्छ नै ।

(२७)

मानिस् सत्य युगैको त सत् सत् मा नै बस्छ सब् ।
मानिस् कलियुगैमा त, पाप् पाप्मा नै त बाँच्छ सब् ॥

(२८)

सुन्दर्, सत् युगमा सेतो, कालो कलियुगैभरि ।
थुपार्छन् धन कालै त, पाप कर्म गरी-गरी ॥

(२९)

माया, दया र सेवा त मानिसमा हुने सबै ।
समता-सहभाव त मानिसमा हुने सबै ॥

(३०)

त्यसैले नै त मानीस, नत्र के को पशुसरि ।
रूपमा मात्र मानीस, नत्र पशु कठैबरी ॥

(३१)

मानवता हराएसी के को मानव हूनु हो ?
पशु, राक्षस् र गुजी यि भन्दा बढ्ता के हो र त्यो ?

(३२)

गधा, कुकुर, गोरू नै, भनी गाली गरीकनै ।
सक्कली रूप देखाई दिन्छन् नक्कलि खोलि नै ॥

(३३)

कहीं कतै त इज्जत् त्यो, छैन कलियुगै भित्र ।
न छोराले न छोरीले, टेर्छ यस युगैभित्र ॥

(३४)

पुर्पुरो ठोकी बाँच्नु छ, दिक्क भै कलियुगमा ।
लथालिङ्ग, जतातत्तै तनाव् कष्ट हरेकमा ॥

(३५)

विद्यार्थीले न मान्छ त गुरु शिक्षक नै गनी ।
दुश्मन् साँध्छन् त्यसोरी नै, कालो कलियुगै बनी ॥

(३६)

न बिश्वास साथिसँगीको, त आफन्तभित्र त यो ।

कति विगविगी जीवन् यो, ए हरे ! कलियूगको ॥

(३७)

सबैभन्दा जिवन् दुःखी कलिमा अरू मध्यमा ।
सबैभन्दा त रोग् ब्याधी, हत्या हिंसा यि कालमा ॥

(३८)

बाघ भालु त के हो र, मान्छे, मान्छेसितै डर ।
कुन बेला शिकार् हूने, हुँदै हुन्न कुनै भर ।

(३९)

के हिंस्रक र बाघ् भालु, मानिसको अगाडि त ।
त्यति हिंस्रक मानीस, कलि-जीवनमा नि त ॥

(४०)

घरेलु हिंस्रकैदेखि, विश्व हिंस्रक हुन्छ याँ ।
शब्द बम्देखि आणैविक्, बम् पड्कन्छ, यि यूगमा ॥

(४२)

अघाएपछि बाघ् भालु, हिंसा गर्दैन कत्ति नि ।
अति खायो त्यती मानिस्, झन् हिंसा गरि हीँडने ॥

(४३)

यही कलियुगै हो त, पिता छोरी न भन्छ छिः ।
यही कलियुगै हो त, छोरा माता न भन्छ छिः ॥

(४३)

अमानवीयताको त चरमविन्दुमा पुगी ।
स्खलित भयरै यो युग्, सत् सत्य युग् सुरु हुनी ॥

(४४)

ऋण लिंदा नदी जस्तै, विनम्र हुन्छ मानिसै ।
तिर्दा त खहरे जस्तै, जङ्गिन्छ त्यसै त्यसै ॥

(४५)

नियम् कानुन उल्लंघन्, बढी हुने कलीयुग ।
कालो धन्दा र भ्रष्टाचार्, को साम्राज्य यही युग ॥

(४६)

नेता, कलियुगैका त भ्रष्टचार मस्तिमा डुवी ।
मार्छन जनतालाई, जनताकै रगत् चुसी ॥

(४७)

नेता, पुजारि, ऋषि र, गुरु-भिक्षु नि नक्कली ।
यो कलियुगमा काहाँ, खै के छ र नि सक्कली ?

(४८)

कुहेको फुल जस्तै त, बाहिरबाट मानिस ।
भित्र कुही गनाऊने, बाहिर सुकुमार त ॥

(४९)
प्रविधि र विज्ञानैको विकास अति धेर् हुने ।
धर्ती छाडी मनुष्यै त, ब्रम्हाण्डमा डुलिरने ॥
(५०)
सर्वसुलभको लागि, जन्मिएको विज्ञानले ॥
विनाश मात्र गर्दै छ, कलिका त मनुष्यले ॥
(५१)
मनुष्य हितका लागि, आविष्कार् र विज्ञानले ।
गर्दैछ ध्वस्त पृथीवी, उल्टो विचार ज्ञानले ।
(५२)
बन्चरो हानि खुट्टामा, आफै दुःखी हुने त को ?
दुष्ट मन भएका ती, कलिका बलि नर् त हो ॥
(५३)
विज्ञानको चमत्कारै, चमत्कारले खुशी नभै ।
व्यवहार पशुको भ्कैँ, गरी खुशी हुँदै छ है ॥
(५४)
विज्ञानको चमत्कारै, लाग्दैन काम उसैगरी ।
मानिस कलियुगैको भएपछि जसैगरी ।
(५५)
यसै कालो उसै कालो, कालै कालो कलीयुग ।
अन्धकार सर्वतीर, चक्रमन्न कलीयुग
(५६)
चकमन्न कलीमा नै उठेर वस्नु हुन्न है ।
सुत्ने युगै कलीयूग, उठे विनाश हुन्छ है ॥
(५७)
यसैले अन्धकार्लाई मानियो त कलीयुग ।
कल्कि त्यो अवतार् लीई, हुन्छ भष्म कलीयुग ॥
(५८)
विराट् शक्ति र रूपै ली, कल्कि नै अवतारले ।
अन्धकार चिरी सारा, उज्यालो ज्योति ल्याउने ॥
(५९)
सबै चारै युगैका त, युगनायक कल्कि हुन् ।
घनघोर ति अन्याय, मेटौने कल्कि नै त हुन् ॥
(६०)
सारा कलियुगैका ती, राक्षस्-दैत्य वधै गरी ।
अवतार् कल्किले सत्य, शान्ति ल्यौं छ उसैगरी ॥

(६१)
चमत्कार भगवानैको, गर्छन् मानिसले यहाँ ।
मानिस भगवानै हो, बिर्सन्छन् पो र उफ् यहाँ ॥
(६२)
कल्किले शान्ति ल्याए झैं, शान्त भएर सूतनु ॥
सत्यानाश् हुनकै लागि, अनिंद् भै किन ऊठनु ?
(६३)
कलिरात त शान्तै भै सुत्नकै लागि हो भनी ।
नविर्सनू कुनैबेला, हुन्छ पतन् उसै पनी ॥
(६४)
भर् थेक् अरू युगैको त, जस्तै यस् युगको पनी ?
नियम् पालन गर्नै त पर्छ यस् युगको पनी ॥
(६५)
राति नवै बजेदेखि, बिहान् चार् बजिसम्म त ।
मस्त निदाइ लूकी त, कलि विनाशि युग्-सँग ॥
(६६)
रातैभरि उठी बस्ने भूत-प्रेत, मसान हो ।
रातैभरि उठी सङ्गत्तै, नगरौँ  किचकन्निको ॥
(६७)
किच्कन्याको त सङ्गतै, गरे चल्छ, जिवन् उँधो ।
पाइला किचकन्याको उल्टो हुन्छ यसै त त्यो ॥
(६८)
रातैभरि चलाऊन, मोबाइल टि.भी. अब ।
मसान भूत-प्रेत र, किचकन्नि त हुन् सब ॥
(६९)
किच्कन्याको वशैमा त, परी बिगारि घर्जमै ।
बनाए त घरैको न, घाटैको नर्क जीवनै ॥
(७०)
निदाउनु त रातैमा, दिनमा रत्ति होइन ।
रातमा उठनेको त, हुन्न शुभ कुनै दिन ॥
(७१)
हुन शुभ दिनैपिच्छे, रातमा मस्त सूत है ।
सबथोक् नै त हो नीद, भनीकन त बूझ है ॥
(७२)
स्वास्थ्य, सम्पत्ति, सुखै त्यो, निद्रा बुझौं कसैगरी ।
रातको मस्त निद्रा त्यो, विना हुन्न जसैगरी ॥

(७३)
एक रात अनीदो भै, हेर कस्तो हुँदो त यो ।
धेरै रात अनीदो भै, खेर जान्छ जिवन् त यो ॥
(७४)
एक रात अनीदोले, जान्छ स्मरण शक्ति त्यो ।
धेरै रात अनीदोले, जान्छ पाचन शक्ति त्यो ॥
(७५)
पाचन र स्मरण् शक्ति, गै कमिन्न धनै त यो ।
बरू, सारा जिवन् नै त, खरानि बन्छ बूझ त्यो ॥
(७६)
सुन्दर् स्फूर्ति जिवन् भोलि, बन्ने आधार् कलीयुगै ।
वेवास्ता गरि यस्लाई, नसडौँ नर्कमा पुरै ॥
(७७)
जिन्दगी स्वर्णिमै देख्न, सदुपयोग गरौँ कलि ।
सदुपयोग् गरेरै त्यो, चढ्नु पर्दैन है बलि ॥
(७८)
शानदार् जिन्दगीको त्यो, आधार्-जग कलियुगै ।
कलिलाई गुनी बूझी, प्रवेश् गरौं सतेयुगै ॥
(७९)
कति गर्न सकँ प्रष्ट, कति खोलें रहस्य त ।
सनतोष भए ताली, बजाई ज्ञान बुझ्नु ल ॥
इति - कलि युग

# पााचौा परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत सिर्जनापत्र पाँच परिच्छेदमा विभागन गरिएको छ । जसअन्तर्गत पहिलो परिच्छेदमा विषयपरिच, समस्याकथन, उद्देश्य, सिर्जनाको औचित्य, सिर्जनाको सीमाङ्कन, सिर्जनाविधि र सिर्जनापत्रको रूपरेखाको समावेश गरिएको छ ।

दोस्रो परिच्छेदमा खण्डकाव्यको सैद्धान्तिक परिचय तथा नेपाली खण्डकाव्यको विकासक्रम समावेश गरिएको छ । त्यस परिच्छेदमा खण्डकाव्यको परिचय, खण्डकाव्यको स्वरूप र परिभाषा, खण्डकाव्यको तत्व र खण्डकाव्यको प्रकाहरूको सैद्धान्तिक धारणा उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेदमा पाँच जना नेपाली सुपरिचित खण्डकाव्यकार र तिनका खण्डकाव्यको व्याख्या र विश्लेषण गरिएको छ । जसअन्तर्गत लेखनाथ पौड्यालको गंगावतरण, लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, माधव घिमिरेको राष्ट्रनिर्माता, वासुदेव त्रिपाठीको अर्द्धनारीश्वर र कञ्चन पुडासैनीको प्रत्यागमनको शीर्षकमा खण्डकाव्यको अध्ययन गरिएको छ ।

चौथो परिच्छेदमा *एक दिन : चार युग* खण्डकाव्यको विभिन्न भागहरू भाग-१ (सत्ययुग), भाग-२ (नेत्रायुग), भाग-३ (द्वापरयुग), भाग-४ (कलियुग) विषयको आधारमा कविता सिर्जना गरिएको छ ।

पाँचौं परिच्छेदमा सारांश तथा निष्कर्ष राखिएको छ र अन्त्यमा सन्दर्भ सामग्रीसूची समावेश गरिएको छ ।

## ५.२ निष्कर्ष

नेपाली खण्डकाव्यले पृष्ठभूमिदेखि हालसम्म विभिन्न कालखण्ड र धाराहरू पार गर्दै आधुनिककाल, अहिलेको अवस्थामा आइपुगेको छ र महत्वपूर्ण उपलब्धी हाँसिल गरिसकेको छ । पृष्ठभूमिदेखि प्राथमिककाल, माध्यमिककाल र आधुनिककालसम्म आइपुग्दा विभिन्न धाराहरू देखापरेका छन् । यी धाराहरूले नेपाली खण्डकाव्यहरूलाई विकसित गर्नु ठुलो योगदान दिएको छ । नेपाली खण्डकाव्यलाई सफल, सबल र उच्च बनाउन विशेष भूमिका खेलेको छ ।

प्राथमिक कालमा वीरधारा र भक्तिधारा फस्टाएको थियो भने माध्यमिक कालमा श्रृङ्गारिक धाराले वर्चस्व जमाएको थियो भने आधुनिककालमा परिष्कारवाद, स्वच्छन्दवाद- प्रगतिवाद र समसामयिकवाद हावी भएको पाइन्छ । माथि विवेचना गरिएका खण्डकाव्यहरू नेपाली खण्डकाव्य विधामा बहुचर्चित, स्तरीय र गहकिला छन् । जसले नेपाली खण्डकाव्य विधालाई मात्र होइन सिङ्गो नेपाली साहित्य आकाशलाई फराकिलो बनाएका छन् ।

'गङ्गावतरण'मा आफू असैह्य पीडा कष्ट खपेर मानव सभ्यता, मानव रक्षा र मानव विकासको लागि लागिपर्ने महान व्यक्तिहरू महान् रक्षक र वात्सल्यप्रेमले भरिएको चर्चा गर्दै त्याग, बलिदानको महिमागान गरिएको छ भने 'मुनामदन' मा धन र मनको द्वन्द्व गराउँदै मानवतावादी दृष्टिकोण देखाएका छन् । त्यस्तै राष्ट्रनिर्मातामा राष्ट्रवादी भाव पोखिएको छ । सिङ्गो, अखण्ड राष्ट्र बनाई, देहानन्दको लागि भन्दा राष्ट्रको अस्तित्व जोगाउनको लागि सदा अटल रहनुपर्छ भन्ने राष्ट्रवादी चेत व्यक्त भएको छ ? 'प्रत्यागमन' खण्डकाव्यमा जीवन र जगत छताछल्ल र अस्तव्यस्त भएको आफ्नै कारणले हो, आफ्नै खराब कर्मले हो, त्यसैले त्यो खराब कर्म छाडी असल बाटो र असल कर्ममा फर्कौं भन्ने व्यक्त भएको छ । त्यस्तै अर्ध नारीश्वरमा मानवको अस्तित्वमा नारी र पुरुषको आकर्षण र समागमको भूमिका रहेको छ र एकअर्काको अस्तित्व र भूमिकाले सृष्टि चलेको छ भन्ने कुरा कलात्मक र सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । यसरी यी खण्डकाव्यहरूबाट अस्तित्ववाद, जीवनवाद, नारीवाद, राष्ट्रवाद, मानवतावादका दीपहरू प्रज्वलित भइरहेका छन् ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, टीकाराम (२०४०),*महाकवि कालिदास,* काठमाडौँ : साझा प्रकाशन ।

अधिकारी, सुशीलचन्द्र (२०५८), *असिनाको पहाड* (कविता सङ्ग्रह)

आचार्य, गोविन्द (२०५५), *राप्ती* (खण्डकाव्य), (अप्रकाशित स्नातकोत्तर सिर्जनापत्र), त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर काठमाडौँ ।

उपाध्याय, केशवप्रसाद (२०४९), *साहित्य प्रकाश* (पाँचौँ संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९),*रिमाल: व्यक्ति र कृति* (तेस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

घिमिरे, माधव (२०३०), *राष्ट्रनिर्माता,* काठमाडौँ : साझा प्रकाशन ।

चापागाईं, नरेन्द्र (२०३८), *केही कृति: केही प्रतिकृति,* काठमाडौँ : साझा प्रकाशन ।

जगन्नाथ (सज् १९८८),*रसगङ्गाधर* (तेस्रो संस्क.), वाराणसी : चौखम्बा सुरभारती ।

तिमसिना, डिल्लीराम (२०३०), *काव्य मीमांसा,* (नेपाली अनुवाद), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०४८), *पाश्चात्य समालोचनाका सैद्धान्तिक परम्परा,* भाग - १, काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज तथा सुवेदी, केशव, (सम्पा.), (२०५४),*नेपाली कविता,* भाग ४, काठमाडौँ : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५२), *मुनामदन* (एक्काइसौँ संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

न्यौपाने, टंकप्रसाद (२०३८), *साहित्यको रूपरेखा,* काठमाडौँ : साझा प्रकाशन ।

पुडासैनी, कञ्चन (२०५०), *प्रत्यागमन* (तेस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०५०), *राष्ट्रभाषा* (नवौँ संस्क.), काठमाडौँ : साझा प्रकाशन ।लेखनाथ पौड्याल, लेखनाथ (२०७४),*ऋतुविचार* (सत्ताइसौ संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

मिश्र, मधुसूधन (सन् १९५९), *काव्य मीमांसा,* वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस ।

रिसाल, राममणि (२०४३), *नेपाली काव्य र कवि* (चौथो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

विश्वनाथ (सन् १९९१), *साहित्य दर्पणम्* (छैटौँ संस्क.), वाराणसी : चौखम्बा सुरभारती ।

शर्मा, तारानाथ (२०४०), *समसामयिक साझा कविता,* काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम तथा शर्मा, मोहनराज (२०४९), *नेपाली साहित्यको संक्षिप्त इतिहास* (चौथो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, शेखरकुमार (सन् २०२३), वासुदेव त्रिपाठीको अर्धनारीश्वर काव्यमा पौरस्त्य दर्शन, https://www.samakalinsahitya.com/sahitya/details/7796

सिग्द्याल, सोमनाथ (२०२८, *साहित्य प्रदीप* (दोस्रो संस्क.), काठमाडौँ : पुस्तक संसार ।